


नेपाल
नेपाली मनको नेपाली पत्रिका
समाचारपत्र
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

» बुधबार, फागुन २३, २०७४ » Wednesday, March 7, 2018 » www.newsofnepal.com » नेसं ११३८ चिल्लागा ६ » वर्ष २४, अंक ५६ » पृष्ठ १२ » मूल्य रू १०/–




# 'विगतको गल्ती दोहोऱ्याउँदैनौं'

## सुशासन र विकास अबका मुख्य एजेन्डा भएको नेताहरूको दाबी

गंगा बराल, काठमाडौं

राजनीतिक दलका प्रमुख नेताहरूले अब सुशासन र विकासमा आफूहरूको ध्यान केन्द्रित हुने बताएका छन्।

प्रतिनिधिसभाको मंगलबार बसेको बैठकमा दलका नेताहरूले विगतमा गरेका गल्ती र कमजोरीलाई सच्याएर नयाँ ढंगले अघि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन्। पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल, शेरबहादुर देउवा र पुष्पकमल दाहालले विगतमा जस्तै दलहरूबीच एकता र सहमति कायम हुनेमा जोड दिएका थिए। बैठकको शुरूमा बोल्दै पूर्वप्रधानमन्त्री नेपालले दोस्रो संविधानसभाबाट जनचाहनाबमोजिम संविधान बनाउन सकेकोमा जनताका साथै राजनीतिक नेतृत्वसमेत बधाईको पात्र भएको बताउनुभयो।

एमाले अध्यक्षसमेत रहनुभएका केपी शर्मा ओलीको नेतृत्वमा बनेको सरकारले विपक्षीलाई पनि सँगसँगै लिएर जानुपर्ने र विपक्षीले पनि पुरानो मानसिकताभन्दा माथि उठेर सरकारलाई सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। नेपालले प्रधानमन्त्री ओलीको प्रशंसासँगै केही आशंका र आइपरेका खतराबारे पनि सचेत रहन ध्यानाकर्षण गर्नुभयो।

कांग्रेस सभापति तथा संसदीय दलका नेता शेरबहादुर देउवाले आफ्नो नेतृत्वको सरकारले असहज अवस्थामा पनि निर्वाचन गराएकामा खुसी लागेको बताउनुभयो।

प्रधानमन्त्री ओलीलाई बधाई दिँदै उहाँले ओलीले अन्तिम समयमा आउँदा पनि यो सरकारले चुनाव गराउँदैन भनेर आलोचना गरिरहेकोमा दुखेसो व्यक्त गर्नुभयो।

पूर्वप्रधानमन्त्री देउवाले सधैं विरोध गर्ने आफूहरूको मानसिकता नभएको भन्दै सरकारलाई सहयोग गर्ने प्रतिबद्धता गर्नुभयो।

वर्तमान सरकारले संविधान संशोधन गर्छु भनेर अघि बढेकामा खुसी लागेको बताउँदै देउवाले संविधान संशोधन राष्ट्रहितको विपक्षमा छैन भन्नेमा आफू ढुक्क भएको बताउनुभयो। यसअघिको देउवा सरकारले संविधान संशोधन गर्ने तयारी गर्दा संविधान संशोधन राष्ट्रघाती भएको भन्दै एमालेलगायत अन्य विरोध गरेका थिए।

नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहालले संघर्ष र बलिदानका कारण अहिलेको उपलब्धि हासिल गरेकाले यसलाई बचाइराख्न चुनौती भएको बताउनुभयो।

उहाँले राजनीति, कर्मचारी, सुरक्षा, राज्य व्यवस्थामा खराब भावना जागेकाले यसको मुहानैदेखि स्वच्छ बनाए मात्र भविष्यमा आशावादी हुन सकिने बताउनुभयो। उहाँले भन्नुभयो- 'अब आन्दोलन र संघर्ष गर्नुपर्ने दिन सकिएको छ, परिवर्तनलाई संस्थागत गर्दै जनताको चाहनालाई सम्बोधन गर्नुपर्ने दायित्व वाम गठबन्धनको काँधमा आएको छ।'

राष्ट्रिय जनता पार्टीका नेता राजेन्द्र महतोले संविधान जारी गर्दा मधेसमा आन्दोलन भएको र सबैले संविधानलाई अस्वीकार गरेको बताउनुभयो। महतोले हिन्दीमा बोल्नुभएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

### सभामुख र अध्यक्षको निर्वाचन मिति तोकियो

प्रतिनिधिसभाको सभामुख र राष्ट्रियसभाको अध्यक्षका लागि निर्वाचन कार्यतालिका प्रकाशन गरिएको छ। संघीय संसद् सचिवालयले मंगलबार दिउँसो दुवै सदनका लागि निर्वाचन मिति तोकेको हो।

सभामुखको निर्वाचन २६ गते शनिबार र अध्यक्षको निर्वाचन ३० गते हुँदै छ। सभामुखका लागि शुक्रबार १० बजेदेखि १ बजेसम्म संसद् सचिवालयमा निवेदन दिनुपर्नेछ। उम्मेदवारको नामावली सचिवालयले साढे १ बजे प्रकाशित गर्नेछ। शनिबार १ बजे बस्ने सभामुखको निर्वाचन हुनेछ।

त्यस्तै राष्ट्रियसभाको अध्यक्षका लागि २८ गते सोमबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म संसद् भवन नयाँ बानेश्वरमा निवेदन दिनुपर्नेछ।

उम्मेदवारको नामावली सचिवालयले साढे १ बजे प्रकाशित गर्नेछ। ३० गते दिउँसो १ बस्ने बैठकले अध्यक्ष चयन गर्नेछ। संविधानमा संसद्को पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख र अध्यक्षको निर्वाचन गरिसक्नुपर्ने व्यवस्था छ।

### मस्यौदा समिति गठन

प्रतिनिधिसभा नियमावली बनाउन दुवै सदनमा मस्यौदा समिति गठन गरेको छ। प्रतिनिधिसभाले कृष्णभक्त पोखरेल, जुलीकुमारी महतो, दिलेन्द्रप्रसाद बडु, देवप्रसाद गुरुङ, प्रेम सुवाल, वृजेशकुमार गुप्ता, मीनबहादुर विश्वकर्मा, मीनेन्द्र रिजाल, रवीन्द्र अधिकारी, रेखा शर्मा, लक्ष्मणलाल कर्ण, बिन्दा पाण्डे र विमलप्रसाद श्रीवास्तव रहेको समिति गठन गरेको छ।

त्यसैगरी राष्ट्रियसभाको नियमावली मस्यौदा समिति गठनका लागि खिमलाल भट्टराईले प्रस्ताव पेस गर्नुभएको थियो। भट्टराईको प्रस्तावलाई कांग्रेसका प्रकाश पन्थ र माओवादीका कालिबहादुर मल्लले समर्थन गर्नुभएको थियो। राष्ट्रियसभामा गणेशप्रसाद तिमिल्सिना, परशुराम मेघी गुरुङ, दिलकुमारी रावल थापा (पार्वती), सुरेन्द्रराज पाण्डे, राधेश्याम अधिकारी, दीनानाथ शर्मा, जीवन बुढा, वृशेषचन्द्र लाल र प्रमिला कुमारी रहेको ९ सदस्यीय समिति गठन गरेको छ।

संविधानको धारा १०४ मा 'संघीय संसद्को प्रत्येक सदनले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र समितिहरूको गठन, काम कारबाही र कुनै सदन वा समितिको कार्यविधि नियमित बनाउने छ।' भनिएको छ। दुवै समितिले सभा प्रमुखको सामान्य निर्देशनमा रही १ महिनाभित्रमा कार्यविधि बनाइसक्न समयसीमा तोकिएको छ।

# संघीय संसद् र प्रदेशसभाका लागि छुट्टाछुट्टै मतपत्र

सुनील महर्जन, काठमाडौं

राष्ट्रपतिको निर्वाचनमा संघीय संसद् र प्रदेशसभाका लागि छुट्टाछुट्टै मतपत्र प्रयोग हुने भएको छ। निर्वाचन आयोगका अनुसार संघीय संसद् सदस्य मतदाताका लागि निलो र प्रदेश संसद् सदस्य मतदाताका लागि रातो रङको मतपत्र प्रयोग हुनेछ। आयोग मतदाता संख्याअनुसार दुई रङको मतपत्र छाप्ने तयारीमा रहेको छ।

राष्ट्रपतिको निर्वाचनका लागि प्रदेशसभाका तर्फबाट ५ सय ५० सदस्य छन् भने संघीय संसद्अन्तर्गत प्रतिनिधिसभामा २ सय ७५ र राष्ट्रियसभामा ५९ सदस्य गरी कुल ८ सय ८४ सदस्य रहेका छन्। राष्ट्रपति निर्वाचनका लागि निर्वाचन

**राष्ट्रपति निर्वाचन**

आयोगले मतदाता नामावली सोमबार सार्वजनिक गरेको थियो। नामावलीमा संघीय संसद्का ३ सय ३१ र प्रदेशसभा संसद्का ५ सय ४९ जना गरी राष्ट्रपति निर्वाचनमा ८ सय ८० जना मतदाताको मात्र नाम रहेका छन्।

आयोगले केपी शर्मा ओली नेतृत्वको सरकारले राष्ट्रियसभामा मनोनित गरेका ३ जना र मनाङबाट निवार्चित प्रदेश सांसद राजीव गुरुङ (दीपक मनाङे)को नाम मतदाता नामावलीमा राखेको छैन। शेरबहादुर देउवा नेतृत्वको सरकारले मनोनित गरेका ३ जनाको नाम फिर्ता लिएर ओली सरकारले डा. युवराज खतिवडा, रामनारायण बिडारी र विमला पौडेललाई राष्ट्रियसभामा मनोनितका लागि राष्ट्रपतिलाई सिफारिस गरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)




# नक्सापास नै नगरी भवन बनाउँदै त्रिवि

ईश्वरराज ढकाल, काठमाडौं

त्रिभुवन विश्वविद्यालय परिसरमा निर्माणाधीन उपकुलपति, रेक्टर, डीन कार्यालयलगायतका निकायले भवन बनाउँदा नक्सापास नगरेको भेटिएपछि कीर्तिपुर नगरपालिकाले तत्काल नक्सापास गर्नुपर्ने जनाउँदै पत्र पठाएको छ। त्रिविले हालसम्म निर्माण गरेका कुनै पनि भवनको नक्सापास गरेको छैन।

नक्सापास नगरी धमाधम भवन निर्माण गर्न थालेपछि कीर्तिपुर नगरपालिकाले कारबाही प्रक्रिया अघि बढाउन लागेको हो। त्रिविका रजिस्ट्रार डिल्लीराम उप्रेतीले त्रिविमा हालसम्म निर्माण गरिएको कुनै पनि भवनको नक्सापास नगरेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो- 'बल्ल जानकारी भयो, अब प्रक्रियामा जानेछौं।'

केही महिनाअघि कीर्तिपुर नगरपालिकाले पत्र पठाएर हाल निर्माणाधीन र निर्माण हुने क्रममा

**नक्सापास नगरे भवन निर्माण रोक्ने चेतावनी**

रहेको सबै निकायको नक्सा स्वीकृत लिए वा नलिएको विवरण माग गरेको छ।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले नक्सापास नै नगरी भवन बनाउन थालेपछि पत्र पठाएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'हामीले अनुगमन गऱ्यौं, नक्सापास नभएको फेला पारेपछि पत्र पठाएका हौं।' उहाँले नक्सापास नै नगरी भवन बनाउन नदिने जनाउँदै प्रक्रिया पुऱ्याउन आग्रह गर्नुभएको छ।

हामीने नक्सापास नै नगरी भवन निर्माण गरेको जानकारी पाएपछि पत्र पठाउँदा त्रिविले उकपुलपति, रेक्टर र डीन कार्यालयले नक्साको सेट पठाएको मेयर महर्जनले बताउनुभयो। बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२ अनुसार स्थानीय तहबाट नक्सापास नगरी भवन निर्माण गरे स्वीकृति दिने कार्यालय प्रमुखलाई नै कारबाही गर्न सक्ने व्यवस्था छ।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

भूकम्पीय आवास पुनर्निर्माण आयोजना जिल्ला आयोजना कार्यान्वयन इकाइबाट प्राप्त तथ्यांकअनुसार दोलखा जिल्लामा सर्वेक्षणबाट पहिचान भएको ५१ हजार ९ सय ४० र गुनासो सुनवाइबाट थप भएको १० हजार ८ सय ९३ गरी ६२ हजार ८ सय ३३ भूकम्पपीडित रहेका छन्।



# फास्ट ट्र्याक निर्माणमा स्थानीयको अवरोध

सुरेश तामाङ, ललितपुर

काठमाडौंसँग मधेस जोड्ने द्रुत मार्ग (फास्ट ट्र्याक) आयोजनामा स्थानीयले अवरोध सिर्जना गरेका छन्। ललितपुरमा जिल्लाको खोकनामा स्थानीयले मुजब्जाको विषयलाई लिएर अवरोध सिर्जना गरेका हुन्। पुरातात्त्विक र ऐतिहासिक सम्पदा जगेर्ना गर्नुपर्ने, खेतीयोग्य जग्गाको उचित मुअब्जा पाउनुपर्नेलगायतका माग राख्दै शुरुदेखि नै स्थानीयले फास्ट ट्र्याकको ट्र्याकसम्म खोल्ने काममा अवरोध गर्दै आएका छन्।

स्थानीयले माग राख्दै दर्जनौंपटक ललितपुरका प्रमुख जिल्ला अधिकारी, प्रधानमन्त्रीको कार्यालय, राष्ट्रपतिको कार्यालय, क्षेत्रीय प्रशासक समक्ष धाइसकेका छन्। स्थानीयको अवरोधकै कारण फास्ट ट्र्याकको ललितपुरतर्फको डुकुछाप-बुङमती-खोकना खण्डको ८ किलोमिटर ट्र्याक खोल्ने कार्य अगाडि बढ्न सकेको छैन।



आफ्नो माग सम्बोधन नभएसम्म फास्ट ट्र्याक निर्माणको काम अगाडि बढाउन नदिने पक्षमा स्थानीय देखिएका छन्। फास्ट ट्र्याक निर्माणका लागि नेपाली सेनाको एक टुकुडी गएको १८ गते क्याम्पसमेत खडा गरिरहेको छ। मेजरको नेतृत्वमा ललितपुर महानगरपालिक-२१ खोकनाको खुडोल फाँटमा सेनाले क्याम्प खडा गरेको हो।

वडा कार्यालयमा २१ गतेदेखि ट्र्याक खोल्ने काम थाल्छौं भनेर क्याम्पमा २ वटा डोजरसहित सेना तयार भएर बसेपछि स्थानीयले माग पूरा गर्नुपर्ने सर्त अगाडि सारेर अवरोध सिर्जना गरेका छन्। जनसरोकार समिति खोकनाका अध्यक्ष नेपाल डंगोलले भन्नुभयो- 'हामीले हाम्रो पूरा नभएसम्म ट्र्याक ओपन गर्न नदिने भनेर लागेका छौं, हाम्रो माग पूरा गरिदिनुपर्‍यो, हामी फास्ट ट्र्याकको विरोधी होइनौं।' आफूहरूको माग पूरा नभई एक्कासी आएर सडक निर्माणको काम अगाडि बढाएपछि अवरोध गरेको उहाँले बताउनुभयो।

सेनाले प्याराग्लाइडिङ गर्ने जग्गा खोकनामा रहे पनि स्थानीय कृष्णहरि डंगोललगायत तीन जनाको जग्गामा नेपाली सेनाले क्याम्प खडा गरेको आरोप स्थानीयले लगाएका छन्। नेपाली सेनासँग सरोकार समितिले पटक-पटक वार्ता गरे पनि सहमति जुट्न सकेको छैन। समिति र सेनाबीच माघ दोस्रो साता भएको सहमतिअनुसार बांगोटिंगो नबनाई सीधा बाटो बनाउने, मुअब्जा नबुझ्केकालाई चलनचल्तीकै दरमा मुअब्जा दिने, सडक ५० मिटर कायम गर्ने भनिएको थियो। तर, सेनाले ५० मिटरबाहेक फेरि ८ मिटर अधिग्रहण गर्नुपर्ने कुरा आएपछि आफूहरूले आपत्ति जनाएको समितिका अध्यक्ष डंगोलले बताउनुभयो। उहाँले सहमतिअनुसार काम नभएको आरोप लगाउनुभयो।



'समस्या समाधान गर्न लागिरहेका छौं'

**गोकुल भण्डारी**
प्रवक्ता, नेपाली सेना

स्मार्ट सिटी, हाइटेन्सन लाइन, बाहिरी चक्रपथ, बाग्मती करिडोर, फास्ट ट्र्याक जस्ता राम्रा आयोजना यस भेगमा बन्न लागेकोमा खुसी रहेको भन्दै योजना बनाउँदा सामाजिक, आर्थिक, सांस्कृतिक, पुरातात्त्विक, स्थानीयको फाइदालगायतका विषयलाई समेटेर एकीकृत ढंगले जानुपर्ने माग स्थानीयको छ। तर, यस्ता खाले योजनाले खोकना बासीको आदिवासी सांस्कृति, ऐतिहासिक, पुरातात्त्विक क्षेत्र, सामाजिक र आर्थिकरूपमा विस्थापित हुने डरले स्थानीयले निरन्तर विरोध गर्दै आएका छन्।

फास्ट ट्र्याकको योजनाअनुसार खोकनाबासीको मात्रै ७ सय ३९ कित्ता खेतीयोग्य भूमि अधिग्रहण गर्नुपर्नेछ भने हालसम्म २ सय कित्ताको मुअब्जा वितरण भइसकेको जिल्ला प्रशासन कार्यालय ललितपुरले बताएको छ। वडा अध्यक्ष रवीन्द्र महर्जनले क्याम्पसम्म पुग्न सडक खोल्ने क्रममा स्थानीयको विरोध भएको बताउनुभयो। तत्काल काम रोकेर सेनाको आफ्नै जग्गामा क्याम्प सार्न पहल भइरहेको उहाँले बताउनुभयो।

'खोकनाबासीले केही माग गर्नुभएको छ। त्यस क्षेत्रमा मन्दिर पनि रहेको छ। केही पुराना घर पनि छन्। स्थानीयले फास्ट ट्र्याक निर्माणको क्रममा परेको जग्गाको मुअब्जा कमी भएको गुनासो गर्नुभएको छ। हामीले समस्या समाधान गर्नका लागि पटक-पटक छलफल गरेका छौं', नेपाली सेनाका प्रवक्ता गोकुल भण्डारीले भन्नुभयो- 'राष्ट्रिय गौरवका आयोजना भएकाले उहाँहरूले पनि बुझ्नुहुन्छ भन्ने हाम्रो विश्वास छ। हामी स्थानीयको जायज मागको सम्बोधन गरेर अगाडि बढ्न गृहकार्यमा जुटेका छौं। स्थानीय जनप्रतिनिधि, सरोकारवाला व्यक्ति र हामी बसेर समस्या समाधानका लागि लाग्छौं। केही दिनभित्र नै समस्या समाधान गरेर हामी काम अगाडि बढाउँछौं।'

# दोलखामा पुनर्निर्माण तीव्र, अनुदान पाउन कठिन



चिरञ्जीवी मास्के, दोलखा

दोलखा शैलुङ्गेश्वर गाउँपालिका-८ शैलुङका भूकम्पपीडित कमलबहादुर बस्नेतले घर बनाएको ३ महिना भयो। तर, लाभग्राहीमा नाम नभएको र गुनासो सुनवाइमा समेत नाम नआएकाले उनले पुनर्निर्माणपछि पनि अनुदान रकम भने पाउन सकेका छैनन्।

अर्का भूकम्पपीडित दोलखा विगु गाउँपालिका-४ सिंगटीका जगत्बहादुर खत्रीले घर बनाएको २ वर्ष बितिसकेको छ। पहिलो र दोस्रो किस्ता अनुदान रकम लिएका खत्रीले तेस्रो किस्ता रकम भने पाउन सकेका छैनन्। आफूले पहिलो र दोस्रो किस्ता रकम लिदा त्यहीं घर देखाएको भए पनि अहिले तेस्रो किस्ता लिने बेला भू-क्षयको जोखिममा रहेको ठाउँमा घर बनाएको भनेर रोकिदिएको खत्रीले गुनासो गरे।

दोलखा जिल्लामा अहिले पुनर्निर्माणको काम तीव्र गतिमा अगाडि बढिरहेको भए पनि विभिन्न कारणले अनुदानको दोस्रो र तेस्रो किस्ता रकम लिन भने कठिनाई भइरहेको भूकम्पपीडितले गुनासो गरेका छन्। 'हामीले सरकारी मापदण्डअनुसार नै घर निर्माण गरेका छौं। तर, अहिले सरकारले अनुदान रकम दिने बेलामा विभिन्न बहाना बनाएर रोकिरहेको छ।' -सिंगटीका जगत्बहादुर खत्रीले भने।



पुनर्निर्माणको काममा तीव्रता

**सागर आचार्य**
प्रमुख राष्ट्रिय पुनर्निर्माण प्राधिकरण दोलखा

भूकम्पीय आवास पुनर्निर्माण आयोजना जिल्ला आयोजना कार्यान्वयन इकाइबाट प्राप्त तथ्यांकअनुसार दोलखा जिल्लामा सर्वेक्षणबाट पहिचान भएको ५१ हजार ९ सय ४० र गुनासो सुनवाइबाट थप भएको १० हजार ८ सय ९३ गरी ६२ हजार ८ सय ३३ भूकम्पपीडित रहेका छन्। त्यसमा ५८ हजार १ सय २० जनाले अनुदान सम्झौता गरेकोमा प्रथम किस्ता ५६ हजार १ सय २३ (नेपाल सरकारबाट ५४ हजार २ सय २१ र गैससमार्फत १ हजार ९ सय ८२), दोस्रो किस्ता ३१ हजार ६ सय ६ (नेपाल सरकारबाट २९ हजार ७ सय ६९ र गैससमार्फत १ हजार ८ सय ३७) तथा तेस्रो किस्ता ११ हजार ८ सय ७९ (नेपाल सरकारबाट १० हजार ३ सय १६ र गैससमार्फत १ हजार ५ सय ६३) जना भूकम्पपीडितले अनुदान रकम प्राप्त गरेको भूकम्पीय आवास पुनर्निर्माण आयोजना जिल्ला आयोजना कार्यान्वयन इकाइका टीका जोशीले जानकारी दिएका छन्।

दोलखा कालिञ्चोक गाउँपालिका-३ बाबरेका सुरेन्द्र प्रधान सरकारले तत्काल दोस्रो किस्ता अनुदान सम्झौता नगरे रकम प्राप्त गर्न नसक्ने सूचना जारी गरेपछि अधिकांश भूकम्पपीडितले हतारमा घर निर्माण गरेर अनुदान रकम लिएको उल्लेख गर्दै दोस्रो किस्ता लिएका कतिपयले तेस्रो किस्ता पाउन कठिन हुने बताउँछन्। हतारमा सरकारी मापदण्डअनुसार भूकम्प प्रतिरोधी घर बन्न सकेको छैन', प्रधानले भने- 'जसको कारण प्राविधिकले राम्रोसँग जाँच गर्ने हो भने धेरैले तेस्रो किस्ता रकम नपाउने अवस्था हुन सक्छ।'

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण दोलखाका प्रमुख सागर आचार्य दोलखा जिल्लामा अन्य भूकम्प प्रभावित जिल्लाको तुलनामा पुनर्निर्माणको काम तीव्र ढंगले अगाडि बढिरहेको बताउँछन्। गत वर्ष दोलखा जिल्लामा १० हजार घर मात्र पुनर्निर्माण भएकोमा यो वर्ष ३० हजारभन्दा बढी घर पुनर्निर्माण भइरहेको आचार्यले बताए।

जिल्लामा प्राविधिकको खासै अभाव नरहेको र पुनर्निर्माण भएका घरहरू सरकारी मापदण्डअनुसारकै रहेकाले पछि समस्या नआउने आचार्यको भनाइ छ। कतिपय गाउँपालिकाहरूमा दक्ष जनशक्तिको अभावका कारणले भने घर निर्माणमा केही कठिनाइ रहेको र बैंकहरूमा अनुदान रकम लिने भूकम्प पीडितको भीड बढी भएकाले केही समस्या रहेको आर्चायले बताए।

घर निर्माण भएर पनि अनुदान रकम पाउन नसकेको बारेमा खासै गुनासो नआएको उल्लेख गर्दै आचार्यले केहीको हकमा प्राविधिक या अन्य विविध समस्याले रकम लिन कठिनाइ रहेको भए पनि अधिकांश भूकम्पपीडितले सरकारी मापदण्डअनुसार घर बनाएर प्राविधिक जाँचपास भएपछि सजिलै अनुदान रकम पाएको बताए।

# १ दर्जन पुराना फिल्म डिजिटलाइजेसन हुने

## महोत्सव गरेर देखाइने



चलचित्र विकास बोर्डले पूराना नेपाली चलचित्रलाई संरक्षण र सुरक्षित गर्ने उद्देश्यले डिजिटलाइजेसन तथा रेस्टोरेसन कार्य गर्ने भएको छ। बोर्डकी अध्यक्ष निकिता पौडेलको अध्यक्षतामा गत पुसमा बसेको बैठकले बनाएको योजनालाई कार्यान्वयनमा लैजान लागिएको हो। अध्यक्ष पौडेलका अनुसार पहिलो चरणमा पहिलो नेपाली फिल्म *आमा*सहित १२ वटा फिल्म डिजिटलाइजेसन गरिनेछ।



'पुराना रिल प्रविधिबाट बनेका फिल्म खुइलेर जानसक्ने भएकाले त्यसलाई नयाँ डिजिटल प्रविधिमा रूपान्तरण गरी संरक्षण गर्न डिजिटलाइजेसन गरिन लागेको हो', निकिताले भनिन्- 'यसबाट पुराना फिल्म पनि आधुनिक प्रविधिमार्फत् हेर्न सकिनेछ। पुराना फिल्मलाई डिजिटलाइजेसनको प्रक्रियामा लैजान विकास बोर्डले यसअघि नै एउटा समिति बनाइसकेको छ। समितिले पुराना फिल्मलाई क्रमशः डिजिटलाइजेसन प्रक्रियामा लैजान सिफारिस गरेको छ। डिजिटलाइजेसन भएपछि १६ एमएम र ३५ एमएमका पुराना फिल्म टुके र फोरके फर्म्याटमा हेर्न सकिनेछ।' *आमा*सँगै *के घर के डेरा, बदलिँदो आकाश, जीवनरेखा, सिन्दुर, परालको आगो, कुमारी, मनको बाँध, परिवर्तन, हिजो आज भोलि, विश्वास* र *शान्तिदीप*जस्ता फिल्म डिजिटलाइजेसन गर्न लागिएको हो।



नेपाली फिल्मको गौरवमय इतिहासलाई आम सर्वसाधारणसम्म पुऱ्याउन फिल्म संग्रहालयको स्थापना गर्ने प्रक्रिया थालनीसमेत भएको छ। उनका अनुसार आगामी असार १६ गते बोर्डको वार्षिकोत्सवमा नेपाली चलचित्रको निर्माण, उत्पादन शुरू भएको ५० वर्ष पार गरेको स्वर्णकालको अवसरमा सप्ताव्यापीरूपमा ती फिल्मलाई *फिल्म फेस्टिभल*को रूपमा प्रदर्शन गरिनेछ। 'पुराना फिल्मलाई डिजिटलाइजेसन गरी एक सातासम्म प्रदर्शन गरिनेछ। हामीले नेपालमा फिल्म निमार्ण शुरू भएको ५० वर्ष नाघेको स्वर्ण कालको अवसरमा प्रारम्भिक चरणमा एक दर्जन अति पुराना नेपाली फिल्मलाई डिजिटलाइजेसन गरी एक सातासम्म प्रदर्शन गर्ने निर्णय गरेका छौं' -उनले भनिन्।



नेपाली फिल्मको संरक्षण र स्तरोन्नतिका लागि यो कदम स्वागतयोग्य हुने कलाकारहरूले बताएका छन्। 'नेपाली चलचित्रप्रेमीका लागि योभन्दा सुखद् खबर अरू के नै हुन्छ र? यो कदम चलचित्रको विकासका लागि कोशेढुंगा सावित हुनेछ' -प्रथम अभिनेत्री भुवनचन्द थापा भन्छिन्। ख्यातिप्राप्त हरिवंश आचार्यले विकास बोर्डकी वर्तमान अध्यक्षको कार्यकाल स्वर्णिम युग बन्ने विश्वास व्यक्त गरे। अभिनेत्री वसुन्धरा भुसालले बोर्डको यो निर्णय ऐतिहासिक कदम भएकाले सबैले सहयोग गर्नुपर्नेमा जोड दिइन्। 'यो कदमले पुराना चलचित्रलाई जीवित राख्छ। यस कार्यमा सबैको सहयोग अनिवार्य छ' -वसुन्धरा भन्छिन्।

बोर्ड अध्यक्ष पौडेलले नेपाली फिल्म क्षेत्रको व्यापारिक पारदर्शिताका लागि वर्षौंदेखि माग गरिँदै आएको बक्स अफिस प्रणालीलाई लागू गर्नसमेत पहल गरेकी छिन्।






# विचार

घाउलाई दबाएर राख्दा कुनै फाइदा हुँदैन, त्यसलाई फुट्नै दिनुपर्छ।

– महात्मा गान्धी

केही ज्ञान लिनका लागि शुरूमै आफूलाई अज्ञानी सम्झने गर।

– डिजरायाली

## सम्पादकीय

नेपाल समाचारपत्र

# वातावरणीय प्रदूषण न्यूनीकरणमा जोड देऊ

स्वच्छ वातावरण उपभोग गर्न पाउनु नागरिकको अधिकार हो । तर विकास निर्माणसँगै बढेको प्रदूषणको कारण नागरिकको जनजीवन कष्टकर बन्दै गएको छ । स्वस्थ जीवनका लागि स्वस्थ हावापानी, खाद्यान्नलगायतका विषयमा सरकारले विशेष ध्यान दिनुपर्छ । सरकारले नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्ने हुन्छ। धुवाँ–धूलोका कारण राजधानी काठमाडौंमा पैदल यात्रा गर्नसमेत कठिनाइ छ । हरेक नागरिकले मास्क नलगाई बाटोमा निर्धक्कसाथ हिँड्न सक्ने अवस्था छैन । सडक निर्माण वा विस्तारको क्रममा बर्षौं अघि भत्काइएका सडक निर्माण हुन सकेका छैनन् । निश्चित समयावधिभित्र सम्पन्न गरिसक्नुपर्ने सडक निर्माणमा निर्माण व्यवसायीयहरूले ढिलासुस्ती गर्दा पनि कुनै कानुनी कारबाही हुन सकेको छैन ।

राजधानी काठमाडौंमा यति धेरै समस्या छन् कि भनिसाध्य छैन । सडकमा धूलो त्यत्तिकै छ । सवारीसाधनबाट अत्यधिकरूपमा फ्याँक्ने धुवाँले कुइरीमण्डल नै हुने गर्छ । सडकका नाला व्यवस्थित छैनन् । ढल जथाभावी फुटेर दुर्घन्ध हुने गरेको छ । फोहोरका डुंगुर जथाभावी देखिन्छन् । राजधानीमा बहने नदीहरूमा पानी बग्दैन, लेदो मात्र बहन्छ । शहरीकरणको नाममा मानिसले वातावरण नै ध्वस्त बनाएका छन् । यति हुँदा पनि सरकारले नागरिकले उपभोग गर्न पाउनुपर्ने स्वस्थ वातावरणको सृजना गर्न सकेको छैन। वातावरणलाई स्वच्छ राख्नको लागि नीति निर्माण भए पनि व्यावहारिकरूपमा कार्यान्वयन हुन सकेको छैन। जसको कारण अझै वातावरण बिगार्ने गलत क्रियाकलाप रोकिएका छैनन् । राजधानी काठमाडौं अत्यास लाग्दो भइसकेको छ । जतातते जाम, धुवाँ–धूलोका कारण रोगको संक्रमण पनि बढ्दै गएको छ ।

सरकारले बिग्रँदो वातावरणलाई सुधार गर्नका लागि भएका नीति–नियमलाई कडाइपूर्वक कार्यान्वयन गर्ने र थप आवश्यक नीति निर्माण गर्न ढिलाइ गर्नुहुँदैन । समस्याको चाङ पन्छाउँदै नागरिकले निर्धक्क भएर हिँडडुल गर्न सक्ने वातावरण सृजना गर्नुपर्छ । विकास निर्माणको कार्यमा एकीकृत योजना बनाएर सरकारी निकायबीच समन्वय हुन आवश्यक छ। सडक निर्माण गरेलगत्तै विभिन्न बहानामा भत्काउने कार्य रोक्नको लागि सरकारी निकायले समन्वय गरी काम गर्नुपर्छ। वातावरणलाई प्रदूषण बनाउनेहरूमाथि सरकार कडाइपूर्वक प्रस्तुत हुनुपर्छ । सरकारले विकास निर्माणको काम अगाडि बढाउँदा वातावरणीय पक्षलाई पनि ध्यान दिनुपर्ने आवश्यकता छ । साथै वातावरणलाई स्वच्छ बनाउनका लागि नागरिकहरूले पनि आफ्नो दायित्व पूरा गर्नुपर्छ ।

## डा. केसी अनशन प्रकरण

# अब त अति भयो कि !



सुशील देवकोटा

राजधानीका जनता धूलो-धुवाँले आक्रान्त छन्। पानीको समस्या त्यस्तै छ। झन् बढ्दो महँगीले जनता त्राहीमामको अवस्थामा पुगेका छन्। तर यी समस्याले डा. केसीको कहिल्यै पेट पोल्दैन। यस्ता समस्यालाई लिएर उहाँले कहिल्यै सरकारलाई खबरदारी गर्नुहुन्न, कहिल्यै अनशन बस्छु भनेर धम्की दिनुहुन्न। शायद यस्ता कुरामा अनशन बसाउने प्रायोजक उहाँले पाउनुहुन्न होला।

प्रधानन्यायाधीश गोपाल पराजुलीको राजीनामाको माग गर्दै आउनुभएका हाड-जोर्नी विशेषज्ञ डा. गोविन्द केसी फेरि चर्चामा आउनुभएको छ। हालै मात्र उहाँले गोपाल पराजुलीले दश दिनभित्रमा राजीनामा दिनुपर्ने वा उनी माथि महाअभियोग लगाउनुपर्ने माग राख्दै सो माग पूरा नभएमा आफूले अनशन गर्ने चेतावनी सार्वजनिक गरेपछि उनी फेरि चर्चामा आउनुभएको हो। नागरिक सचेत भएर देशमा भैरहेका विकृति र विसंगतिको पक्षमा आवाज बुलन्द गर्नु निकै राम्रो कुरा हो। नागरिकले गर्ने यस्तो खबरदारीले सरकार सदैव सजग रहन्छ र ऊ आफ्नो कर्तव्य र लक्ष्यबाट हत्तपत्त विमुख हुँदैन भन्ने विश्वास गरिन्छ। नागरिकले सरकारलाई कसरी झकझकाउने, कसरी खबरदारी गर्ने भन्ने पनि एउटा तरिकाचाहिँ अवश्य हुन्छ। देशमा विद्यमान नियम, कानुन र संविधानलाई नै कुल्चेर तब मात्र आन्दोलन वा विरोध गरिन्छ, जब त्यस देशको तत्कालीन सत्तासँग असहमति हुन्छ र कुरो व्यवस्था परिवर्तनको हुन्छ। व्यवस्था परिवर्तनको लागि गरिने विद्रोह वा आन्दोलनका मागहरू पनि त्यसतर्फ नै केन्द्रित हुन्छन्। वर्तमान व्यवस्थालाई स्वीकार गरेर त्यसभित्रका विसंगतिविरुद्धको आन्दोलन वा विद्रोह हो भनेचाहिँ देशको नियम-कानुनको अधीनमा रहेर नै त्यस्ता कार्यक्रम गर्नुपर्ने हुन्छ। नत्र कानुनी राज र जंगली राजबीचको कुनै अन्तर आत्मसात् गर्न सकिँदैन।

हाल गोविन्द केसीले जुन किसिमले प्रधान न्यायाधीशको विरोध गरिरहनुभएको छ र जसरी राजीनामाको माग गरिरहनुभएको छ, त्यो कानुनी राज चाहने कसैले पनि स्वीकार गर्न नसक्ने बाटो हो। एउटा संवैधानिक प्रमुखको लागि उहाँले जुन किसिमको भाषाशैली प्रस्तुत गर्दै हुनुहुन्छ, त्यो सुन्दा त झन् स्वाभाविकरूपमा प्रश्न उठ्छ- के उहाँ वास्तवमै एक डाक्टर हो त ? के एउटा शिक्षित र सुसंस्कृत डाक्टरजस्तो मान्छेले बोल्ने भाषा त्यही हो ? विरोध गर्ने शैली त्यही हो ? देश नियम-कानुनले चलाउने कि कुनै एक डाक्टरको हठ र धम्कीले ? अब उत्तर यस प्रश्नको खोज्नुपर्ने भएको छ।

यदि गोविन्द केसी सच्चा राष्ट्रभक्त नै हुनुहुन्थ्यो भने उहाँलाई पहिला पेट पोल्थ्यो जनतासँग प्रत्यक्ष सरोकार राख्ने कुराहरूले। हाल राजधानीका जनता धूलो-धुवाँले आक्रान्त छन्। पानीको समस्या त्यस्तै छ। झन् बढ्दो महँगीले जनता त्राहीमामको अवस्थामा पुगेका छन्। तर यी समस्याले डा. केसीको कहिल्यै पेट पोल्दैन। यस्ता समस्यालाई लिएर उहाँले कहिल्यै सरकारलाई खबरदारी गर्नुहुन्न, कहिल्यै अनशन बस्छु भनेर धम्की दिनुहुन्न। शायद यस्ता कुरामा अनशन बसाउने प्रायोजक उहाँले पाउनुहुन्न होला। आज देश खण्डित हुने अवस्थामा छ, देशको अस्तित्व संकटमा पर्ने निश्चित प्राय: छ। तर यस्तो कुरामा उहाँको राष्ट्रियता उम्लिँदैन। शायद यो उहाँलाई प्रायोजन गर्ने र उफार्नेहरूको अभिष्टभित्र पर्दैन होला। त्यसैले उहाँ मेडिकल कलेजतिर मात्रै केन्द्रित हुनुहुन्छ।

मेडिकल कलेज राज्यले किन उहाँलाई सोधेर र उहाँको इच्छाअनुसार खोल्ने ? राज्यले आफ्नो आवश्यकताअनुसार र लगानीकर्ताको सहजता र गरिने लगानीको सुरक्षालाई दृष्टिगत गरेर किन खोल्न नहुने ? देशमा धेरै मेडिकल कलेज खुल्दा उहाँ र उहाँका प्रायोजकलाई हुने आर्थिक घाटाको लागि देश उहाँको हठको बन्धक बन्नुपर्ने किन ? भारतको हालैको बजेट भाषणमा हरेक दुईवटा संसदीय क्षेत्रलाई समेट्ने गरी एउटा मेडिकल कलेज खोल्ने प्रस्ताव गरिएको छ। खै त्यहाँ त कुनै गोविन्द केसीहरूको टाउको दुखेन त यो निर्णयले ? उल्टै सबैले सरकारको यो निर्णयको स्वागत गरेको पाइयो। नेपालमा चाहिँ मेडिकल कलेज खोल्दा गोविन्द केसी र उहाँको प्रायोजकहरूको टाउको दुख्ने किन ? देशमा कहाँ-कहाँ र कस्ता मेडिकल कलेज खोल्ने कुरा एकजना डाक्टरको हठले निर्धारण गर्ने कुरो होइन भन्ने उहाँले नबुझ्नुभएको होला भनेर मान्न सकिने कुनै आधार छैन। तर पनि उहाँलाई उफार्नेहरूले उफारिरहेका छन् र उहाँ पनि आफ्नो नैतिकताको धरातलसमेत बिर्सिएर उफ्रिरहनुभएको छ। मेडिकल कलेज खुल्ने कुराले त उहाँको छाती निकै पोल्छ तर आज बोर्डिङ स्कुलको नाममा टोलटोलमा स्कुल खुलेका छन्, कतिपय स्कुलले त एक कक्षाको विद्यार्थीसँग एक वर्षको अवधिमा ५ लाखसम्म असुलिरहेका छन्। यसतर्फ उहाँ सम्पूर्णरूपमा मौन हुनुहुन्छ। किनभने यो उहाँको प्रायोजकको एजेन्डाभित्र पर्दैन होला।

अरूलाई नैतिकताको पाठ चर्को स्वरमा सिकाउन खोज्ने डा. गोविन्द केसीले पहिला एकपटक आफैंले ऐना हेर्नुपर्ने आवश्यकता देखिएको छ। उहाँले प्रधान न्यायाधीशको फरक-फरक जन्ममितिको कुरालाई ठूलै स्कुप जसरी प्रचार गरेर प्रधान न्यायाधीशको चरित्र हत्या गर्ने प्रयास गर्नुभयो। तर जब स्वयं उहाँकै जन्ममिति फरक-फरक पाइयो, त्यसपछि चाहिँ आफ्नो जन्ममिति फरक परेको बारेमा स्पष्टीकरण दिँदै मानवीय त्रुटि भनेर पन्छिन खोज्नुभयो। यो के भन्न खोजिएको हो ? तैंले मारे हत्या, मैले मारे मुक्ति ? सरकारी सेवामा बसेर बिदा लिँदै सरकारकै विरुद्धमा आन्दोलन गर्ने गोविन्द केसी आफूचाहिँ कत्तिको नैतिकवान् हुनुहुन्छ त ? पटक-पटक गरेर हालसम्म उहाँ १४ पटक अनशनमा बसिसक्नुभएको छ। उहाँले अनशन बसेको दिनको संख्या हिसाब गर्दा ६ महिना पुग्न लागिसकेको छ। के सरकारी सेवकले त्यति बिदा पाउँछन् ? उहाँ अनशन बस्दा उहाँबाट पाउनुपर्ने सेवाबाट जनता वञ्चित भए। के यो जिम्मेवारीबोध छ उहाँलाई ? जनताले तिरेको करबाट तलब खाने गोविन्द केसीलाई राज्यले जनताको सेवा गर्न तलब दिएको कि सरकारविरुद्ध विरोध गर्न ? यदि उहाँलाई राजनीतिमै जाने रहर हो भने सरकारी जागिर छोडेर राजनीतिमा किन जान सक्नुहुन्न ? कि राजनीतिमा जाने कुरामा चाहिँ उहाँका प्रायोजकले उहाँलाई साथ नदिने डर छ उहाँलाई ?

उहाँको विरुद्धमा जो बोल्छ, उसलाई उहाँले निकै तल्लो स्तरमा उत्रेर गाली गर्नुहुन्छ। माफिया, डन र गुन्डाको नाइके भनिदिनुहुन्छ। यस पंक्तिकारलाई पनि उहाँले त्यो भाषाशैलीले सुशोभित नगर्नुहोला भन्ने छैन। तथापि यहाँ एउटा कुरोचाहिँ पहिले नै स्पष्ट गरिदिन चाहन्छु कि गोपाल पराजुली र यस पंक्तिकारको गोरु बेचेको साइनोको त कुरै छोडौं, प्रत्यक्षरूपमा चिनजानसमेत छैन। चिनजान मात्रै पनि होइन, आजको मितिसम्ममा प्रत्यक्ष देखादेख पनि भएको छैन। तसर्थ उहाँको स्वभाव र आचरण अनि उहाँले पाउनुभएको संस्कारअनुसार तल्लो स्तरमा ओर्लिएर यस पंक्तिकारलाई गाली गर्नुअगाडि यो कुरालाई स्मरण गर्नुहुनेछ कि भन्ने झीनो आशाले यो कुरा जानकारी गराएको हुँ।

उहाँ अहिले दश दिनभित्र प्रधान न्यायाधीशले कि राजीनामा दिनुपर्ने, कि महाअभियोग लगाएर हटाउनुपर्ने हठ लिएर बस्नुभएको छ। महाअभियोग लगाउने बारेमा नेपालको संविधान, २०७४ को धारा १०१ मा स्पष्टरूपमा व्याख्या र व्यवस्था गरिएको छ भने पदमुक्त हुने अवस्थाको बारेमा सोही संविधानको धारा १३१ मा लेखिएको छ। त्यहाँ कतै पनि यो लेखिएको छैन कि एकजना नागरिकले अनशन बस्ने मूर्खतापूर्ण धम्की दिँदैमा प्रधान न्यायाधीशले राजीनामा दिनुपर्नेछ वा उनीमाथि महाअभियोग लगाइनेछ। गोविन्द केसीले जसलाई भन्नुहुन्छ उसैलाई नियुक्ति दिने अनि अविलम्ब पदमुक्त गरिदिने ? नेपालको नियम, कानुन र संविधान भनेकै गोविन्द केसी हुने त होइन ? होइन भने, अब पहिला यो व्यवस्था गराउनेतर्फ उहाँ लाग्दा राम्रो होला कि ? के फरक पर्छ र ? राख्ने माग अनि दिने नि धम्की अनशन बस्ने !

यदि साँच्चै उहाँ राष्ट्रवादी हो र उहाँलाई जनता र राष्ट्रको हित सोचेर चिन्ता लागेको हो भने, म उहाँलाई स्पष्टरूपमा आह्वान गर्छु- उठाउनुस् मुद्दा देशको मौलिकता हराइरहेको बारेमा, उठाउनुस् मुद्दा देशलाई एकसूत्रमा बाँध्ने माला चुँडाइएको बारेमा, उठाउनुस् मुद्दा कसरी संघीयताले देशलाई चरम आर्थिक बोझ पर्छ र देश नै विघटन हुनसक्छ भन्ने बारेमा, उठाउनुस् मुद्दा जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा र उठाउनुस् मुद्दा सुलभ स्वास्थ्य, शिक्षा, रोजगारी र प्रदूषणको बारेमा। म र मजस्ता हजारौं-लाखौं मानिस तपाईंको साथमा हुनेछौं। जुन सञ्चारमाध्यममा आज तपाईंको विरोधमा शब्द खर्च गर्नुपरेको छ, त्यही सञ्चारमाध्यममा तपाईंको समर्थन मात्रै होइन, तपाईंको राष्ट्रियताको मुक्तकण्ठले प्रशंसा गर्नेछौं। र, तपाई त्यस्तो सुमार्गमा हिँड्दा पनि तपाईंको समर्थनमा यी सञ्चारमाध्यमले लेखेनन् वा बोलेनन् भने यी सञ्चारमाध्यमविरुद्ध मजस्ता लाखौं जनता खनिनेछन्। छ तपाईंमा यस्तो लडाइँ लड्ने हिम्मत ? याद राख्नुस्, यस्तो सत्यको बाटो कठिन हुन्छ र यो लडाइँ लिएर अगाडि बढ्दा यदि अनशन बस्नुपरेमा शिक्षण अस्पताल होइन टुँडिखेलको खुलामञ्च रोज्नुपर्ने हुन्छ। त्यहाँ डाक्टर र नर्सका फौज हुँदैनन् र स्लाइन चढाउँदै गरिने देखावटी अनशन हुँदैन त्यो। यो अनशनबाट आर्थिक लाभ हुनेछैन। किनभने यस्तो अनशनको प्रायोजक कोही पनि हुँदैनन्। भन्नुस्, तयार हुनुहुन्छ यो लडाइँ लड्न ? यदि हुनुहुन्न भने यो सस्तो लोकप्रियताको लागि अरूको गोटी बन्न छोड्नुस्। सरकारले जनताको सेवा गर्न नियुक्त गरेको सरकारी सेवक हो तपाईं। आफ्नो कर्तव्य पूरा गर्नुस् र जनतालाई यो महसुस गर्न दिनुस् कि उनीहरूले पेट काटेर दिएको करबाट तपाईंले पाइरहेको तलब अनुचित होइन।

## पाठक पत्र

### गैंडा संरक्षणमा सफलता

मार्च ३ अर्थात् विश्व वन्यजन्तु दिवस देशभर मनाइएको छ। दिवस मनाउँदै गर्दा चोरी सिकार कम भएका कुराहरू बाहिर आएका छन्। दुर्लभ वन्यजन्तुको तस्करी नियन्त्रणमा विश्वव्यापी चुनौती बढिरहेको सन्दर्भमा नेपालमा गैंडा संरक्षणमा सफलता मिल्नु खुशीको कुरा हो। सबैभन्दा बढी वन्यजन्तु रेहको चितवन राष्ट्रिय निकुञ्ज, नेपाली सेना र समुदायबीचको त्रिपक्षीय सम्बन्धका कारण पछिल्ला वर्षहरूमा निकुञ्जले 'शून्य चोरी सिकार वर्ष' मनाउन सफल भएको छ। चितवन निकुञ्जले केही वर्षयता संरक्षण कार्यमा प्रभावकारी काम गरेकै कारण पछिल्ला वर्षमा चोरी सिकार घट्दै गएको छ। संरक्षणकर्मीहरूले त्रिपक्षीय सम्बन्धलाई अझै मजबुत बनाउनुपर्ने राय व्यक्त गरेका छन्। पछिल्ला वर्षमा वन्यजन्तु संरक्षणमा सक्रियता बढ्नुका साथै ठोस उपलब्धि पनि हासिल भइरहेको छ। विगतमा चोरी सिकारीको बिगबिगीका कारण एकै महिनामा दशवटासम्म गैंडा मारिएको अवस्था थियो। दुर्लभ वन्यजन्तु एकसिंगे गैंडा सिकारीले मारेरै सिध्याउने हो कि भन्ने त्रास बढेपछि निकुञ्जले संरक्षण नीतिमा परिवर्तन गरेको थियो। मानव र वन्यजन्तुबीचको द्वन्द्व कम गर्न समुदायलाई संरक्षण कार्यमा सहभागी गराउने नीतिकै कारण संरक्षणमा सफलता मिलेकोमा कुनै द्विविधा छैन।

विश्वमै दुर्लभ मानिएको एकसिंगे गैंडाका लागि नेपाल उर्वर भूमि मानिन्छ। विश्वमै नेपाल र भारतमा मात्र पाइने एकसिंगे गैंडाको संख्या नेपालमा पछिल्ला वर्षमा वृद्धि हुँदै आएको छ। पछिल्लो गणनाअनुसार नेपालमा ६४५ वटा गैंडा रहेका छन्। एक अध्ययनअनुसार सन् १९५० मा नेपालमा एकसिंगे गैंडाको संख्या ८ सयभन्दा बढी थियो। शून्य चोरी सिकारमा सफलता हासिल भएपछि यो ऐतिहासिक संख्या पुन: नेपालमा हुनसक्ने अवस्था छ।

जलवायु परिवर्तनको असरलाई पहिचान गरी त्यसलाई न्यूनीकरण गर्दै जाने हो भने यो सम्भव देखिन्छ। राष्ट्रिय निकुञ्जका अनुसार सन् २०११ को गैंडाको गणनामा ५३४ रेकर्ड गरिएको थियो। पछिल्लो गणनासम्म आइपुग्दा ६४५ पुगेको छ। गैंडाको गणनामा सबैभन्दा बढी एकसिंगे गैंडा चितवन राष्ट्रिय निकुञ्जमा ६०५ रेकर्ड गरिएको छ। बर्दिया राष्ट्रिय निकुञ्जमा २९ गैंडा फेला परेका छन्। त्यसैगरी, शुक्लाफाँटा वन्यजन्तु आरक्षमा आठवटा गैंडा रेकर्ड भएका छन्। चोरी सिकारीका कारण चितवन निकुञ्जमा तीन वर्षयता कुनै गैंडा नमरेको बताइन्छ। पछिल्लोपटक वि्स. २०७१ वैशाख २० गते चोरी सिकारीले खाग लगेको अवस्थामा मृतगैंडा फेला परेको थियो। वन्यजन्तु अपराधमा संलग्न हुनेहरू गिरफ्तार हुँदै जानु पनि सफलताको आधार मानिएको छ।

गैंडा सिकारीबाट गैंडा नमरेको भन्दै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागको सक्रियतामा २०६८ पुस १९ मा शून्य सिकार वर्ष मनाइएको थियो। पहिलो शून्य सिकार वर्ष मनाएपछि सोही वर्षको चैत्र २० मा निकुञ्जभित्र एउटा गैंडा मारिएको थियो। त्यसपछि संरक्षणकर्मीहरूमा चिन्ता र चुनौती थपिएको थियो। २०५८ सालमा नेपालमा चोरी सिकारीले एक वर्षमा ३७ वटा गैंडा मारेपछि गैंडा संरक्षणमै गम्भीर प्रश्न उठेको थियो। त्यसयता निकुञ्जले चोरी सिकारविरुद्ध सुराकी बढाउँदै संरक्षणमा व्यापक जागरण ल्याएको थियो। गैंडा सिकारविरुद्ध समुदायको जागरुकता र संरक्षणका लागि चौतर्फी सक्रियता बढेपछि पुन: शून्य सिकार वर्ष मनाइएको छ। निकुञ्जमा व्यापक सुरक्षा पोस्टसँगै प्रविधिको प्रयोगले पनि गैंडाको चोरी सिकार शून्यमा झार्न सम्भव भएको हो।

*- सन्दीप केसी, चितवन*

### पूर्वतयारी नहुँदा प्रादेशिक अन्योल

प्रदेश सरकार वास्तवमा नै परिचयको तहमा छन्। पहिलोपटक यस्तो व्यवस्था भएको हुँदा सबैतिर अन्योल छ। सबैभन्दा बढी त जनता नै स्पष्ट भएका छैनन्। त्यसो नहुँदो हो त राजधानीका नाममा यत्रा आन्दोलन हुने थिएनन्। त्यसमाथि हालै मात्र प्रदेश गठन भएका छन् र त्यो काम पूरा हुन पनि बाँकी छ। प्रदेशमन्त्रीहरूको नियुक्ति नै भैसकेको छैन। यस्तो बेला प्रदेश सञ्चालकहरूले संयमता अपनाउन आवश्यक हुन्छ। नत्र यो 'हात्ती आयो फुस्सा' जस्तो पनि हुन सक्छ।

गएको हप्ताभित्र देशमा मुख्यमन्त्री र मन्त्रीहरूले धमाधम शपथ लिए। शपथले मात्र हुँदैन। उनले काम गर्ने मन्त्रालयमा जनशक्ति र भौतिक पूर्वाधारको पनि आवश्यकता पर्छ। सबैभन्दा पहिले यसको व्यवस्थापन गर्न आवश्यक हुन्छ। अहिले प्रदेशका मन्त्रालयहरू मातहत कुन-कुन कार्यालय रहने हो, कहिलेसम्म खुल्ने, केन्द्रबाट कहिले हस्तान्तरण हुने, त्यसको सुनिश्चितता भैसकेको छैन। त्यसैले काम के गर्ने, कसलाई अराउने भन्ने समस्या प्रदेशका मुख्यमन्त्री, मन्त्री, मुख्यसचिव र सचिवहरूलाई परिरहेको बुझ्न सकिन्छ।

मन्त्रालय छन् तर कुनैको पनि मातहतका संरचना केन्द्रबाट हस्तान्तरण या बाँडफाँड भएका छैन। प्रदेश सरकार गठन भइसक्दा पनि बस्ने ठाउँ, कर्मचारी, बजेट, सवारीसाधनलगायत व्यवस्थापन हुन नसक्दा काम गर्न नसकिएको अवस्था धेरै लम्बिनुहुँदैन। प्रदेश सरकारसँग जनताको अपेक्षा धेरै छ। सरकारले प्रदेश व्यवस्थापनका लागि गर्नुपर्ने आवश्यक पूर्वतयारी बेलैमा नगरिदिँदा समस्या भएको वताइएको छ। तर अव यसो भनेर मात्र पनिछन पाइँदैन। जे आवश्यकता छ, त्यसको पूर्ति आफैले गर्ने हो। काम गर्नलाई चहिने ऐन, कानुन, बजेट, योजना सबैको अभाव छ नै। तर यो काम पनि त गर्ने ठाउँ यही हो। साँध-सिमानासहित सातवटा प्रदेशको टुंगो संविधानले दुई वर्षअघि नै लगाइसकेको थियो। प्रदेशहरूको गठनका बेला र चुनावमा जाने सुनिश्चिततासँगै प्रदेश सरकारका लागि चाहिने आवश्यक व्यवस्थापन, पूर्वतयारीका लागि त्यस बेला सर्वदलीय प्रयास भएको भए यस्तो अवस्था आउने थिएन।

यो बीचमा सामान्य प्रशासन मन्त्रालयले सबै प्रदेशका लागि तत्काल न्यूनतम १ हजार ५ सय कर्मचारी आवश्यक पर्ने भन्दै त्यही अनुसार प्रदेश सरकारका लागि अस्थायी दरबन्दी मन्त्रिपरिषद्बाट स्वीकृत गराइसकेको अवस्था छ। त्यसको व्यवस्थापन अर्थात् ती कर्मचारीको भर्ना गर्ने काम भएको पाइएन। अहिले प्रदेशका लागि करिब ९ सय कर्मचारी खटाइएको बताइएको छ। ती सबै कर्मचारी खटाइएको ठाउँमा पुगे कि पुगेनन्, त्यसबारे पनि अन्योल नै छ। यसबारे अब प्रदेशले पनि चासो लिनुपर्छ। केन्द्रको मुख मात्र ताकेर समस्याको समाधान हुने देखिँदैन।

*- मन्जील श्रेष्ठ, काठमाडौं*

## सामाजिक सञ्जाल



कांग्रेस ससदीय दलको नेतामा मतदान गर्नु हुने सबै माननीय सदस्यहरूलाई धन्यावाद ! लोकतान्त्रिक पार्टीमा लोकतन्त्रको जतिबढि अभ्यास गर्यो त्यतिनै लोकतन्त्र वलियो हुन्छ भन्ने मैले विश्वास लिएको छु।

**Sher Bahadur Deuba**
**@DeubaSherbdr**



आर्थिक सम्बृद्धि र २अंके वृद्धि दरको सरकारी नारालाई निरन्तर ओरालो लागेको नेप्से सूचकांकले व्यंग्य गर्दैछ,चुनाव परिणाम पछि करीब २४० अंकले नेप्से घटिसक्यो। लगानी प्रबर्धनका लागि भाषण भंदा आबस्यक छ बिश्वासको वातावरण बढाऊने ठोस कार्य र मैत्रिपूर्ण ब्यबहार!

**Ram Sharan Mahat**
**@ramsmahat**

राष्ट्रिय सभाको मंगलबार बसेको बैठकले राष्ट्रिय सभाको अध्यक्षको निर्वाचन गर्न मिति तोकेको छ। साथै, कार्य सञ्चालन नियमावली मस्यौदा समिति पनि गठन गरेको छ।

# मालपोत करबापत महानगरलाई १२ करोड

नेपाल समाचारपत्र

काठमाडौं

काठमाडौं महानगरपालिकालाई जिल्ला समन्वय समितिबाट आर्थिक वर्ष २०७३/०७४ सम्म मालपोत करबापतको १२ करोड २१ लाख ६८ हजार ४ सय ९९ रुपियाँ ६९ पैसा प्राप्त भएको छ।

मंगलबार समितिको सभाकक्षमा आयोजित कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शिवसुन्दर राजवैद्यले महानगरका मेयर विद्यासुन्दर शाक्यलाई उक्त रकमको चेक हस्तान्तरण गर्नुभयो। चेक हस्तान्तरणपछि बोल्दै समन्वय समितिका प्रमुख राजवैद्यले कानुनको अभावमा नागरिकको प्रश्नमा उत्तर दिन नसक्ने अवस्थाले काम भएन भन्ने गुनासो आएको बताउनुभयो। परिवर्तित व्यवस्थाबमोजिम नागरिकका चाहना पूरा गराउन प्रदेश कानुनले पूर्णता नपाउञ्जेल समस्या समाधानको बाटो सहज नभएको उहाँको भनाइ थियो।

समारोहमा बोल्दै महानगरका मेयर विद्यासुन्दर शाक्यले भू-वनावट, विस्तारित सहरीकरण जस्ता कारण काठमाडौंको विकास व्यवस्थापनमा एकीकृत कार्यक्रमको खाँचो देखाउनुभयो। समारोहमा महानगरका प्रमुख प्रशासकीय अधिकृत धनीराम शर्माले घर जग्गा रजिस्ट्रेसन गर्दा न्यून वा बढी मूल्य देखाएर कारोबार हुने गरेको अवस्था राजस्व प्राप्तिका कोणले खतरा रहेको जनाउँदै, वास्तविक कारोबार मूल्यमा आधारित शुल्क निर्धारण व्यवस्था गरिनुपर्नेमा जोड दिनुभयो। सो अवसरमा जिल्ला समन्वय समितिका उपप्रमुख सरिता दाहालले नगरपालिकाहरूको राजस्व संकलन, साझा विकासका मुद्दामा साझेदारितामा आफूले सशक्त समन्वय गर्ने प्रतिबद्धता जनाउनुभयो।

महानगरलाई प्रदान गरिएको यो रकम आर्थिक वर्ष २०६७/०६८ देखि २०७३/०७४ सम्मको हो। यसमा जिससबाट महानगरलाई प्राप्त हुनुपर्ने रजिस्ट्रेसन शुल्क र महानगरले जिससलाई प्रदान गर्नुपर्ने मालपोत करको २५ प्रतिशत रकम समायोजन गरिएको छ। समायोजनअघि जिससले महानगरलाई दिनुपर्ने कुल १४ करोड ९ हजार ६ सय २० रुपियाँ ७० पैसाबाट महानगरले संकलन गरेर जिससलाई दिनुपर्ने मालपोत करको २५ प्रतिशत अर्थात् १६ लाख ७१ हजार ८१ पैसा, साविक जिल्ला विकास समितिले महानगरलाई २०७२ असार २९ गते उपलब्ध गराएको १ करोड ५० लाख रुपियाँ घटाइएको छ।

यस कामका लागि गएको पुस १७ गते जिल्ला समन्वय समितिका योजना अनुगमन तथा प्रशासकीय अधिकृत घनश्याम तिमल्सिनाको संयोजकत्वमा ३ सदस्यीय कार्यदल गठन गरिएको थियो। साविक जिल्ला विकास समितिलाई मालपोतबाट प्राप्त भएको रजिस्ट्रेसन शुल्क र काठमाडौं महानगरपालिकाले संकलन गरेको मालपोत कर बाँडफाँडमा रकम यकिन गर्ने जिम्मेबारी पाएको कार्यदलको सदस्यमा महानगरका आन्तरिक लेखा परीक्षण शाखा प्रमुख गोपालप्रसाद पोखेल र जिल्ला समन्वय समिति काठमाडौंकी कम्प्युटर अधिकृत एवं सूचना अधिकारी सीता कार्की हुनुहुन्थ्यो।

कार्यदलले बुझाएको प्रतिवेदन दुवैतर्फबाट अनुमोदन भएपछि रकम हस्तान्तरण भएको हो। सो प्रतिवेदनअनुसार रजिस्ट्रेसन शुल्क बाँडफाँडका लागि आव २०७१/०७२ अघिको आर्थिक वर्षअनुसार संकलित रकमको विवरण मालपोत कार्यालयबाट प्राप्त हुन नसकेको विषय उल्लेख छ।

## कांग्रेस बैठकले राष्ट्रपतिबारे निर्णय लिने

काठमाडौं, (नेस)

राष्ट्रपतिका लागि उमेद्वारी दिने कि नदिने भन्ने बारेमा निर्णय लिन नेपाली कांग्रेसले आज बुधबार केन्द्रीय समिति बैठक आह्वान गरेको छ। २९ गते हुने राष्ट्रपतिको निर्वाचनका लागि आज १२ बजेसम्म उम्मेदवारी दर्ता गराइसक्नुपर्ने निर्वाचन आयोगले कार्यतालिका सार्वजनिक गरेको थियो।

राष्ट्रपतिमा निर्वाचन हुनका लागि नेपाली कांग्रेसको मत नपुग्ने भएकाले उम्मेदवारी दिने कि नदिने भन्ने बारेमा कांग्रेसभित्र मत विभाजन छ। कांग्रेसले उम्मेदवारी नदिए वाम गठबन्धनको तर्फबाट आउने उम्मेदवार सर्वसम्मत हुने भन्दै कांग्रेसले पनि उम्मेदवारी दिने बताइएको छ। कांग्रेस केन्द्रीय सदस्य डा. प्रकाशशरण महतका अनुसार नेपाली कांग्रेसले राष्ट्रपतिका लागि उम्मेदवारी दिने नै निर्णय लिनेछ। राष्ट्रपतिका लागि उम्मेदवारी दिने निर्णय लिने भन्दै उहाँले उम्मेदवारको नाम केन्द्रीय बैठकबाटै तय गरिने पनि बताउनुभएको छ।

समसामयिक राजनीति बारे छलफल गर्ने भनिएको बैठकमा उपराष्ट्रपति, सभामुख र उपसभामुखका लागि पनि उम्मेदवारी दिने कि नदिने भन्ने बारेमा पनि छलफल हुने कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभएको छ। राष्ट्रपति छनोटको निर्वाचनमा प्रदेशसभा, राष्ट्रिय सभा र प्रतिनिधिसभाका सदस्य मतदाता रहने व्यवस्था छ।

## राष्ट्रवादी शक्तिहरूलाई एकताबद्ध हुन राप्रपाको आग्रह

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीले राष्ट्रवादी, प्रजातन्त्रवादी शक्तिहरूलाई एकताबद्ध हुन आह्वान गरेको छ। पार्टी अध्यक्ष कमल थापाको अध्यक्षतामा मंगलबार बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले मुलुकको वर्तमान परिस्थितिको गम्भीरता, राष्ट्रियता र प्रजातन्त्रमाथिको सम्भावित खतरालाई दृष्टिगत गर्दै एकताबद्ध हुन आह्वान गरेको जनाएको हो।

राप्रपा कार्यसम्पादन समितिको बैठकले दार्चुला जिल्लाको व्यास गाउँपालिकामा भारतले अनधिकृतरूपमा बनाएका पुलहरूप्रति गम्भीर आपत्ति जनाउँदै कूटनीतिक माध्यमबाट सशक्तरूपमा विरोध जनाउन सरकार समक्ष आग्रह गर्ने निर्णय पनि गरेको छ।

बैठकले यही चैत्र ८ र ९ गते केन्द्रीय अनुशिक्षण कार्यक्रम गर्ने र चैत २३ र २४ गते राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनको केन्द्रीय भेला काठमाडौंमा आयोजना गर्ने निर्णय गरेको प्रवक्ता भुवन पठकले जानकारी दिनुभएको छ। बैठकले केन्द्रीय परिषद्को बैठक वैशाख ७, ८ र ९ गते वीरगन्जमा गर्ने निर्णय गरेको छ।

## सहचालकको मृत्यु

भक्तपुर, (नेस)

मध्यपुर ठिमी नगरपालिका-३ गठ्ठाघरमा बा२ख ६९७६ नम्बरको बसका सहचालक वतन नखुलेको २२ वर्षीय लक्ष्मण चौधरी सोमबार बसको ढोकाबाट खस्दा गम्भीर घाइते भएकाले उपचारका लागि मध्यपुर अस्पताल ठिमी पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको छ। बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यसै गरी भक्तपुर नगरपालिका-१ सल्लाघारी सुवर्ण चोकमा बा८९प ३५२२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक रामेछाप सुनाटाडी-१ घर भई सूर्यविनायक नगरपालिका-५ कटुन्जे बस्ने १९ वर्षीय सुनील चौलागाईं गम्भीर घाइते भएकाले मध्यपुर ठिमी अस्पताल पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा १५ वर्षीया सुजिना चौलागाईंसमेत घाइते भएकाले उपचारका लागि नर्भिक अस्पताल थापाथलीमा पठाइएको छ।

## पत्रकारितामा लैंगिक संवेदनशीलताको खाँचो




नेपाल समाचारपत्र

काठमाडौं

महिलाविरुद्ध हुने विभेद अन्त्यका लागि पत्रकारितामा लैंगिक संवेदनशीलताको खाँचो एक कार्यक्रमका वक्ताहरूले व्यक्त गरेका छन्।

१०८औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा नेवाः पत्रकार राष्ट्रिय दबु महिला विभागले मंगलबार राजधानीमा आयोजना गरेको पत्रकारितामा लैंगिक संवेदनशीलता विषय अन्तरक्रिया कार्यक्रममा उनीहरूले सो खाँचो औंल्याएका छन्।

लैंगिक विभेद अन्त्यका लागि सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका हुने भएकाले लैंगिक संवेदनशीलताको विषयमा सञ्चारमाध्यम उदाहरण भएर निस्किनुपर्ने पनि उनीहरूको जोड रहेको छ। सो अवसरमा विषयमाथि केन्द्रित हुँदै नेपालभाषाको दैनिक पत्रिका नेपाल भाषा टाइम्सका सम्पादक एवं वरिष्ठ पत्रकार सुरेशकिरण मानन्धरले अरू क्षेत्रलाई जवाफदेही बनाउने सञ्चारमाध्यम स्वयंले लैंगिक संवेदनशीलता अपनाउनुपर्नेमा जोड दिनुभयो।

सञ्चारमाध्यममा महिलाको समाचारले कम मात्र स्थान पाउने गरेको उल्लेख गर्दै सम्पादक मानन्धरले महिलाको समाचार बने पनि दुर्व्यवहार, बलात्कार र घरेलु हिंसाको समाचार मात्र बन्ने गरेको उल्लेख गर्दै महिलाका राम्रा समाचारहरूले अपेक्षाकृत स्थान नपाएको बताउनुभयो।

समाचार लेख्ने क्रममा महिला स्रोतहरूलाई आवश्यकताअनुसार प्रयोग गर्दा फरक तथ्य र महिलाका दृष्टिकोणले पनि समाचारमा स्थान पाउने पनि उहाँको भनाइ रहेको छ। लैंगिक संवेदनशीलता पुरुष पत्रकारमा पनि हुनुपर्दछ। 'यसले समाचारको अन्तरवस्तु र कार्यस्थलमा लैंगिकमैत्री वातावरण तयार गर्न सहयोगी भूमिका निर्वाह गर्नेछ।' -सम्पादक मानन्धरले भन्नुभयो।

राससका पूर्वमहाप्रबन्धक एवं क्रियाशील महिला पत्रकार मञ्चका उपाध्यक्ष निर्मला तुलाधर आचार्यले महिलालाई हेर्ने सामाजिक दृष्टि र बुझाइसँगै पेसागत संवेदनशीलता नबुझ्दा पत्रकारितामा प्रवेशसँगै छोडेर जाने महिलाको संख्या उत्तिकै रहेको जानकारी दिनुभयो।'

'घर-परिवार र बालबच्चा हुर्काउनुपर्ने कारणले गर्दा पनि पत्रकारिता पेसा छोड्ने महिलाको संख्या बढी रहेको छ। यसले गर्दा महिला पत्रकार बारे घर-परिवार र कार्यस्थलमा संवेदनशीलताको खाँचो रहेको छ।' -उपाध्यक्ष आचार्यले भन्नुभयो। सो अवसरमा नेवाः पत्रकार राष्ट्रिय दबुका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले महिलाको विषयको समाचारलाई पुरुषको दृष्टिले नभई महिलाको दृष्टि, महिलालाई पार्ने प्रभाव विषयमा पत्रकारहरू पनि संवेनशील हुनुपर्ने बताउनुभयो।

कार्यक्रम संयोजक एवं रेडियो नेपालका समाचारवाचिका रचना श्रेष्ठले विभिन्न सञ्चारमाध्यममा महिला पत्रकारमैत्री संरचना र व्यवहार नभएको उल्लेख गर्दै सञ्चार संस्था, प्रकाशन र सम्पादकहरू यस विषयमा गम्भीर हुनुपर्नेमा जोड दिनुभयो।

विभिन्न सञ्चारमाध्यमका पत्रकार उपस्थिति सो अन्तरक्रिया कार्यक्रममा रेडियो नेपालका सञ्चारकर्मी चन्दा विष्टले महिलालाई चरित्र हत्यासँग जोडेर मनोबल कमजोर पार्ने खेल जुनसुकै पेसामा हुने गरेको चर्चा गर्दै यसको अन्त्यका लागि लैंगिक संवेदनशीलताको खाँचो औंल्याउनुभयो। आर्थिक सुनिश्चितता नभएकाले पनि महिला पत्रकारितामा टिक्न नसकेको उहाँको कथन रहेको छ।

## राष्ट्रिय सभा अध्यक्षको निर्वाचन ३० गते

नेपाल समाचारपत्र

काठमाडौं

राष्ट्रिय सभाको मंगलबार बसेको बैठकले यही सभाको अध्यक्षको निर्वाचन गर्न मिति तोकेको छ। साथै, कार्य सञ्चालन नियमावली मस्यौदा समिति पनि गठन गरेको छ। राष्ट्रिय सभा अध्यक्षको निर्वाचन यही फागुन ३० गतेलाई तोकिएको छ। बैठकले ९ सदस्यीय राष्ट्रिय सभा नियमावली मस्यौदा समिति पनि गठन गरेको छ।

समितिमा सभाका सदस्यहरू गणेश तिमल्सिना, राधेश्याम अधिकारी, सुरेन्द्र पाण्डे, दीनानाथ शर्मा, पशुराम गुरुङ, दिलकुमारी रावल थापा, जीवन बुढा, वृकेशचन्द्र लाल, प्रमिला कुमारी छन्। सभाका जेष्ठ सदस्य तारादेवी भट्टको अध्यक्षतामा बसेको बैठकमा दलीय प्रतिनिधिको रूपमा पाँच सदस्यले आफ्नो धारणा राखेका थिए।

बैठकमा धारणा राख्ने क्रममा प्रमुख विपक्षी कांग्रेसका सांसद राधेश्याम अधिकारीले राजस्व विभाग, राष्ट्रिय अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण विभाग प्रधानमन्त्री कार्यालय मातहत ल्याउने सरकारको निर्णयप्रति आपत्ति जनाउनुभएको थियो। सरकार सधैं शक्ति सन्तुलनको सिद्धान्तअनुसार अघि बढ्नुपर्छ भन्दै अधिकारीले शक्तिको अधिक केन्द्रीकरण गर्दा भ्रष्टाचारको जन्म हुने भएकाले सचेत रहन प्रधानमन्त्री केपी ओलीलाई सुझावसमेत दिनुभएको थियो। बैठकमा अधिकारीले सरकार बहुमतको आडमा लोकतान्त्रिक शक्तिहरूलाई दबाबमा राख्ने प्रवृत्ति सह्य नहुने धारणा पनि राख्नुभएको थियो।

बैठकमा सत्ताघटक दल नेकपा एमालेका सांसद गणेश तिमल्सिनाले प्राकृतिक स्रोत-साधनको उचित परिचालन गरेर देशलाई समृद्ध बनाउन सकिने धारणा राख्दै राष्ट्र निर्माणको अभियानमा सहभागी हुन सबै दललाई आग्रह गर्नुभएको थियो। बैठकमा माओवादी केन्द्रका सांसद दीनानाथ शर्माले देशलाई समृद्ध बनाउन सबै दल एकजुट हुनुपर्ने भन्दै आफूहरू एक्काइसौं शताब्दीको लोकतान्त्रिक पद्धतिअनुसार अघि बढ्न तयार रहेको बताउनुभएको थियो। राष्ट्रिय सभा, अर्को बैठक फागुन ३० मा बस्ने गरी स्थगित भएको थियो।

नेपाल सरकार
वनतथा भू संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथावन्यजन्तु संरक्षण विभाग
शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय
मझगाँउ, कञ्चनपुर

ठेक्का स्वीकृतको आशयको सूचना

यस कार्यालयबाट मिति २०७४/१०/८ मा प्रकाशित सूचनाअनुसार यस निकुञ्ज भित्र तपसिलका निर्माण कार्यको ठेक्का बन्दोबस्त गर्नका लागि तोकिएको समय भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका फर्महरुको नियमानुसार कबोल अंक भएको बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (१) बमोजिम स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :
१. ठेक्का नं. ६ आर.सि.सि वाल निर्माण कार्यको ठेक्का आर.पि. कन्स्ट्रक्सन, को कबोल अंक रु. ८२,४६८२०/७२ (मू.अ.कर बाहेक)
२. ठेक्का नं. ७ सिंहपुर रेञ्जपोष्ट भवन निर्माण कार्यको ठेक्का कञ्चंन राष्ट्रिय निर्माण कम्पनी, को कबोल अंक रु. ३१,३५,१८३/५३ (मू.अ.कर बाहेक)
३. ठेक्का नं. ८ हिरापुर रेञ्जपोष्ट भवन निर्माण कार्यको ठेक्का कञ्चंन राष्ट्रिय निर्माण कम्पनी, को कबोल अंक रु. ३०,५९,८१८/९५ (मू.अ.कर बाहेक)

## सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : लाभ, समस्या समाधान, कार्य सफल।
**वृष** : आर्थिक लाभ, विजय, काममा सफलता प्राप्ति।
**मिथुन** : कार्य असफल, कष्ट, आर्थिक क्षति, खर्चमा वृद्धि।
**कर्कट** : पेटको स्वास्थ्य समस्या, दौडधुप, तनाव परिवारिक विवाद।
**सिंह** : आर्थिक लाभ हुने, सम्मान बढ्ने, शुभ समाचार मिल्नेछ।
**कन्या** : धननाश, चिन्ता, दुःख-कष्ट, व्यर्थको खर्च, असफलता।
**तुला** : लाभ, उपहार प्राप्ति, मिष्ठान्न भोजन, कार्यकुशलता।
**वृश्चिक** : स्वास्थ्य बाधा, चोटपटकको भय, इष्टमित्रसँग विवाद।
**धनु** : आर्थिक लाभ, मिष्ठान्न भोजन प्राप्ति, हर्षविभोर।
**मकर** : सुख-सन्तोष, स्वस्थताको महसुस, जाँगर बढ्ने।
**कुम्भ** : राजनीतिककर्मी बाट डर, असफलता, मान-प्रतिष्ठामा आघात।
**मीन** : चोटपटकको भय, कार्य बाधा, नोक्सानी, मानसिक चिन्ता।

# प्रदेश-३

आगामी चैत्र २८ देखि जिल्ला शिक्षा कार्यालय नरहने चर्चा चहिलरहँदा स्थानीय तहले शिक्षक सरुवामा कडाइ गर्ने आशंकामा जिल्लान्तर सरुवाको क्रम बढेको छ।

### आगलागीबाट ६ लाखबराबरको क्षति

## जिल्ला दमकलविहीन हुँदा समस्या

शालिकराम चालिसे, नुवाकोट

नुवाकोटको लिखु गाउँपालिका वडा नं. ४ का प्रल्हाद थापाको घरमा आगलागी हुँदा ६ लाखबराबरको क्षति भएको छ।

घरमा कोही नभएको समयमा आगो लागेकाले नियन्त्रणमा ल्याउन समस्या परेको थियो। जिल्ला प्रहरी कार्यालय नुवाकोटबाट खटिएको टोलिले आगो लामो समयपछि नियन्त्रणमा ल्याएको थियो। आगलागीबाट कुनै पनि मानवीय क्षति नभएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।

आगलागीबाट थापाको घरमा रहेको स्कुटर र अन्नपात गरी ६ लाख धनमाल जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।



नुवाकोटमा रहेको एकमात्र दमकल एक महिनाअघि बिग्रिएपछि नुवाकोट दमकलविहीन भएको छ। यहाँ रहेका बाह्र स्थानीय तहमध्ये विदुर नगरपालिकाको दमकल बिग्रिएपछि जिल्ला नै दमकल सेवाविहीन भएको छ। दुई नगरपालिका र १० गाउँपालिका रहेको यहाँ कुनै पनि स्थानीय तहमा दमकल सेवा नहुँदा अहिलेको हिउँदयाम तथा सुक्खायाममा आगलागी भएमा ठूलो क्षति पुग्ने जोखिम देखिएको छ।

विसं. २०५६ मा चीन सरकारबाट अनुदान प्राप्त भएको विदुर नपाको दमकल ट्यांकी चुहिने भएर बनाउन काठमाडौं लगिएको छ। दमकल चालु अवस्थामा रहँदा विदुर नपाको दमकलले नुवाकोटसहित रसुवामा समेत सेवा पुऱ्याउँदै आएको थियो। अहिलेको सुक्खा याममा डढेलो, आगलागीलगायतमा एम्बुलेन्स सेवाको भूमिका अति आवश्यक भए पनि सिंगो जिल्ला नै दमकल सेवाविहीन भएकाले अन्य आगलागीका घटना हुन नदिन सजगता अपनाउनुपर्ने सरोकारवालाहरूले बताएका छन्।

### स्थानीय सरकारसँग डर

## धमाधम जिल्लान्तर सरुवा हुँदै शिक्षक

नानीराम नेपाल, सिन्धुपाल्चोक

सुनकोसी गाउँपालिका-७ स्थित सेतीदेवी शारदा माध्यमिक विद्यालयमा वर्षौंदेखि अध्यापन गराउँदै आएका माध्यमिक तह तृतीय श्रेणीका शिक्षक शम्भुराज पन्त जिल्लान्तर सरुवाको स्विकृतिका लागि केही दिनअघि जिल्ला शिक्षा कार्यालयमा आइपुगे। विज्ञान विषयका शिक्षक उनी समान हैसियतमा रही समान विषय अध्यापनका लागि दार्चुलास्थित मालिकार्जुन गाउँपालिका-८ स्थित शंकरापुर माध्यमिक विद्यालयमा सरुवा स्विकृत लिएर गए।

राजेश्वरी माध्यमिक विद्यालयमा सामाजिक विषयमा लामो समयदेखि अध्यापन गराउँदै आएका माध्यमिक तह तृतीय श्रेणीका शिक्षक ओमप्रसाद आचार्य पनि जिल्लान्तर सरुवाका लागि आइतबार जिल्ला शिक्षा कार्यालयमा आए। गाउँपालिकाको सिफारिस, विद्यालय व्यवस्थापन समितिको निर्णयका साथ सरुवाका लागि शिक्षा कार्यालयमा आएका उनलाई शिक्षा कार्यालयले काठमाडौं जिल्लाका कुनै पनि विद्यालयमा हाजिर हुनसक्ने भनी जिल्लान्तर सरुवा स्वीकृत गरि पठायो।

त्रिपुरासुन्दरी गाउँपालिका -३ स्थित बुद्ध आधारभूत विद्यालयमा विगत लामो समयदेखि अध्यापनरत प्रावि तृतीय श्रेणीका शिक्षक उद्धवप्रसाद तिमल्सिनाले पनि सिन्धुपाल्चोकको अध्यापनयात्रा बिट मारीदिए। गाउँपालिकाको सहमतिपत्रका साथ जिल्लान्तर सरुवाका लागि शिक्षा कार्यालयमा आएका उनलाई पनि समान हैसियतमा काठमाडौंको कुनै पनि विद्यालयमा हाजिर हुने गरी सरुवा स्वीकृत गरिदियो।

आगामी चैत्र २८ देखि जिल्ला शिक्षा कार्यालय नरहने चर्चा चहिलरहँदा स्थानीय तहले शिक्षक सरुवामा कडाइ गर्ने आशंकामा जिल्लान्तर सरुवाको क्रम बढेको छ। स्थानीय तहमा अधिकार प्रत्यायोजन भएपछि शिक्षण अवधिभर सिन्धुपाल्चोकमै रहिरहनुपर्ने आशंकाले पछिल्लो २ साताका बीच दर्जनभन्दा बढी स्थायी शिक्षकहरू जिल्लान्तर सरुवा भइ गएका छन्।

लामो समयदेखि सिन्धुपाल्चोकमा रही विभिन्न विद्यालयहरूमा शिक्षण गर्दै आएका उनीहरू आ-आफ्नो गृह जिल्लामा जिल्लान्तर सरुवा भई गएका हुन्। 'पछिल्लो २ सातामा १४ जना स्थायी शिक्षकहरू जिल्लान्तर सरुवा भएर गएका छन्', जिल्ला शिक्षा कार्यालय विद्यालय प्रशासन शाखाका प्रकाश रानाभाटले भने- 'चैतपछि शिक्षा कार्यालय नरहने चर्चा चलिरहँदा स्थानीय तहले सरुवामा कडाइ गर्नसक्ने डरले जिल्लान्तर सरुवाको क्रम बढेको हुनसक्छ।'

**सुनसान बन्दै शिक्षा कार्यालय**

दैनिक १ सयभन्दा बढी सेवाग्राहीको चाप, कर्मचारीलाई खाजा खाने फुर्सद निकाल्नै हम्मे पर्दथ्यो तिनताका । सेवाग्राहीको अत्याधिक चाप हुने जिल्लास्थित सरकारी कार्यालयमध्येको एक जिल्ला शिक्षा कार्यालय यतिबेला सुनसान छ। ३० जनाको दरबन्दी रहेको शिक्षा कार्यालयमा यतिबेला ४ जना मात्र कर्मचारी भेटिन्छन्। उनीहरू पनि कार्यालय रुँगेरै बस्नुपरेको छ। शिक्षकको तलब स्थानीय तहबाटै निकाशा हुने भएपछि शिक्षा कार्यालयमा सेवाग्राही भेट्नै मुस्किल छ। 'शिक्षकको तलब स्थानीय तहबाटै जाने भएपछि चाप घट्दै आयो, अहिले त शिक्षक नियुक्ति र सरुवाकै काम पनि स्थानीय तहले गर्न थालेपछि कार्यालय सुनसान बनिरहेको छ', जिल्ला शिक्षा कार्यालयका एक कर्मचारी भन्छन्- 'नियुक्तिको अनुमतिका लागि आउनेलाई यतैबाट पनि अनुमति दिइरहेका छौं।' शिक्षक नियुक्तिका लागि स्थानीय तहबाटै अनुमति दिन शुरू भए पनि छिटफुट रूपमा अनुमतिका लागि जिल्ला शिक्षा कार्यालयमै आउने गरेको ती कर्मचारीले बताए। 'स्थानीय तहप्रति विश्वास नलागेर कतिपय विद्यालयले जिल्ला शिक्षा कार्यालयबाटै अनुमति लिइरहेका छन्' -ती कर्मचारीले भने।

पछिल्लो २ महिनायता जिल्ला शिक्षा कार्यालयमा काम लिएर सेवाग्राही आउनै छाडेका छन् भन्दा फरक पर्दैन। शिक्षकको तलब सोझै स्थानीय तहबाटै जानेभएपछि जिल्ला शिक्षा कार्यालयमा ५० प्रतिशत चाप घटेको थियो। पछिल्लो समयमा शिक्षक नियुक्ति र सरुवासँगै कक्षा ८ को जिल्लास्तरीय परीक्षा पनि स्थानीय तहले सञ्चालन गर्ने भएपछि कार्यालय सुनसान बन्न पुगेको शिक्षा कार्यालय स्रोतले बतायो। दैनिकजसो आठदश जना मानिसहरू काम लिएर आउने गरेको भए पनि कुनै दिन त एक जना पनि सेवाग्राही नहुने शिक्षा कार्यालयका कर्मचारी बताउँछन्।

'स्थानीय तह निर्वाचनको २ महिनापछि सेवाग्राहीको चाप घट्दै गयो, अहिले त सुनसान जस्तै छ', जिल्ला शिक्षा कार्यालयको विद्यालय प्रशासन शाखामा भेटिएका नासु देवराज पौडेल भन्छन्- सिफारिसका काम लिएर छिटफुट सेवाग्राही आइरहेका छन्।' खाता सञ्चालन, स्थानीय तहको सहमतिपत्रका आधारमा सरुवा, निवृतिभरणको सिफारिस र राजीनामा स्वीकृतका काम छिटफुट रूपमा जिल्ला शिक्षा कार्यालयबाटै हुने गरेको उनले जानकारी दिए। 'अहिले दोहोरो रूपमा काम भइरहेको छ, स्थानीय तहबाट पनि नियुक्तिको अनुमति र सरुवाको काम भइरहेको छ, यहाँबाट पनि भइरहेको छ।' -पौडेलले भने।

## ७ हजारले लिए निःशुल्क स्वास्थ्य सेवा

नेपाल समाचारपत्र

हेटौंडा

मकवानपुरमा स्वास्थ्य बिमा गराएका ३४ हजारमध्ये ७ हजार एक सय ३ जनाले स्वास्थ्य संस्थाबाट निःशुल्क स्वास्थ्य सेवा लिएका छन्।

सरकारले चालू आर्थिक वर्षबाट शुरू गरेको स्वास्थ्य बिमाबाट विमितले निःशुल्क सेवा लिएका हुन्। स्वास्थ्य बिमा बोर्डमार्फत् भएको स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत ९ सय २८ प्रकारका औषधिसमेत निःशुल्क पाउन सकिने व्यवस्था छ।

मकवानपुरका ३४ हजार सर्वसाधारणले स्वास्थ्य बिमा गराएका छन्। असारबाट मकवानपुरमा शुरू भएको स्वास्थ्य बिमा माघ महिनासम्म ३४ हजार जनाले स्वास्थ्य बिमा गराएको जिल्ला संयोजक नरबहादुर खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लाबाट हालसम्म ८ करोड ५० लाख रुपियाँबराबरको स्वास्थ्य बिमा भएको छ।

स्वास्थ्य बिमा गर्नेहरूको मनहरी स्वास्थ्य चौकी, भीमफेदी स्वास्थ्य चौकी, छतिवन स्वास्थ्य चौकी, पालुङ स्वास्थ्य चौकी, हेटौंडा सामुदायिक आँखा अस्पताल र हेटौंडा अस्पतालमा निःशुल्क स्वास्थ्य उपचार भइरहेको छ। हाल सेवाप्रदायक संस्थाका रूपमा चुरेहिल हस्पिटल पनि थपिएको उहाँले बताउनुभयो। स्वास्थ्य सेवामा थप सहजता ल्याउन चुरेहिल हस्पिटल थपिएको उहाँले जानकारी दिनुभयो।

स्वास्थ्य बिमालाई गति दिन बुधबारबाट जिल्लाको १० वटै स्थानीय तहमा अभिमुखीकरण सञ्चालन गर्न शुरू गरिएको उहाँले बताउनुभयो। अभिमुखीकरणसँगै स्थानीय तहमा प्राविधिक सुरक्षा समन्वय समिति गठन गर्ने तयारी छ। उहाँले सेवाग्राहीहरूको बुझाइमा फरक पाइएको बताउनुभयो।

स्वास्थ्य बिमा गराएका बिरामीले सबै प्रकारको औषधि निःशुल्क नपाउन पनि सक्छन्। नेपाल सरकारले तोकेको ९ सय २८ प्रकारका औषधिमात्र निःशुल्क पाउँछन्। पछिल्लो तीन महिना कात्तिक, मंसिर र पुसमा थप ६ हजारले स्वास्थ्य बिमा गराएको उहाँले जानकारी दिनुभयो।

उहाँले स्वास्थ्य बिमाबारे सबैलाई जानकारी नभएको र जानकारी हुनेले शुरूआतमा बिमा गराए। अबको काम बिमासम्बन्धी अभिमुखीकरण गराउने मुख्य छ। स्थानीयहरूलाई बिमा अभिमुखीकरण बिमाकर्ताले नै गरिरहेका छन्।

नेपाल सरकारले स्वास्थ्य सेवामा सबैको पहुँच बढाउन र स्वास्थ्य सेवा शुल्कमा सहजता ल्याउने उद्देश्यले सामाजिक सुरक्षा बिमा कार्यक्रम सञ्चालनमा ल्याएको हो। जिल्ला संयोजक खड्काका अनुसार मकवानपुरका बिकट क्षेत्रहरूबाट फाराम संकलन भइरहेको छ।

जिल्लामा १ सय २७ जना बिमा सहयोगीमार्फत् स्वास्थ्य बिमा भइरहेको बताइएको छ। हेटौंडाबाट रिफर गरिनुपर्ने अवस्थामा भरतपुर र काठमाडौंका अस्पतालहरूमा सिफारिस गरिने उहाँले जानकारी दिनुभयो। बाहिरी जिल्लामा रिफर गरिएको बिरामीहरूले सोही अस्पतालबाट सेवा लिन पाउने व्यवस्था रहेको छ। स्वास्थ्य बिमाका लागि ५ जनाको परिवारले वार्षिक २ हजार ५ सय रुपियाँ बुझाउनुपर्ने बताइएको छ। परिवार संख्या ५ जनाभन्दा बढी भए प्रतिसदस्य ४ सय २५ रुपियाँका दरले थप रकम बुझाउनुपर्ने उहाँले जानकारी दिनुभयो।

यसरी बिमा गराएका परिवारले वार्षिक ५० हजार रुपियाँसम्म निःशुल्क उपचार गर्न पाउँछन्। स्वास्थ्य बिमा स्वेच्छिक भएकाले सबैको ध्यान जान नसकेको उहाँले बताउनुभयो।

## इन्जिनियर हेरफेरले पुनर्निर्माण प्रभावित

हेटौंडा, (नेस)

असारसम्ममा थाहा नगरमा ९० प्रतिशत पुनर्निर्माण सकिने थाहानगर प्रमुख लवशेर विष्टले दाबी गरेका छन्। सोमबार भूकम्पपछिको पुनर्निर्माणमा सदाचार पुनर्निर्माणसम्बन्धी जनप्रतिनिधिसँगको छलफलमा विष्टले यस्तो बताउनुभएको हो।

नगर प्रमुख विष्टले उपलब्ध जनशक्तिले मात्र नपुगेका कारण पुनर्निर्माणमा ढिलाइ भएको बताउनुभयो। नागरिकका लागि आवास जरुरी भए पनि आफू जनप्रतिनिधि भए पनि आफ्ना जनताको आवास निर्माण गर्न नसकिएकोमा दुःख लागेको उहाँले बताउनुभयो।

गुनासो राख्दै वडाध्यक्षहरूले पुनर्निर्माणमा इन्जिनियरहरूको हेरफेर भएका कारण लाभग्राहीलाई समस्या भएको बताए। इन्जिनियरहरू हेरफेर हुनाले लाभग्राहीका फाइल फरवार्ड भए/नभएका जानकारी नहुने र पीडितलाई आवश्यक पर्दा इन्जिनियर उपलब्ध हुने नगरेको उनीहरूले बताए।

भ्रष्टाचारविरुद्ध दबाब सिर्जना गर्ने नागरिक संस्थाका रूपमा रहेको ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालले भूकम्पपछिको पुनर्निर्माण र पुनर्स्थापनामा सदाचार कार्यक्रम सञ्चालन गरेको हो।

कार्यक्रममा थाहानगरका वडाध्यक्ष, सदस्य, सरोकारवाला तथा जनप्रतिनिधिले आफ्ना बुझाइ, भोगाइ, समस्या र गुनासा प्रस्तुत गर्दै छलफल गरेका थिए।

थाहानगरमा ५ हजार ८ सय १० लाभग्राही छन्। फागुन १५ सम्म ४ हजार ७ सय ८४ परिवारले पहिलो किस्ता, ५ सय ७१ परिवारले दोस्रो किस्ता र १ सय ५ परिवारले नगरपालिकासँग सम्झौता गरी तेस्रो किस्ता लिइसकेको थाहानगरले जनाएको छ। चित्लाङ, लमन्ती, आग्रा टिष्टुङको ५ सय ८४ घर राडो नेपालको समन्वयमा निर्माण सम्पन्न भएको छ।

## आजबाट काभ्रे महोत्सव धुलिखेलमा

काभ्रे, (नेस)

आजबाट धुलिखेल उद्योग वाणिज्य संघले धुलिखेलको रंगशालामा काभ्रे महोत्सव आयोजना गरेको छ। महोत्सवको उद्योग मन्त्री मातृका यादवले उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

चैत्र ३ गतेसम्म आयोजना गरिएको अध्यक्ष मञ्जुकुमार कौँजुले जानकारी दिए। महोत्सवको पूर्वसन्ध्यामा प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको छ। महोत्सवको बारेमा जानकारी दिन आयोजना गरिएको पत्रकार सम्मेलनमा महोत्सवमा विकास, सुशासन र अग्रगमनको आधारः नेपालको आर्थिक समृद्धिको बहारको नारा तय भएको बताइएको छ। महोत्सवको जिल्ला समन्वय समिति, धुलिखेल नगरपालिका, नेपाल उद्योग वाणिज्य संघ, काभ्रे उद्योग वाणिज्य संघ, क्षेत्रीय होटल संघ काभ्रेको लगायतको सह आयोजना रहेको छ।

नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
सिंहदरवार, काठमाडौं

**प्रस्ताव आह्वानको सूचना**

सूचना नं. ०३/०७४/०७५
प्रथम पटक प्रकाशित मिति : २०७४/११/२३

यस मन्त्रालयको आ.व. ०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम Mid-Term Monitoring and Evaluation of National Biodiversity Strategy and Action Plan (2014-2020) परामर्श सेवा खरिदको माध्यमबाट मिति २०७५ जेष्ठ मसान्त भित्र सम्पन्न गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक व्यक्ति, संस्था, फर्म वा कम्पनीबाट प्रस्ताव आह्वान गरिएको छ । प्रस्ताव सम्बन्धी कागजात मिति २०७४/१२/०७ गते भित्र मन्त्रालयको खरिद एकाई शाखाबाट प्राप्त गरी २०७४/१२/०८ गते दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ । प्राप्त प्रस्ताव सोही दिन दिनको २:०० बजे खोलिनेछ ।

**आवश्यक कागजातहरु :**

१. फर्म दर्ताको प्रमाणपत्र, आ.व. ०७३/०७४ को कर चुक्ताको प्रमाणपत्र, मु.अ.क. दर्ताको प्रमाणपत्रको प्रतिलिपी र संस्थाको विगत ३ वर्षको बित्तीय अवस्था सम्बन्धी कागजात, व्यक्तिगत प्रस्ताव दाताको हकमा ४ वर्ष ।
२. दुई वा दुईभन्दा बढी फर्म वा कम्पनीले समुह संगठन वा संयुक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्तो फर्मको कम्पनीको नाम ठेगाना विवरण तथा मुख्य भई काम गर्ने फर्म वा कम्पनीको नाम र ठेगाना ।
३. प्रस्ताव छनौट सम्बन्धी सम्पूर्ण अधिकार सार्वजनिक निकायमा हुने, छनौट प्रक्रिया नेपाल सरकार सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी निर्देशिका बमोजिम हुने र छनौट सूचीमा परेका परामर्श दाताहरुबाट मात्र प्रस्ताव माग गरिने छ ।
४. प्रस्ताव दर्ता लगायत थप जानकारीको लागि ठेगाना :
**वन तथा वातावरण मन्त्रालय (खरिद एकाई शाखा)**
**फोन नं. ४२११७०३, Ext no 111**

## ५ हजार कक्षाकोठाका विद्यार्थी खुला आकाशमुनि

मोतीराम तिमल्सिना, काभ्रे

२०७२ वैशाख १२ र २९ गते गएको भूकम्पबाट क्षति भएका सामुदायिक विद्यालयका विद्यार्थीहरू अझै खुल्ला आकाशमुनि बसेर अध्ययन गर्न बाध्य भएका छन्। सरकारी, गैरसकारी क्षेत्रबाट निर्माण भएका २ सय कक्षाकोठाबाहेक ५ हजार कक्षा कोठामा अध्ययन गर्ने विद्यार्थीहरू अझै बालमैत्री सुविधाबाट वञ्चित छन्।

काभ्रेपलाञ्चोक जिल्लामा भूकम्पले क्षति पुऱ्याएका सामुदायिक विद्यालयका ४ सय ९६ विद्यालयमा रहेका ५ हजार २ सय २० वटा कक्षाकोठा क्षति भएकोमा ९ सय ५४ वटा कोठा पूर्णक्षति र ९ सय १४ वटा कक्षाकोठा आंशिक क्षति भएका थिए। जसमध्ये २ सय कक्षाकोठा निर्माण भइसकेको जिल्ला कार्यान्वयन इकाइका प्रमुख शरद भण्डारीले बताए।



धुलिखेल नगरपालिका वडा नं. १ देवीटारमा रहेको देवीस्थान माध्यमिक विद्यालयको नव निर्मित ८ कोठे भवनको उद्घाटन कार्यक्रममा तथ्यांक प्रस्तुत गर्दै भण्डारीले विद्यालयको अवस्थाका बारेमा जिल्लागत तथ्यांक प्रस्तुत गरेका थिए। भूकम्प अतिप्रभावित १४ जिल्ला र कम प्रभावित १८ जिल्ला गरी ३२ जिल्लामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले निजी आवास, सांस्कृतिक सम्पदा, शैक्षिक संस्था, स्वास्थ्य संस्था पूर्वाधारतर्फ सडक, सिंचाइ, खानेपानी तथा राष्ट्रिय धरोहरलगायतका क्षेत्रको पुनर्निर्माणको काम भइरहेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत युवराज भुसालले बताए।

कार्यकारी अधिकृत भुसालले पुनर्निर्माणमा सबैको साथ सहयोग र ऐक्यबद्धताले मात्रै पूरा हुने बताए। भुसालले देश भरमा साढे सात हजार विद्यालय क्षति भएकोमा करिब ३ हजार विद्यालय भवन निर्माण भइसकेको बताए। 'अब एक हजार ५ सय बन्दै छन्, ४ हजार ५ सयको हाराहारीमा विद्यालय बन्दै छ', उनले भने- 'बाँकी रहेको झण्डै ३ हजार शैक्षिक संस्था बन्ने तयारीमा रहेकोमा यसै आर्थिक वर्षभित्रमा बनाइ सक्नेछौं।'

शैक्षिक क्षेत्रका लागि ४०/५० अर्ब रकम आवश्यक रहेको बताउँदै भुसालले भन्दै त्यसको व्यवस्थापनका लागि प्राधिकरण रकमको खोजीमा रहेको बताए। सेभ द चिल्ड्रेनको आर्थिक तथा प्राविधिक सहयोग, नाङशाल एसोसिएसन नेपालको साझेदारी एवं जिल्ला शिक्षा कार्यालय र जिल्ला कार्यान्वयन इकाइको समन्वयमा निर्मित ८ कोठे विद्यालय भवन निर्माण गरिएको हो। कुल १ करोड ४० लाख २८ हजार ४६९ मा निर्माण भएको सो भवन अपांगमैत्री र बालमैत्री रहेको छ।

२०७४, फागुन
बुधबार
२३

स्थानीय सरकारले विकासको मेरुदण्ड ठानिने सडकलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गरेको देखिएको छ।

# नेपाल

## स्थानीय निकायको विकासको पहिलो प्राथमिकता सडक

# न्यूनतम ५० हजार रूपियाँदेखि ३ करोडसम्मका आयोजना

**कविराज नेपाल, पाल्पा**

पहाडी जिल्ला पाल्पाका विकट गाउँहरूमा मोटरबाटो पुर्‍याइ जनताको जीवनस्तर माथि लैजाने उद्देश्यका साथ विकासको पहिलो पूर्वाधारका रूपमा सडक निर्माणलाई स्थानीय जनप्रतिनिधिले प्राथमिकतामा पार्ने गरेको पाइएको छ। जिल्लामा रहेका २ नगरपालिका र ८ गाउँपालिकामध्ये सबैको प्राथमिकता सडक बताउँछन्। नगरप्रमुख शाहीको भनाइमा गाउँ र शहरलाई जोडने प्रमुख माध्यम भनेकै सडक हो र सडक निर्माणपछि विकासका अरु संभावनाहरू पनि खुल्दै जाने भएकाले सडक निर्माणलाई पहिलो प्राथमिकता दिनुपरेको हो। यस्तै भनाइ गाउँपालिकाका अध्यक्षहरूको पनि छ। 'खास गरी युवा जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न र उनीहरूको श्रम र सीपलाई स्वदेशमै उपयोग गर्ने मुख्य माध्यम कृषि व्यवसाय भएकाले कृषिको आधुनिकीकरणसँगै सडक निर्माण गर्दा रकम अपुग भएकाले यसपटक सबैको माग सडक निर्माण भएको रिब्दीकोट गाउँपालिकाको अध्यक्ष नारायण जीसीले बताए । अध्यक्ष जीसीका अनुसार गाउँपालिकाले सडकका लागि २ करोडभन्दा बढी रकम विनियोजन गरेको छ ।

जिल्लामा थोरैमा ५० हजार रूपियाँदेखि डेढ करोड रूपियाँसम्मका एउटै सडक योजनाका लागि रकम विनियोजन गरेको सम्बद्ध गाउँपालिकाका प्राविधिकहरू बताउँछन्।



निर्माण रहेको छ।

त्यसै कारण स्थानीय सरकारले विकासको मेरुदण्ड ठानिने सडकलाई पहिलो प्राथमिकतामा राखेर कार्यान्वयन गरेको देखिएको छ। जिल्लामा स्थानीय निकायमा जनप्रतिनिधि निर्वाचित भएपछि सडकको स्तरोन्नतीतर्फ भन्दा नयाँ ट्र्याक खोल्न धेरै बजेट विनियोजन गरी कार्यान्वयन चरणमा पुगेको सम्बन्धित स्थानीय निकायका प्रमुखको भनाइ छ।

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही जिल्ला सदरमुकाम तानसेनमा पछिल्लो समय तत्कालीन गाउँविकास समितिमा रहेका केही गाउँहरू थपिएको र पुरानै नगरापालिकाका सबै बस्तीहरूमा सडकको पहुँच राम्रो नभएका कारण यस वर्ष सडक निर्माणको वर्षका रूपमा नगरपालिकाले प्राथमिकताका साथ काम गर्ने बजारसम्म पुर्‍याउन पनि सडक चाहिएको हो।'- रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रामबहादुर कार्की भन्छन्।

त्यस्तै माथागढी गाउँपालिकाको अध्यक्ष सन्तोष थापाका अनुसार गाउँमा किसानहरू व्यवसायउन्मुख भएको र उनीहरूले उत्पादन गरेको कृषि उपज बजारसम्म पुर्‍याउनका लागि र सहज रूपमा आवतजावतका लागि पनि सडकलाई मुख्य प्राथमिकतामा राखेर बजेट विनियोजन गर्नुपरेको हो। पूर्वखोला गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापाले सडकलाई नै प्राथमिकता दिएर गाउँपालिकाले ३ करोड ६ लाख ३५ हजार रूपियाँ विनियोजन गरेको जानकारी दिए।

बजेट तथा नीति कार्यक्रम निर्माण, कार्यान्वयनका लागि पूर्ण अधिकारसहित सबै स्थानीय तहमा प्राविधिकहरूको व्यवस्था भएमा विगतमा कम बजेटले बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्ण बस्याल आफ्नो गाउँपालिकाले १ करोडभन्दा बढी रूपियाँ सडकलाई विनियोजन गरेको उनले बताए। जिल्लाभित्रका ३ वटा मुख्य सडकहरू जिल्ला विकास समितिले निर्माण गरेर स्तरोन्नति गरी कालोपत्रेसमेत गरिसकेको छ। यिनै ३ वटा सडकलाई गाउँबस्तीसम्म जोडिनका लागि स्थानीय तहले यस वर्ष ५० करोडभन्दा बढी रकम खर्चिएका छन्। जिल्लाको सबै स्थानीय तहसम्म सडक सञ्जालले जोडिएको छ। पछिल्लो समयमा ट्र्याक खोलिएका सडकहरूमा वर्षायाम शुरू हुनासाथ सवारीका साधनहरू ठप्प हुने गर्दछन्। तिनै सडकहरूमा बाह्रै महिना सवारीका साधन सञ्चालन गर्न सकिने गरी स्तरोन्नतिको पनि काम भएको रैनादेवी गाउँपालिका अध्यक्ष रामबहादुर कार्कीले बताए।

## भालुको आक्रमणबाट महिला गम्भीर

बैतडी, (नेस)

भालुले आक्रमण गर्दा बैतडीमा आज १ महिला गम्भीर घाइते भएकी छन्। गम्भीर घाइते हुनेमा दशरथचन्द नगरपालिका ४ की ४५ वर्षीया झुपा पाण्डेय रहेकी नेपाल रेडक्रस सोसाइटी शाखा बैतडीका सभापति भीमदत्त पाण्डेयले जानकारी दिनुभयो।

बाख्रा चराउन गएका बेला झुपालाई दशरथचन्द नगरपालिका ४ र ९ को सीमाना पर्ने कोटकला जंगलमा भालुले आक्रमण गरेको हो। घाइते महिलाको घाँटी, हातखुट्टामा गम्भीर चोट लागेको छ। घाइते पाण्डेयलाई अस्पताल लैजाने तयारी भएको छ।

# नगरपालिका कार्यालयमा कर्मचारीको तालाबन्दी

**नेपाल समाचारपत्र**

रौतहट

रौतहटको राजपुर नगरपालिकामा मङ्गलबार कर्मचारीहरूले तालाबन्दी गरेर आन्दोलनमा उत्रिएका छन्। प्रथम नगरसभाबाट पारित योजना कार्यान्वयमा नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच भएको बिबादले नगरपालिकाका तालाबन्दी गरिएको हो। नगरप्रमुख र प्रशासकीय अधिकृतबीचको बिबादले भएको तालाबन्दीका कारण सेवाग्राहीको काम हुन सकेको छैन।

नगरप्रमुख शेष सकिलले कमिसन लिँदै स्टेसनरीलगायतका मसलन्द खरिद गरेर बिलभुक्तानी लिने गरेको आरोप नगरपालिकाका प्रशासकीय अधिकृत जगतप्रसाद साहको रहेको छ। उता नगरप्रमुख शष सकिलले भने निमित्त प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद साहले कमिसनका लागि आफूखुसी गरेकाले त्यसो नगर्न भनिएको बताउनुभयो। कार्यपालिका र नगरसभाबाट बिनियोजित बजेटअनुसारै यसआर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने योजनाका लागि गठित उपभोक्ता समितिलाई कार्यादेश दिनुको सट्टा नगरप्रमुख सकिलले प्रहरी प्रशासनमार्फत रोकेको आरोप प्रशासकीय अधिकृत साहको रहेको छ।

प्रशासकीय अधिकृत साहका अनुसार नगरसभाबाट पारित भएअनुसारका योजना सम्पन्न गर्नका लागि नगरप्रमुख सकिललेनै टिप्पणी उठाउने र सदर गर्नेसम्मको काम गरेका हुन्। नगरसभाले लिएको नीतिअनुरूप आफू चल्दा नगरप्रमुखबाट आफूमाथि अभद्र व्यवहार भएकाले नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेर सबै कर्मचारी हडतालमा उत्रिएका प्रशासकीय अधिकृत साहले बताउनुभयो। प्रमुख प्रशासकीय अधिकृत साहको नेतृत्वमा प्रमुख जिल्ला अधिकारी उद्धवकुमार थापालाई समेत यस विषयमा जानकारी गराइएको कर्मचारीहरूले जनाएका छन्।

## छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु

लमजुङ, (नेस)

लमजुङमा छुट्टाछुट्टै दुर्घटनामा २ जनाको मृत्यु भएको छ। ती घटना जिल्ला सदरमुकाम र जिल्लाको सुन्दरबजार नगरपालिकामा भएको हो।

सुन्दरबजार नगरपालिका- ६ पुरानो डिहीमा एकाबिहानै टयाक्टर दुर्घटना हुँदा त्यसका चालक सुन्दरबजार- ७ सातबिसे निवासी २१ वर्षीय रविन वीसीको मृत्यु भएको इलाका प्रहरी कार्यालय भोटेओडारले जनाएको छ। प्रहरीका अनुसार ना ५ त ६७२७ नम्बरको ट्याक्टर बिहान साढे ७ बजे सुन्दरबजार बरेटारबाट नारयणस्थानतर्फ जाँदै गरेको पुरानोडिहीमा अनियन्त्रित भई पल्टिदा दुर्घटना भएको हो। ट्याक्टर सडकबाट ७ मिटर तल खसेको प्रहरी भनाइ छ।

सो दुर्घटनामा गम्भिर घाइते चालकलाई उपचारका लागि स्थानीय कर्मदा हस्पिटलमा लगे पनि उपचारको क्रममा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख निरबहादुर अधिकारीले जानकारी दिनुभयो।

त्यस्तै, लमजुङको जिल्ला सदरमुकाम बेंसीशहर नपा- ८ दनाइफाँटमा घरको छतबाट खसेर एक बालिकाको मृत्यु भएको छ। बेंसीशहर बसी ज्याला मजदुरीको काम गर्दै आएका सुवास विकको ४ वर्षे छोरीको छतबाट खसेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। बिहानको खाना खाएपछि लुगा धोएर सुकाउन छतमा गएकी आफ्नी आमालाई पछ्याउँदै पुगेकी सुप्रिया विक २ तले घरको छतबाट तल खसेकी हुन्।

घाइते बालिकालाई तत्काल जिल्ला अस्पताल लगिए पनि आफ्नोमा उपचार सम्भव नभएको भन्दै पोखरा रिफर गरेको थियो। पोखरा लग्दै गर्दा बेंसीशहर बजार कट्न नपाउँदै उनको बाटोमै मृत्यु भएको प्रहरीको भनाइ छ।

लमजुङको क्होलासोँथर गापा- ३ घलेगाउँ घर भएका विक परिवार लामो समयदेखि बेंसीशहरमा बसेर ज्याला मजदुरीको काम गर्दै आएका छन्।

## ४५ लाखसहित भारतीय नागरिक पक्राउ

विराटनगर, (नेस)

४५ लाख नगद रकमसहित विराटनगरमा एक जना भारतीय पक्राउ परेका छन्। कारको सिटमुनि फल्स चेम्बरमा नगद लुकाएर ल्याउने क्रममा भारत अररिया जिल्ला फारबीसगञ्ज-१ का ४५ वर्षीय नारायण शाहलाई प्रहरीले पक्राउ गरेको हो।

शाहले चलाएर ल्याउँदै गरेको कारको अगाडिको सिटमुनि फल्स चेम्बरभित्र लुकाएर राखिएको नगदसमेत प्रहरीले बरामद गरेको छ। बरामद गरिएको रकममा १ हजार दरको नोट ३४ सय थान,५ सय दरको २१ सय थान र १ सय दरको नोट ५ सय थान रहेको छ। भन्सार क्षेत्रबाट आज बिहान नियन्त्रणमा लिइएका व्यक्तिसहित रकम ओसार्न प्रयोग गरिएको कार र बरामद रकम मोरङ प्रहरीले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ।

## छोरीद्वारा बाबुको काजकिरिया

पर्वत, (नेस)

जन्मदिने बाबुआमाको काजकिरिया छोराले नै गर्नुपर्दछ भन्ने परम्परा तोड्दै पर्वत जिल्लाको जलजला गाउँपालिका-७ साविक धाइरिङ निवासी सरिता परियारले आफूलाई जन्मदिने बाबुको काज किरिया बसेकी छिन्।

डिले दमाईकी छोरी सरिता परियार आफ्नै जन्मदिने पिताको किरिया बसेकी हुन्। डिले दमाईको आइतबार ६५ वर्षको उमेरमा निधन भएपछि १७ वर्षीया उनकी छोरीले किरिया गरेकी हुन्।

किरियामा रहेकी परियारलाई छोरीले काजकिरिया गर्दा राम्रो नहुने गाउँलेको भनाइभन्दा पनि जन्मदिने बाबुको काजकिरिया गर्न पाउँदा आफूलाई सौभाग्य ठानेको बताइन्।

उनी सुकुम्बासी परिवार भएकाले उनका पिताको किरिया खर्च जुटाउन कठिन परेको स्थानीय दुर्गाबहादुर दर्जीले बताए। सरिताले १२ कक्षामा अध्ययन गरिरहेकी छिन्। उनका बाबुको उपचारार्थ गाउँलेले चन्दा उठाएर पोखरा हस्पिटल लगेका थिए।

बाबुको अन्त्येष्टिपछि उनलाई बूढी आमा पाल्न र प्राण धान्न कठिन देखिएपछि उनले सहयोगको अपिल गरेकी छिन्। १० दिने किरियामा बसेकी उनलाई छोरीले किरिया बस्दा राम्रो नहुने गाउँलेको भनाइलाई पुरातनवादी पितृसतात्मक सोचको उपज भएको बताउँछिन्।

## १५ शैयाको सामुदायिक अस्पतालको सम्पूर्ण सेवा बन्द

# आर्थिक, दक्ष चिकित्सक र बिरामी अभाव प्रमुख कारण

**गणेश घिमिरे, इलाम**

इलाम नगरपालिकामा करिब बाह्र वर्षअघि स्थापना भएको डाक्टर मेघबहादुर पराजुली सामुदायिक अस्पतालको सम्पूर्ण सेवा पूर्णरूपमा बन्द भएको छ। इलाम नगरपालिका वडा नम्बर ८ सिङफ्रिङ्गमा रहेको सो अस्पताल आर्थिक, दक्ष चिकित्सक र बिरामी अभावका कारण बन्द भएको हो।

स्थापना भएको करिब ५ वर्षसम्म निकै राम्रोसँग सञ्चालन भएको सो अस्पताल बिगत १ हप्तादेखि पूर्णरूपमा बन्द भएको हो। हिमालयन हेल्थ केयर काठमाडौंद्वारा सञ्चालित अस्पतालमा दक्ष चिकित्सक अभावका कारण बिरामी आउन छोडेपछि अस्पताल बिगत चार/पाँच वर्ष अधिबाटै सुनसान बन्दै गएको थियो। स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका बिरामीलाई सस्तो र भरपर्दो सेवा पुर्‍याउने उद्देश्यका साथ स्थापना भएको अस्पतालमा बिरामी नआएपछि त्यहाँ कार्यरत कर्मचारी घाम तापेर बस्न बाध्य थिए।

२०६१ सालमा डाक्टर मेघबहादुर पराजुली क्लिनिकको नाममा स्थापना भएको उक्त अस्पतालले ३ वर्षपछि स्वास्थ्य मन्त्रालयबाट १५ शैयाको सामुदायिक अस्पतालका रूपमा स्वीकृत पाएको थियो। 'सञ्चालन भएको पाँच/छ वर्षसम्म २४सै घन्टा बिरामीको चापाचाप हुन्थ्यो' अस्पतालका पूर्वकर्मचारी रविन रायाले भने 'तर बिस्तारै-बिस्तारै चिकित्सकको अभाव, बिरामी भर्ना अत्यन्त न्यून हुँदा अहिले सेवा नै बन्द हुन पुगेको छ।'

अस्पताल स्थापनापछि २०६६ सालसम्म बहिरङ्ग, अन्तरङ्ग, साधारण ए-क्सरे, भिडियो एसीजी, प्रसूति सेवा, दन्त सेवा, आँखा उपचारलगायतका स्वास्थ्य सेवा दिँदै आएको थियो। तर पछिल्लो समय हिमालयन हेल्थ केयर संस्थाले दक्ष डाक्टर उपलब्ध नगराएपछि अस्पतालमा सामान्य सेवा लिन पनि बिरामी आउन छाडेका थिए। सामुदायिक अस्पतालको अवस्था दिनदिनै नाजुक भएपछि यहाँका स्थानीय निकाय, स्थानीयवासी तथा सरोकारवालाको सहयोग नपाएको भन्दै कर्मचारीले गुनासो पोख्दै आएका थिए।

अस्पताल सञ्चालनका लागि गठन भएको व्यवस्थापन समिति पनि राजनीतिक हानथापका कारण निस्क्रिय बनेको थियो। हिमालयन हेल्थ केयर संस्थाबाट अस्पतालमा विदेशी डाक्टर पठाएर सेवा दिँदै आए पनि नेपाल मेडिकल काउन्सिलले विदेशी डाक्टर ल्याउन रोक लगाएपछि उक्त अस्पतालको स्वास्थ्य सेवा ठप्प नै भएको थियो। अस्पताल सञ्चालन गर्न वार्षिक रूपमा ७० लाखभन्दा बढी खर्च हुने गरेको अस्पताल प्रशासनले जनाएको छ।

संस्थाले पूर्वीपहाडी जिल्लाका जनताका लागि न्यून शुल्कमा सेवा पुर्‍याउनका लागि अस्पतालन सञ्चालन गरेको थियो। लामो समयदेखि अस्पताल सुनसान बनिरहेको थियो। सो समयमा अस्पतालले संस्थाको सहयोगमा जिल्लाका विभिन्न गाउँहरूमा स्वास्थ्य शिबिर सञ्चालन गरेको थियो। अहिले अस्पतालमा रहेको एम्बुलेन्स पनि काम नलाग्ने गरी बिग्रिएर थन्किएको छ।

अस्पतालले सम्पूर्ण सेवा बन्द गरेपछि अस्पतालको सेवा पुनः सञ्चालन गर्नका लागि सरोकारवाला निकायहरूसँग समन्वय तथा पहल भइरहेको अस्पतालका प्रशासकीय अधिकृत खेमराज घिमिरेले बताए। उनले भने- 'अस्पताल पूर्णरूपमा बन्द भएको छैन, अस्पतालले दिने सम्पूर्ण स्वास्थ्य सेवा मात्र बन्द भएको हो।'

मुद्दा नं. :२७-०७४-००१५२ फांट नं. ६

**मोरङ जिल्ला अदालतबाट जारी भएको प्रतिवादी जिल्ला रौतहट वस्ती विन्दिया गाउँपालिका वडा नं. ७ घर भई पर्सा विरगन्ज नगरपालिकास्थित इलाका प्रहरी कार्यालय परवानीपुरमा कार्यरत प्रहरी हवल्दार प्रमोद कुमार पालको ७ दिने म्याद ..................१**

वादी जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं. ४ बस्ने सुजितकुमार बस्नेत र प्रतिवादी जिल्ला रौतहट वस्ती विन्दिया गाउँपालिका वडा नं. ७ घर भई पर्सा विरगन्ज महानगरपालिकास्थित इलाका प्रहरी कार्यालय परवानीपुरमा कार्यरत प्रहरी हवल्दार प्रमोद कुमार पाल समेत भएको स्वतः सम्बन्ध विच्छेद मुद्दामा तपाईंको नाउँको म्याद बेपत्ते तामेल भई आएकोले मिति २०७४।११।१० का आदेशानुसार जिल्ला अदालत नियमावली, २०५२ को नियम २२ (क) नं. बमोजिम तपाईंको नाउँमा म्याद सूचना प्रकाशित गरिएको छ। यो म्याद सूचना प्रकाशित भएका मितिले बाटोको म्याद बाहेक ७ दिनभित्र आफ्नो सवुत प्रमाण लिई अदालत खुलेको समयमा आफैं तथा कानुनबमोजिमको प्रतिनिधि वा कानुन व्यवसायी मार्फत हाजिर हुन आउनुहोला। हाजिर नभए मुद्दा कानुनबमोजिम हुनेछ, पछि तपाईंको उजुर लाग्ने छैन।

इति सम्वत् २०७४ साल फागुन १३ गते रोज १ शुभम् ............ ।

**हार्दिक श्रद्धाञ्जली**



जन्म :
वि.सं. २०५६ साल
बैशाख पूर्णिमा

स्वर्गारोहण :
वि.सं. २०७४/११/११

**स्व. सिद्धार्थ रावल**

यस शाखाका कार्यकारिणी समितिका सदस्य श्री डा. के.वि रावलजीका सुपुत्र **सिद्धार्थ रावल**को असामयिक निधनबाट हामी अत्यन्तै स्तब्ध एवं मर्माहत भएका छौं। स्वर्गारोहणको आज १३औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

**बलराम श्रेष्ठ**
सभापति
तथा
**नेपाल ह्रदय रोग निवारण प्रतिष्ठान परिवार**
काठमाण्डौं शाखा, टेबहाल, काठमाण्डौं।

Government of Nepal
Ministry of Urban Development
**Central Level Project Implementation Unit (CLPIU)**
Babarmahal, Kathmandu

**Invitation for Request for Proposal (RFP)**
(First publication date: - 7 March, 2018)

1. Government of Nepal (GoN) through National Reconstruction Authority (NRA) has allocated fund toward the cost of **Detailed Retrofitting Design and Construction Supervision of Keshar Library, Kesharmahal (Contract Id No: MOUD/CLPIU/NRF/ Service/2074-075-3A)** and intends to apply a portion of this fund to eligible payments under this Contract.
2. The Ministry of Urban Development, Central Level Project Implementation Unit (MOUD/CLPIU) now invites proposals to provide the consulting services for **Detailed Retrofitting Design and Construction Supervision of Keshar Library, Kesharmahl (Contract Id No: MOUD/CLPIU/NRF/ Service/2074-075-3A).** More details on the services are provided in the Terms of Reference.
3. The Request for Proposal (RFP) has been addressed to the following short listed consultants:
   i. BDA/WeKI JV
   ii. CIC/ESS/FIDA JV
   iii. Digicon/IERC JV
   iv. ERMC, RND and D.B. Multi JV
   v. JSA-SWN-PDA JV
   vi. Pace/Miyamoto/ADA JV
4. A complete set of RFP Documents can be obtained within office hours up to the 27th March, 2018 from the CLPIU office by the shortlisted consultants on submission of a written application.
5. The Request for Proposal along with Technical and Financial Proposal should be submitted to CLPIU office at Babarmahal, Kathmandu (in the premises of DUDBC) on or before 12:00 PM, 28th March 2018. Any proposal received after the closing time for submission of proposals shall be returned unopened. The Technical Proposal Will be opened immediately after the last date and time of Proposal submission

Further information is available at above office **(CLPIU), Tel No. 4251795, 4269614**

**The Project Director**

# विश्व

**शिविर**
बंगालादेशको शरणार्थी शिविरमा रहन बाध्य म्यान्मारका मुस्लिम रोहिंग्याहरू।



**अवशेष**
दोस्रो विश्वयुद्धको दौरान समुद्रमा डुबेको अमेरिकाको विमानवाहक जहाजको अवशेष अस्ट्रेलियामा फेला परेको छ।




2018, MAR
Wednesday
7

## विश्व २ मिनेट

### भारत
#### रोजगारीको नौलो प्रस्ताव

कोलकाता, (एजेन्सी)

भारतको पश्चिम बंगाल राज्यकी मुख्यमन्त्री ममता बेनर्जीले दंगा भड्काउनेहरूलाई पक्राउ गर्न प्रहरीको मद्दत गर्नेलाई रोजगारी वा नगद इनाम दिने घोषणा गरेकी छिन्। राज्यको दुर्गापुर प्रशासनको एक बैठकमा उनले उक्त योजना सार्वजनिक गरेकी हुन्। ममता बेनर्जीले राष्ट्रिय स्वयंसेवक संघ र भाजपाका कार्यकर्ताहरूले युवाहरूलाई साम्प्रदायिक तनाव भड्काउन प्रयोग गरिरहेको आरोप लगाएकी छिन्। उनको आरोपलाई लिएर राज्यका भाजपा अध्यक्ष दिलिप घोषले सत्तारूढ तृणमुल आफैले साम्प्रदायिकताको सहारा लिइरहेको जवाफ दिएका छन्। उनले मुख्यमन्त्रीलाई यस विषयमा बोल्ने कुनै नैतिक अधिकार नभएको बताए।

### जर्मनी
#### अन्तरिक्ष प्रयोगशाला खस्ने

डाम्स्टाट, (एजेन्सी)

युरोपियन स्पेस एजेन्सी (ईएसए)ले चीनको टियांगोंग-१ अन्तरिक्ष प्रयोगशाला पृथ्वीमा खस्ने तिथिको नयाँ पूर्वानुमान जारी गरेको छ। लामो समयदेखि उक्त विशाल प्रयोगशाला पृथ्वीमा झर्ने भविष्यवाणी हुँदै आइरहेको थियो। साढे ८ टनको उक्त अन्तरिक्ष यान आगामी मार्च २४ देखि अप्रिल १९ को बीचमा पृथ्वीको वायुमण्डलमा प्रवेश गर्ने अनुमान गरिएको छ। यद्यपि ईएसएका अधिकारीहरूले यसलाई हचुवा अनुमान भएकोमा जोड दिए। उक्त अन्तरिक्ष प्रयोगशाला खस्न सक्ने क्षेत्रमा पृथ्वीको ४३ डिग्री उत्तरदेखि ४३ डिग्री दक्षिणमा पर्ने स्पेन, फ्रान्स, पोर्चुगल, ग्रिसजस्ता राष्ट्र पर्ने जनाएको छ।

### सिरिया
#### क्लोरिन आक्रमण

दमास्कस, (एजेन्सी)

लडाकूहरूको नियन्त्रणमा रहेको सिरियाको पूर्वी घेउटा क्षेत्रमा स्वास्थ्यकर्मीहरूले आशंकित क्लोरिन आक्रमणको कारण श्वास फेर्न समस्या भइरहेका मानिसहरूको उपचार भइरहेको मंगलबार जनाएका छन्। ५ घण्टा लामो युद्ध विरामलगत्तै संयुक्त राष्ट्र संघका अन्तिम दातृ दूत हिँडको केही घण्टापछि सरकारी फौजले सो क्षेत्रमा हवाई आक्रमण गरेको थियो। यस आक्रमणपछि नै स्थानीय बासिन्दामा श्वासप्रश्वाससम्बन्धी समस्या देखापरेको थियो। यसअघि पनि सिरियालाई सरकारलाई त्यहाँ क्लोरिन आक्रमण गरेको आरोप लगाइने गरिको थियो भने सरकारले त्यसको खण्डन गर्दै आएको थियो।

### म्यान्मार
#### जातीय सफाया

रोहिंग्या, (एजेन्सी)

संयुक्त राष्ट्र संघको मानव अधिकारसम्बन्धी एक अधिकारीले मंगलबार म्यान्मारको रखाइन राज्यमा अल्पमत मुस्लिम समुदाय रोहिंग्यामाथि सरकारी पक्षबाट जातीय सफाया हुने क्रम नरोकिएको जनाएका छन्। ती संयुक्त राष्ट्र संघीय दूतले ती समुदायबीच आतंक र बाध्यकारी भोकमरी जारी रहेको बताएका छन्। ६ महिनाअघि सेनाको दमनको कारण हजारौं रोहिंग्या विस्थापित हुन पुगेका थिए। गत अगस्टयता करिब ७ लाख रोहिंग्या छिमेकी मुलुक बंगलादेशमा पलायन भइसकेका छन्। तिनीहरूले आफूहरू हिंसा, हत्या, बलात्कार र आगजनीको शिकार भएको बताएका छन्।

# मुसलमानविरूद्ध हिंसापछि श्रीलंकामा संकटकालको घोषणा

कोलोम्बो, (एजेन्सी)

श्रीलंकामा मस्जिद तथा मुसलमानहरूको पसलमा शृंखलाबद्ध आक्रमण भएपछि त्यहाँको मन्त्रिपरिषद्ले देशमा संकटकालको घोषणा गरेको छ।

कैंडी शहरका केही इलाकामा कर्फ्यु लगाएको छ। कैंडीमा बौद्ध धर्म मान्ने सिंहालीहरूले मुसलमानहरूको पसलहरूमा आक्रमण गरी आगजनी गरेको समाचार आएको थियो। एउटा जलेको भवनबाट एक मुस्लिमको लास बरामद भएपछि श्रीलंकामा प्रहरीले बदलाको कारबाही हुन सक्ने आशंका गरेको छ। एक हप्ताअगाडि ट्राफिक रेड लाइटमा झगडा भएको घटनालाई लिएर केही मुसलमानले बौद्ध युवकलाई कुटपिट गरेका थिए। त्यहीबेलादेखि बौद्ध र मुस्लिम समुदायबीच तनावको स्थिति बनेको हो।

गत हप्ता श्रीलंकाको पूर्वीशहर अमपारामा मुस्लिम विरोधी हिंसा भएको थियो। श्रीलंकामा सन् २०१२ देखि नै साम्प्रदायिक तनावको स्थिति बनेको छ। त्यहाँका कट्टरपन्थी बौद्ध संगठन (बीबीएस) उक्त तनाव फैलाउनमा जिम्मेवार मानिन्छ।

केही कट्टरपन्थी बौद्ध समूहले मुसलमानहरूमाथि जबरजस्ती धर्म परिवर्तन गराउने र बौद्ध मठलाई नोक्सान पुऱ्याएको आरोप लगाएका छन्। गत दुई महिनाभित्र गालमा मुसलमानहरूको स्वामित्वमा रहेका कम्पनी तथा मस्जिदहरूमा आक्रमणका २० भन्दा धेरै घटना भइसकेका छन्। सन् २०१४ मा कट्टरपन्थी बौद्ध गुटले तीन मुसलमानको हत्या गरेका थिए। त्यसपछि गालमा दंगा भड्केको थियो। सन् २०१३ मा राजधानी कोलम्बोमा बौद्ध गुरुहरूकै नेतृत्वमा एक भिडले एउटा लुगा पसलमा आक्रमण गरेको थियो। उक्त कपडाको पसल एक मुस्लिमको थियो र आक्रमणमा कम्तीमा ७ जना घाइते भएका थिए। श्रीलंकाको आवादी २ करोड १० रहेको छ र त्यसमा ७० प्रतिशत बौद्ध र ९ प्रतिशत मुसलमान रहेका छन्। सन् २००९ मा सेनाको हातबाट तमिल विद्रोहीको हारपछि श्रीलंकाका मुस्लिम समुदाय सत्ताबाट टाढै बसेका छन्।

तर हालैका वर्षमा मुस्लिम समुदायविरुद्ध धर्मको नाममा हिंसाका घटनाहरू बढेको छ। यस हिंसाका लागि बौद्ध गुरुहरूलाई जिम्मेवार ठहऱ्याइएको छ। बौद्ध धर्मलाई विश्वमा शान्ति र अहिंसाको प्रतीकका रूपमा हेर्ने गरिन्छ। अहिंसाप्रति बौद्ध मान्यताले उसलाई अन्य धर्मभन्दा फरक बनाएको छ। यद्यपि हालैका वर्षमा मुसलमानविरुद्ध बौद्धले हिंसाको सहारा लिनुलाई अनौठो मानिएको छ।

श्रीलंकामा मुसलमानहरूको मुस्लिम परम्पराअन्तर्गत मांसाहार वा पाल्तु पशुहरूको हत्या गर्नु बौद्ध समुदायका लागि एक विवादको मुद्दा रहेको छ। श्रीलंकामा कट्टरपन्थी बौद्धले बोडु बला सेना पनि राखेका छन्। यो सिंहाली बौद्ध राष्ट्रवादी संगठन हो। यो संगठनले मुलमानविरुद्ध जुलुस निकाल्ने गरेको छ।

उनीहरू मुसलमानविरुद्ध सीधै कारबाहीको कुरा गर्छन् र मुसलमानहरूले चलाएका कारोबारको बहिष्कार गर्न भनिरहेका हुन्छन्। उक्त संगठनलाई मुसलमानको बढ्दो आवादीलाई लिएर पनि गुनासो रहेको छ।






# बलात्कारसम्बन्धी उमेर हदबन्दी तोकिने

पेरिस, (एजेन्सी)

फ्रान्स सरकारले यौन सम्पर्क राख्न पाउने कानुनी उमेर पन्ध्र तोक्ने योजना बनाएको छ। सो उमेरभन्दा कमका व्यक्तिसँग राखिने यौन सम्पर्कलाई बलात्कार ठहर हुने पनि बताइएको छ। समानता मन्त्री मार्लेन स्कियाप्पाले चिकित्सकहरू र कानुनी विशेषज्ञहरूको सल्लाह र परमर्श अवलम्बन हुने यस कदमको स्वागत गरेका छन्।

हालसम्म कसैलाई बलात्कारको अभियोग लगाउनका लागि वकिलहरूले पन्ध्र वर्षमुनिका व्यक्तिसँग आरोपितले यौन सम्पर्क राखेको प्रमाणितै गर्नुपर्ने प्रावधान रहेको छ। पुरुषहरूले एघार वर्षीया बालिकाहरूसँग यौन सम्पर्क राखेको पछिल्ला दुईवटा घटनाको कारण व्यापक जनआक्रोश बढ्न थालेपछि यो नयाँ कानुन बनाइन लागेको हो।

हालसम्मको प्रचलित कानुनअनुसार यदि कुनै हिंसा वा जबरजस्ती भएको नपाइएमा पीडकलाई बलात्कारको नभई नाबालिकाहरूलाई यौन उत्पडीन गरेको सामान्य अभियोग मात्र लाग्ने प्रावधान रहेको छ। यस्तो अपराधका लागि अत्यधिक ५ वर्ष कारवास र ८७ हजार अमेरिकी डलर जरिवाना हुने व्यवस्था छ। बालिक वा नाबालिकसँगको यौन उत्पीडनका लागि समान सजाय रहेको छ भने बलात्कारीहरूलाई कडा सजायको व्यवस्था रहेको छ।

गत नोभेम्बरमा ११ वर्षीया पीडित बालिकाले आफूमाथि यौन सम्पर्क राखिँदा कुनै आश्चर्य, विरोध नगर्नुका साथै हिंसा वा जबरजस्ती भएको उजुरी नगरेको कारण एक ३० वर्षीय बलात्कारी पुरुषलाई अदालतले सफाइ दिएको थियो।

आगामी केही साताभित्र नै यौन हिंसा र उत्पडीनलाई लिएर फ्रेन्च सरकारले नयाँ कानुन ल्याउन लागेका बेला बलात्कार सम्बन्धमा पीडितको उमेर हदबन्दी पनि तोकिन लागेको स्थानीय सञ्चारमाध्यमले जनाएको छ।

तर बालबालिकामाथि हुने गरेको यौन हिंसाविरुद्ध लागिपरेका अभियन्ता समूहहरूले अझै यस हदबन्दीलाई १३ वा १५ तोक्ने भन्ने विषयमा थप छलफल पनि चलिरहेको जनाएका छन्। १५ वर्षको उमेर हदबन्दीलाई फ्रान्सका राष्ट्रपति इम्मान्युयल म्याक्रोनले पनि समर्थन गरेको बुझिएको छ।



# सिरियामा रुसी सैन्य विमान दुर्घटनाग्रस्त

## सबै ३२ यात्रुको मृत्यु

मस्को, (एजेन्सी)

रुसको एक सैन्य विमान सिरियामा दुर्घटनाग्रस्त भएको छ। उक्त दुर्घटनामा विमानमा यात्रारत सबै २६ यात्रु र चालक दलका ६ सदस्यको मृत्यु भएको रुसको रक्षा मन्त्रालयले जनाएको छ।

उक्त दुर्घटना सिरियाको तटीय शहर लताकियानजिकै भएको रिया नोवोस्टी समाचार एजेन्सीले जनाएको छ। शुरूमा उक्त सैन्य विमान खेमिमम हवाई अड्डामा अवतरणका क्रममा दुर्घटना भएको समाचार बाहिर आएको थियो।

विमानलाई शत्रु पक्षले निसाना नबनाएको रुसले बताएको छ। प्रारम्भिक जाँचमा दुर्घटनाको कारण प्राविधिक गडबडी भएको संकेत पाएको बताइएको छ। दुर्घटनाको थप जाँच भइरहेको छ।

सरकारले जारी गरेको विज्ञप्तिमा सैनिक विमान विमानस्थलको धावनमार्गसम्म पुग्न नसकेको र विमान धावनमार्गभन्दा ५ सय मिटर अगाडि जमिनमा जोत्तिन पुगेको उल्लेख गरेको छ। रुसको रक्षा मन्त्रालयले घटनाको जाँचका लागि आयोगको गठन गरिने र त्यसले सबै सम्भावित कारणमा विचार गर्ने जनाएको छ।

सिरियामा यसअघि फेब्रुअरी ३ मा रुसी विमान दुर्घटनाग्रस्त भएको थियो। उक्त रुसी सेनाको सुखाई-२५ विमानलाई विद्रोहीले प्रहार गरी खसालेका थिए।



# उत्तर र दक्षिण कोरियाका नेताबीच वार्ता हुने

सोल, (एजेन्सी)

आगामी महिना आयोजना हुने उत्तर र दक्षिण कोरियाको शिखर सम्मेलनमा दुवै देशका नेताद्वयबीच भेटवार्ता हुन लागेको मंगलबार प्योङयाङको भ्रमणमा रहेका सोलका वरिष्ठ सरकारी दूतले बताएका छन्।

उत्तर कोरियाका सर्वोच्च नेता किम जोङ उनले पनि आफू विवादास्पद आणविक हतियार कार्यक्रमबाट मुक्त हुनका लागि संयुक्त राज्य अमेरिकासँग वार्ता गर्न तयार रहेको बताएको ती दूतले जनाएका छन्।

उत्तर कोरियाको आणविक महत्त्वाकाङ्क्षा बन्द गर्नका लागि बिगतमा पनि विभिन्न कार्यक्रम बनाइएका थिए। तर उत्तरले आफ्नो प्रतिबद्धता पूरा गर्न असफल रहेका थियो। एक दशकभन्दा लामो समयपछि उत्तर र दक्षिण कोरियाका नेताबीच हुन लागेको यो पहिलो बैठक हो।

युद्ध विराम जारी रहेको सिमानास्थित अत्यन्तै कडा सुरक्षा प्रबन्ध रहेको पान्मुन्जोम गाउँमा ती नेताहरूबीच भेटघाट हुन लागेको हो। साथै यी दुई राष्ट्रबीच हटलाइन शुरू गर्ने पनि सहमति भएको छ। प्योङयाङ भ्रमणबाट फर्केका दक्षिण कोरियाली अधिकारीहरूले किम जोङ उनले यदि आफ्नो सत्ताको सुरक्षाको ग्यारेन्टी दिइने हो भने आफू आणविक हातहतियार कार्यक्रम त्याग्नेबारे वार्ता गर्न तयार रहेको जनाएको बताएका छन्।

साथै किमले कूटनीतिक पहल जारी रहुन्जेल क्षप्यास्त्रहरू प्रक्षेपण नगरिने पनि बचन दिएका छन्। यसअघि नै अमेरिकाले यदि उत्तर कोरिया निशस्त्रीकरणबारे छलफल गर्न तयार भएको खण्डमा मात्र त्यससँग वार्ता गरिने बताएको थियो।

यसैबीच अमेरिकाले उत्तर र दक्षिणकोरियाबीच सुधार भइरहेको सम्बन्धप्रति सावधानीपूर्वक आशावादी रहेको पनि जनाएको छ। दक्षिण कोरियामा हालै सम्पन्न हिउँदे ओलम्पिक्सदेखि उत्तर र दक्षिणबीचको सम्बन्ध न्यानो हुँदै गएको हो। आणविक र क्षेप्यास्त्र परीक्षणकै कारण उत्तर कोरियामाथि संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले नाकाबन्दी लगाउँदै आएको छ।

सोमबार किम जोङ उनसँग उत्तर कोरियाका गुप्तचर सेवा प्रमुख सुह हून र राष्ट्रिय सुरक्षा सल्लाहकार चुंग इउइ-योंगलगायतका उत्तर कोरियाका वरिष्ठ अधिकारीहरूले रात्रिभोज गरेका थिए। यस ऐतिहासिक उत्तर कोरियाली टोली मंगलबार बिहान सोल फर्केको दक्षिण कोरियाली समाचार निकाय योन्हापले जनाएको छ।



**एक दशकभन्दा लामो समयपछि उत्तर र दक्षिण कोरियाका नेताबीच हुन लागेको यो पहिलो बैठक हो।**

प्रधानमन्त्री ओली र अर्का पूर्वप्रधानमन्त्री दाहालसँगको भेटवार्तामा अब्बासीले द्विपक्षीय आर्थिक र व्यापारमा सहकार्य गर्न सकिने पक्षबारेमा समेत छलफल गर्नुभएको बताइएको छ। खास गरी चीनले अघि बढाएको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' बाट नेपालले अधिकतम लाभ लिन सक्ने अब्बासीको भनाइ रहेको थियो।

# सार्कलाई गतिशील बनाउन जोड दिँदै फर्किए अब्बासी

नेपाल समाचारपत्र

काठमाडौं

क्षेत्रीय सहकार्यका लागि दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) लाई गतिशील र प्रभावकारी बनाउन जोड दिँदै पाकिस्तानी प्रधानमन्त्री साहिद खकान अब्बासी स्वदेश फर्कनुभएको छ।

अब्बासीले राष्ट्रपति विद्यादेवी भण्डारी, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल र सार्क सचिवालयका अधिकारीसँगको भेटवार्तामा यही प्रसंग दोहोर्‍याउनुभएको छ। सोमबार साँझ प्रधानमन्त्री केपी शर्मा ओलीसँगको भेटवार्तामा पनि उहाँले सार्कलाई सबल र सक्षम बनाउन जरुरी रहेको बताउनुभएको थियो।

राष्ट्रपति भण्डारीसँगको शिष्टाचार भेटवार्तामा २ देशबीचको सम्बन्ध, आपसी हित र चासोका बारेमा छलफल भएको बताइए पनि सार्कको विषयले प्राथमिकता पाएको थियो। क्षेत्रीय सहकार्य र समृद्धिका लागि सार्कलाई सक्रिय बनाउने बारेमा उहाँहरूबीच छलफल भएको राष्ट्रपतिका प्रमुख स्वकीय सचिव भेषराज अधिकारीले जानकारी दिनुभयो।

'कुनै मुलुकको आन्तरिक कारणले सार्कका गतिविधि प्रभावित बन्नुहुँदैन, क्षेत्रीय समृद्धिका लागि सार्क अपरिहार्य छ' -राष्ट्रपति भण्डारीको भनाइ उद्धृत गर्दै अधिकारीले भन्नुभयो। प्रधानमन्त्री ओली र अर्का पूर्वप्रधानमन्त्री दाहालसँगको भेटवार्तामा अब्बासीले द्विपक्षीय



आर्थिक र व्यापारमा सहकार्य गर्न सकिने पक्षबारेमा समेत छलफल गर्नुभएको बताइएको छ। खास गरी चीनले अघि बढाएको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' बाट नेपालले अधिकतम लाभ लिन सक्ने अब्बासीको भनाइ रहेको थियो।

राष्ट्रपतिसँगको भेटवार्तापछि अब्बासीले काठमाडौंस्थित सार्क सचिवालयको समेत भ्रमण गर्नुभएको छ। सचिवालयका महासचिव अम्जाद हुसियान बी सियाल र सदस्य मुलुकका क्षेत्रीय निर्देशकहरूसँगको भेटवार्तामा आफ्नो मुलुक १९औं सम्मेलनका लागि प्रतिवद्ध रहेको बताउनुभयो। क्षेत्रीय सहकार्यका लागि सार्कको भूमिका महत्त्वपूर्ण रहेकोमा जोड दिँदै अब्बासी सचिवालय कर्मचारीलाई हौसला प्रदान गर्नुभएको थियो। सचिवालय परिसरमा उहाँले वृक्षरोपणसमेत गर्नुभएको छ।

काठमाडौंमा सन् १९८७ मा नेपालमा सचिवालय स्थापना भएयता सदस्य राष्ट्रका राष्ट्रप्रमुख र सरकारप्रमुखले विभिन्न समयमा सचिवालयको भ्रमण गर्दै आएका छन्। सन् २००९ मा श्रीलंकाका तत्कालीन राष्ट्रपति महेन्द्रा राजापाक्षले सचिवालयको भ्रमण गरेपछि अब्बासीले सचिवालयको भ्रमण गर्नुभएको हो।

## कान्तिपुरको मुद्दा पूर्ण इजलासमा

काठमाडौं, (नेस)

कान्तिपुर दैनिक विरुद्ध परेको अदालतको अवहेलनासम्बन्धी मुद्दाको सुनुवाइ बृहत पूर्ण इजलासमा नै सुनुवाइ हुने भएको छ। न्यायाधीशद्वय डम्बरबहादुर शाही र बमकुमार श्रेष्ठको इजलासले मंगलबार कान्तिपुरको टोलीसँग बयान सकेपछि पूर्ण इजलासमा पठाउने आदेश गरिएको हो।

आदेश हुनुअघि इजलासले कान्तिपुर पब्लिकेसन्सका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया, प्रधानसम्पादक सुधीर शर्मा र संवाददाता कृष्ण ज्ञवालीसँग बयान लिएको थियो। सो पब्लिकेसन्सकी निर्देशक स्वस्तिका सिरोहियासँग भने आइतबारै बयान सकिएको थियो। कान्तिपुर टोलीले बयानपछि बयानकै अंगका रूपमा लिखित जवाफ पेश गरेको थियो।

बयानमा कान्तिपुरले न्यायालयप्रति सम्मान रहेको र प्रधानन्यायाधीश गोपाल पराजुलीका बारेमा प्रकाशित समाचारले अदालतको अवहेलना नभएको जिकिर गरेको थियो। कान्तिपुरले प्रधानन्यायाधीश पराजुलीको शैक्षिक योग्यता र जन्म मितिका सम्बन्धमा भएका विवादबारे समाचार प्रकाशन गरेपछि अदालतको अवहेलनामा मुद्दा परेको थियो।

## डा.केसीलाई अदालतको आदेश

काठमाडौं, (नेस)

अनसनकारी डा. गोविन्द केसीलाई अदालतको अपहेलना मुद्दामा सर्वोच्चले अदालत उपस्थित हुन आदेश दिएको छ। मंगलबार बसेको प्रधानन्यायाधीश गोपाल पराजुलीको एकल इजलासले यस्तो आदेश दिएको हो।

गोविन्द बोहोराले डा. केसीविरुद्ध यही फागुन १६ गते सर्वोच्चमा अवहेलना मुद्दा दर्ता गराउनुभएको थियो। डा. केसीले प्रधानन्यायाधीश पराजुलीको नागरिकता र शैक्षिक प्रमाणपत्रको विषयमा प्रश्न उठाउँदै आउनुभएको छ।

### संघीय...

राष्ट्रपतिबाट तीनै जनाको नाम स्वीकृत भए पनि देउवा सरकारबाट मनोनित ३ जनाले दायर गरेको रिटमा सर्वोच्च अदालतले मनोनित तीनै जनालाई शपथ नगराउन अन्तरिम आदेश दिएको थियो। मतदाता नामावलीमा समावेश रहेका कैलाली क्षेत्र नं.२ का सांसद रेशम चौधरी हाल थुनामा रहेका छन्।

आज मनोनयन

आज बुधबार उम्मेदवार मनोनयन दर्ता गर्ने गराइनेछ। उम्मेदवारको दाबी विरोधमा उजुरी दिने आज नै हुनेछ। राष्ट्रपतिका लागि उम्मेदवार छान्न दलहरू अन्तिम तयारी गरिरहेका छन्। वाम गठबन्धनको सहमतिअनुसार एमालेको भागमा परेको राष्ट्रपतिका लागि वर्तमान राष्ट्रपति विद्या भण्डारीलाई दोहोर्‍याउने कि नयाँ उम्मेदवार खडा गर्ने भन्नेमा एमालेमा छलफल चलिरहेको छ। एमालेका पूर्वअध्यक्ष एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले पनि राष्ट्रपतिका लागि आकांक्षा देखाएको पाइएको छ। राष्ट्रपतिको उम्मेदवार छान्नका लागि मंगलबार एमाले स्थायी समितिको बैठक बसेको थियो।

फागुन २४ गते उम्मेदवारको मनोनयपत्रउपर जाँचबुझ गर्ने र मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गरिनेछ। सोही दिन उम्मेदवारले आफ्नो उम्मेदवारी पनि फिर्ता लिन सक्ने कार्यतालिका रहेको निर्वाचन अधिकृत तिलप्रसाद श्रेष्ठले जानकारी दिनुभयो।

२४ गते नै उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गरिनेछ। २९ गते बिहान १० बजेदेखि अपरान्ह ३ बजेसम्म संघीय संसद् भवनमा राष्ट्रपति निर्वाचनको मतदान हुनेछ। त्यसपछि तत्काल मतगणना हुनेछ। मतगणनामा संघीय संसद्प्रति सांसदको ७९ मतभार र प्रादेशिक संसद्को प्रत्येक सांसदको ४८ मतभार तोकिएको छ।

राष्ट्रपति निर्वाचनका लागि कायम ५२ हजार ७ सय ८६ मतभारमध्ये पहिलो चरणमै निर्वाचित हुन उम्मेदवारले २६ हजार ४ सय मत ल्याउनुपर्ने हुन्छ। अहिले कायम नेकपा एमाले-माओवादी केन्द्र गठबन्धनमा मात्र २८ हजारभन्दा बढी मत रहेकाले पहिलो चरणमै राष्ट्रपति निर्वाचित हुने सम्भावना रहेको छ।

राष्ट्रपतिको निर्वाचनका लागि आयोगले नयाँ बानेश्वरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिसकेको छ। कार्यालय सहयोगीसहित १३ कर्मचारी निर्वाचनका लागि खटिएका छन्।

### विगतको...

संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले सरकारप्रति जनताको विश्वास बढ्न नसकेको र जुनसुकै सरकार आए पनि जनताले विश्वास गर्न नसकेको बताउनुभयो। सांसद दुर्गा पौडेल, राजेन्द्रप्रसाद लिङ्देन र प्रेम सुवालले पनि बोल्नुभएको थियो। त्यस्तै राष्ट्रियसभाको बैठकमा गणेशप्रसाद तिमिल्सिना, राधेश्याम अधिकारी, दिननाथ शर्मा, वृशेषचन्द्र लाल र शर्मिला कुमारीले बोल्नुभएको कार्यव्यवस्था महाशाखाका सह-सचिव मुरारी महतले जानकारी दिनुभयो।

### नक्सापास...

तर त्रिविले नक्सापास नै नगरी भवन बनाउँदा के कारबाही गर्ने भन्ने विषय अन्योल देखिएको छ। 'हामी सहमतिबाटै अघि बढ्नेछौं' -रजिस्ट्रार उप्रेतीले भन्नुभयो। स्थानीय तहसँग नक्सापास गरेर मात्रै भवन निर्माण गर्ने तयारी गरिरहेको उहाँको भनाइ छ। विसं २०१६ सालमा स्थापित त्रिविले निर्माण गरेको कुनैपछि संरचनाको नक्सा स्वीकृत गरेको छैन। त्रिविअन्तर्गत सञ्चालित डिन कार्यालय, क्याम्पसलगायतका कुनै पनि निकायले भवन निर्माण गर्न स्वीकृत लिएका छैनन्।

रकम लिएर नक्सापास गर्ने वा छुट दिएर भन्ने विषयमा छलफल गरिरहेको जानकारी गराउँदै मेयर महर्जनले भन्नुभयो- 'अब त्रिविले कुनै पनि भवन निर्माण गर्दा स्थानीय तहबाट नक्सापास गर्नैपर्छ।'

तर त्रिविले नक्सापास गरेर भवन निर्माण गर्ने विषयमा कुनै सोच नै बनाएको छैन। देशका अधिकांश सरकारी निकायले अटेर गरेर नक्सा स्वीकृत नै नगरी नक्सापास गर्न थालेपछि स्थानीय निकायले अनुगमन गर्न शुरु गरेको छ। उता काठमाडौं महानगरपालिकाले नक्सापास नै नगरी नक्सापास गर्ने सरकारी निकायमाथि अनुगमन शुरू गरेको छ।

## नेपाललाई जन्मदिनको शुभकामना

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीले नेकपा (एमाले) का वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई जन्मोत्सवको शुभकामना व्यक्त गर्नुभएको छ।

नेता नेपालको ६५औं जन्मोत्सवका अवसरमा प्रधानमन्त्री ओलीले बालुवाटारमा फूलको बुके प्रदान गरेर वहाँलाई दीघार्यूको कामना गर्नुभएको छ। यसैगरी प्रधानमन्त्री ओलीले 'वर्थ डे केक' खुवाएर नेता नेपाललाई शुभकामना व्यक्त गर्नुभएको छ।

नेता नेपालले प्रधानमन्त्री ओली र प्रथम महिला राधिका शाक्यलाई धन्यवाद दिंदै आफ्नो जन्मोत्सवको केक खुवाउनुभएको छ। बालुवाटारमा बसेको पार्टी स्थायी कमिटी बैठकमा नेता नेपालको जन्मदिन मनाइएको हो। जन्मदिनको अवसरमा पार्टीका नेताहरूले नेता नेपाललाई शुभकामना व्यक्त गर्नुभएको छ।

## हत्या आरोपमा सात जना पक्राउ

काठमाडौं, (नेस)

प्रहरीले हत्यामा संलग्न भएको आरोपमा २ महिलासहित ६ जनालाई पक्राउ गरेको छ।

नुवाकोट सूर्यगढी गाउँपालिका वडा नं.३ घर भई हाल काठमाडौं १६ बस्दै आएका कुमार सूचीकारको हत्यामा संलग्न ७ जनालाई पक्राउ गरिएको महानगरीय प्रहरी वृत्त बालाजुले जनाएको छ।

पक्राउ पर्नेहरूमा काठमाडौंका विक्की पुतुवार, समिर महर्जन, सुजन महर्जन, आईसिंग तामाङ, विशाल पुतुवार, दिनेश नगरकोटी, निर्मल महर्जन, राजन मगर र पेमा गेल्जे शेर्पा रहेका छन्। उनीहरूमाथि थप अनुसन्धान भइरहेको बताइएको छ।

सूचीकार गत माघ २७ गते काठमाडौं ४ फुलबारी गेटस्थित गोलढुङ्गातर्फ जाने सडकको नाल(ामा अचेत अवस्थामा भेटिएका थिए।

# फर्काइँदै छ चोरीका मूर्ति

काठमाडौं, (नेस)

नेपालबाट हराएका २ प्राचीन मूर्ति अमेरिकाको न्युयोर्कस्थित एक संग्रहालयमा भेटिएपछि सो मुलुकले नेपाललाई हस्तान्तरण गर्ने घोषणा गरेको छ। काठमाडौंको यट्खा टोलको पूर्णकदको भगवान् बुद्धको मूर्ति र ललितपुर पाटनको टंगलहिटीको उमा महेश्वरको मूर्ति चोरी भएर अमेरिका पुगेको पुष्टी भएपछि त्यहाँको संग्राहलयले नेपाललाई हस्तान्तरण गर्ने भएको हो। न्युयोर्कको मेट्रोपोलिटन कला संग्रहालयले नेपाललाई मूर्ति पठाउन सहयोग गर्ने भएको न्युयोर्क नेपाली दूतावासले जनाएको छ।

दूतावासका कन्सुल जनरल मधुकुमार मरासिनी र संग्रहालयका अध्यक्ष ड्यानियल विसले यससम्बन्धी समझदारीपत्रमा सोमबार हस्ताक्षर गर्नुभएको बताइएको छ। सन् १९८० को आसपासमा ती मूर्ति चोरी भएका थिए। बुद्धको मूर्ति ११ देखि १२औं शताब्दी र उमा महेश्वरको मूर्ति १२ देखि १३औं शताब्दीमा निर्माण भएको जानकारहरू बताउँछन्।

दुवै मूर्ति दाताले संग्रहालयलाई उपलब्ध गराएपछि संग्रहालयमा प्रदर्शनीमा राखिएको थियो। ती मूर्ति चोरी भएर



आफ्नो मुलुक भित्रिएको जानकारी पाएपछि संग्रहालयले प्रदर्शनीबाट हटाइसकेको नेपाली दूतावासले जनाएको छ। सो दूतावासका अनुसार भन्सार र कार्गोको प्रक्रिया पूरा गरेर अर्को महिनाभित्र नेपाल ल्याइँदै छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुर्वान्चल क्षेत्रिय सडक निर्देशनालय
**सुनसरी मोरङ्ग पुल निर्माण आयोजना**
**ईटहरी, सुनसरी**

**प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशयको सुचना**

**प्रकाशित मिति २०७४/११/२३**

यस आयोजनावाट मिति २०७४/०९/०९ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित शिलवन्दी वोलपत्र आह्वनको सुचना अनुसार तपशिल वमोजिमका ठेक्काहरुका लागि तपशिल वमोजिमको वोलपत्रदाताको प्राविधिक प्रस्ताव उर्तिर्ण भई सारभुत रुपमा प्रभावग्राही भएकोले आर्थिक प्रस्ताव मुल्याँकनका लागि छनौट गरिएको हुदा सर्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ (५) को प्रयोजनार्थ सम्वन्धित वोलपत्रदाता तथा सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | वोलपत्रदाताको नाम | आर्थिक प्रस्ताव खोलिने मिति समय र स्थान |
|---|---|---|---|---|
| १ | SMBCP 09/074/075 | मदाहा खोला पुल निर्माण कार्य सिसवनी वडहरा मजउ सिसवनी मोरङ्ग | गिताञ्जली कन्ष्टक्सन प्रा लि दुहवी सुनसरी | २०७४/११/३० दिनको १ वजे यस आयोजनाको कार्यालय इटहरी सुनसरी |
| | | | साप कन्ष्टक्सन प्रा लि वाने श्वर १० काठमाण्डौ | |
| २ | SMBCP 13/074/075 | टेङ्गा खोला पुल निर्माण कार्य दुहवी न. पा. टेलिकम अफिस छेउ दुहवी सुनसरी | सुर्य एण्ड सन्स प्रा लि सिंहदेवीपथ धरान सुनसरी | |
| | | | निलगिरी निर्माण सेवा प्रा लि पुरानोवानेश्वर काठमाण्डौ | |

आयोजना प्रमुख

**बहुदरमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बहुवरी पिडारी, पर्सा**
**प्रदेश नं. २, नेपाल**

**यान्त्रिक उपकरण आपूर्तिसम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशनमिति : (२०७४/११/२३ गते)**

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका यान्त्रिक उपकरणहरू सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरूको अधिनमा रही रितपूर्वकको छुट्टाछुट्टै बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२) यो सूचना प्रकाशित भएको मितिदेखि ३०औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसार को तपसिलमा उल्लेख वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार छुट्टाछुट्टै बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

३) खरिद गरिएका बोलपत्र फारमहरूको महलहरू स्पष्ट रूपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ।

४) बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा बिरगंज स्थित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. (ग.३) १२५०३०३००७१०९ मा दाखिला गरेको सक्कल भौचर वायस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरू यस कार्यालयमा बोलपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा ३१औं दिनको २:०० बजे खोलिने छ तर निजहरूको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७) बोलपत्र सम्बन्धी अन्यशर्तहरू बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन्।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ।

९) अन्य कार्य विधिहरू सार्वजनिक खरिद ऐन२०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियमअनुसार हुनेछ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीका लागि यस नगरपालिका कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०७४/०७५ | ब्याकहो लोडर (बोलपत्रपुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३०००/- | १,१०,०००। |
| ०२/२०७४/०७५ | ट्रेक्टर हाइड्रोलिक ट्रली सहित (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान २ (दुई) | ३०००/- | ६०,०००। |
| ०३/२०७४/०७५ | एम्बुलेन्स जिप (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | २८,०००। |
| ०४/२०७४/०७५ | मोटरसाइकल (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थन ६ (छ) | ३,०००/- | ३०,०००। |

प्रमुख प्रशासकिय अधिकृत

# अर्थ

कुल १६४ कम्पनीको ४८ करोड ३९ लाख रुपैयाँको १४ लाख ४८ हजार ८०५ कित्ता शेयर कारोबार किनबेच भएको छ। यस दिन कारोबार भएका १० वटा समूहमध्ये २ वटाबाहेक अन्य सबै समूहका वृद्धि देखिएको छ।

2018, MAR
Wednesday
7

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ८१.३५ | ८०.३५ | ८२.८५ | ८१.८५ | ७८.८५ | ८१.३५ | ८१.१५ | ९०.७२ |
| बीरगंज | ७९.४५ | ७८.४५ | ८०.९४ | ७९.९५ | ७६.९५ | ७९.४४ | ७९.२५ | ८८.९२ |
| विराटनगर | ७९.९५ | ७८.९५ | ८१.४४ | ८०.४५ | ७७.४५ | ७९.९४ | ७९.७५ | ८९.५२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३।५० | ८०।५० | ८३।५० | ८३।५० |
| सिमरा, बिरगंज, कलैया | ८१।९० | ७८।९० | ८१।९० | ८१।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।९० | ७९।९० | ८२।९० | ८२।९० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८४।४५ | ८१।४५ | ८४।४५ | ८४।४५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |
| पोखरा, स्याङ्जा | ८३।१० | ८०।१० | ८३।१० | ८३।१० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

SAURABH GROUP
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

# बक्यौता तिर्न एयर एसिया बैंक ग्यारेन्टी खोज्दै

**नेपाल समाचारपत्र**

काठमाडौं

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले मलेसियाको निजी हवाई सेवा प्रदायक कम्पनी एयर एसिया एक्सको काठमाडौं उडान तथा अवतरणमा रोक लगाउने अल्टिमेटमको समय सीमा थप गरी शुक्रबार पुऱ्याएको छ। विमानस्थलको सेवा प्रयोग गरेवापत शुल्क नतिरेपछि उक्त एयरलाइन्सको सेवा मंगलबार बन्द गर्ने तयारी विमानस्थलले थालेको थियो।

'हामीले बन्द गर्न जानकारीसहितको पत्र एयरलाइन्सको मलेसियास्थित मुख्य कार्यालयमा पठाएपछि कम्पनीका प्रतिनिधि सोमबार नेपाल आएका थिए। हामीले उनीहरूसँग छलफल गऱ्यौं लिखित प्रतिबद्धता जनाएका छन्।' विमानस्थलका महाप्रबन्धक राजकुमार क्षेत्रीले बताउनुभयो। उहाँका अनुसार सोमबार भएको छलफलमा कम्पनीले आगामी जुलाईसम्म विमानस्थलको बाँकी बक्यौता चुक्ता गर्ने प्रतिबद्धता जनाएको छ।

'कम्पनीले शुक्रबारसम्म २५ करोड रुपियाँबराबरको बैंक ग्यारेन्टी बुझाउने लिखित प्रतिबघता गरेको छ', महाप्रबन्धक क्षेत्रीले भन्नुभयो-'तोकिएको समयसम्म बैंक ग्यारेन्टी पाएनौं भने आइतबारदेखि उक्त एयरलाइन्सको सेवा बन्द गर्छौं।'

मलेसियाबाट काठमाडौं र काठमाडौंबाट मलेसिया सिधा उडान गर्दै आएको उक्त एयरलाइन्सले अवतरण शुल्क, पार्किङ शुल्क, विमानस्थल विकास शुल्क, कोठा भाडालगायतको करिब ३ वर्षयताको २७ करोड रुपियाँ बक्यौता र १३ करोड जरिवानासहित कुल ४० करोड रुपियाँभन्दा धेरै रकम तिर्नुपर्ने महाप्रबन्धक क्षेत्रीले बताउनुभयो।

एयरलाइन्सको टोली मंगलबार सबै विवरण लिएर फर्किएको छ, हामी आशावादी छौं ,तोकिएको समय सीमाभित्र कम्पनीको लेखा विभागको प्रतिनिधि आएर बक्यौता रकम भुक्तानी गर्छ नभए हामी कानुन अनुसार अगाडि बढ्छौं,' क्षेत्रीले भन्नुभयो।

एयर एसिया एक्सले काठमाडौंमा हप्तामा ४ वटा उडान भर्दै आएको छ। विमानस्थलले एयर एसिया एक्सको नेपाली उडान बन्द गर्न सक्ने चेतावनी पत्र पठाएपछि गत महिना २ करोड ५० लाख रुपियाँ बक्यौता तिरेको थियो।

# पर्यटन मन्त्रालयले १४ वटा ऐन संशोधन गर्ने

काठमाडौं, (नेस)

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले संस्कृति नीति २०६७ लाई समसामयिक रूपमा परिमार्जन गर्न तयारी गरेको छ। संस्कृतिसँग सम्बन्धित सरोकारवालासँग भएको छलफलपछि मन्त्रालय नीति परिमार्जन गर्न सहमत भएको हो।

पुरानो संस्कृति नीतिलाई परिमार्जन गर्नको लागि मन्त्रालयले मंगलबार सरोकारसँग प्रारम्भिक मस्यौदा नीति प्रस्तुत गरेर सुझाव लिएको हो। मन्त्रालयले प्राप्त गरेको सुझावलाई आत्मसाथ गर्दै परिमार्जनसहितको नयाँ संस्कृति नीति जारी गर्ने जनाएको छ।

मन्त्रालयले पर्यटन नीति, हवाई नीति, संस्कृति नीतिलगायत मन्त्रालयसँग सम्बन्धित १४ वटा ऐन तथा कानुन परिमार्जन गर्न तयारी थालेको मन्त्रालयका सचिव कृष्ण देवकोटाले बताउनुभयो। उहाँले भन्नुभयो-'संकृतिविद् सत्यमोहन जोशी र जगमान गुरुङलगायतको टोलीले संस्कृति नीति वर्तमान संविधानअनुसार परिमार्जन गर्नको लागि सुझाव दिएको बताउनुभयो।

मन्त्रालय उच्च स्रोतका अनुसार सम्पूर्ण समुदायको संस्कृतिको वैज्ञानिक तरिकाबाट सूचीकरण र लोपोन्मुख सांकृतिक सम्पादको जर्गेना हुनेछ। पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको संरक्षणमा स्थानीय तहको स्वामित्व र अपनत्व वृद्धि हुनेछ।

संविधानको व्यवस्था कार्यान्वयन गर्न, राज्य संघीय संरचनामा प्रवेश गरेको अवस्थामा सोही अनुरूप नीति नियम परिमार्जन गर्न लागेको मन्त्रालयले जनाएको छ। राज्य पुनर्संरचनामा आधार लिएको सामर्थ्य र पहिचानमध्ये पहिचानसँग सम्बन्धित विषयको परिमार्जन गर्दै लैजाने मन्त्रालयले जनाएको छ।

संघीय संस्कृति नीतिले समेट्नुपर्ने क्षेत्रमा भने संविधान विविध व्यवस्था, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, वौद्धिक सम्पत्ति र पुरातात्विक महत्वका स्थान र प्रचीन स्मारक रहेका छन्। मन्त्रालयले यसको कार्यक्षेत्रलाई संघ, प्रदेश, स्थानीय तह सरोकारवाला निकाय र अन्तर क्षेत्रगत निकायसँग समन्वय गरेर अगाडि बढ्ने छ।

# नेप्सेमा सुधार

काठमाडौं, (नेस)

पछिल्ला केही दिनयता निरन्तर ओरालो लागेको शेयर बजार मंगलबार सम्हालिएको छ। निक्कै उतारचढाव पूर्ण कारोबार भएको यस दिन शुरूमा बढे पनि त्यसपछि निरन्तर ओरालो लागेको थियो। तर, बजार बन्द हुने बेला पुन: सुधार हुँदै नेप्से परिसूचक ८ दशमलव ७० अंकले बढेर १२९६ दशमलव ४४ विन्दूमा रोकिएको छ।

कुल १६४ कम्पनीको ४८ करोड ३९ लाख रुपियाँको १४ लाख ४८ हजार ८०५ कित्ता शेयर कारोबार किनबेच भएको छ। यस दिन कारोबार भएका १० वटा समूहमध्ये २ वटाबाहेक अन्य सबै समूहका वृद्धि देखिएको छ।

मंगलबार बीमा समूहको सूचक ३४ दशमलव ९७ अंक, विकास बैंक समूहमा १९ दशमलव ९७ अंकले बढेको छ। त्यस्तै वाणिज्य बैंक समूह पनि १० दशमलव ५४ अंकले वृद्धि हुँदा होटल समूहमा भने ६९ दशमलव ५८ अंकले गिरावट आएको छ। मंगलबार कारोबार रकमका आधारमा नेपाल लाइफ इन्स्योरेन्सले अग्रता लिएको छ। नेपाल लाइफको २ करोड ५२ लाख रुपियाँभन्दा धेरैको शेयर कारोबार भएको छ।

यसैगरी कारोबार रकमकै आधारमा दोस्रो र तेस्रो स्थानमा क्रमश: सानिमा बैंक र नेपाल इन्भेष्टमेन्ट बैंकको संस्थापक शेयर परेको छ।

# ओमनबाट ११ कामदारको उद्धार

**नेपाल समाचारपत्र**

काठमाडौं



वैदेशिक रोजगारीका लागि ओमन पुगेर अलपत्र परेका ११ नेपाली मंगलबार स्वदेश फर्किएका छन्। ओमनको मस्कटस्थित नेपाली राजदूतावासले उद्दार गरी उनीहरूलाई स्वदेश फर्काएको हो।

होनेस्टी सर्भिसेज प्रालि नामक म्यानपावरबाट २० जनाको टोली ओमन पुगेका थिए। उक्त म्यानपावरबाट ओमनको सोहारस्थित मुवाराड वाडी हिवी मोडर्न ट्रेड नामक कम्पनीमा स्काफोल्डिङ कामदारको रूपमा काम गर्न ओमन पुगेका २० जनाले करार सम्झौताअनुसार तलब नपाएपछि उद्दारका लागि दूतावासको शरणमा पुगेका दूतावासले जनाएको छ।

२० जनामध्ये ११ जनालाई काम गर्ने भनिएको कम्पनीबाट १६५ किलोमिटर टाढा बर्का भन्ने ठाउँमा कम्पनीले राखेको दूतावासले जनाएको छ। उनीहरूलाई स्थानीय कानुनअनुसार औपचारिकता पूरा गरीस्वदेश फर्काइएको र बाँकी ९ जनालाई चाँडै उद्दार गरिने दूतावासले जनाएको छ।

स्वदेश फर्किनेमा रवीन्द्रकुमार चौधरी, बसन्त गिरी, रेशम कुँवर, शेरबहादुर खत्री क्षत्री, कुमार चौहान क्षेत्री, रत्नजंग राई, खिमबहादुर थापा मगर, गोकर्ण त्रिपाठी, रामललित कुमार यादव, थके बुढा र यमबहादुर चौहान रहेका छन्।

दूतावासका अनुसार करार सम्झौताअनुसार तलब नदिने कम्पनी तथा म्यानपावरलाई आवश्यक कारबाहीका लागि सम्बन्धित कार्यालयमा पत्राचार गरिएको छ।

विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ फागुन २३, मार्च ७, २०१८

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।५० | १०४।१० |
| युरो १ को रू. | १२७।५३ | १२८।२७ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।५८ | १४५।४२ |
| स्विस फ्रन्क १ को रू. | ११०।४४ | १११।०८ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।१७ | ८१।६४ |
| क्यानाडियन डलर १ को रू. | ८१।५२ | ८२।०० |
| सिङ्गापुर डलर १ को रू. | ७८।४८ | ७८।९४ |
| जापानी यन १० को रू. | ९।६७ | ९।७३ |
| चिनियाँ युआन १ को रू. | १६।४० | १६।४९ |
| साउदी अरब रियाल १ को रू. | २७।६० | २७।७६ |
| कतारी रियाल १ को रू. | २८।४३ | २८।५९ |
| थाई भाट १ को रू. | ३।३० | ३।३२ |
| सं. अरब इमिरट दिराम १ को रू. | २८।१८ | २८।३४ |
| मलसियन रिङ्गिट १ को रू. | २६।४८ | २६।६४ |
| दक्षिण कारियन वन १०० को रू. | ९।६६ | ९।७२ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६५ |
| डेनिस क्रानर १ का रू. | १७।१३ |
| हङकङ डलर १ का रू. | १३।२२ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# SHARE MARKET

**6 MARH TUESAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 5748.00 | 328.00 | 320.00 | 327.00 | 3.00 |
| 2 | Api Power Company Ltd. | 1298.00 | 345.00 | 321.00 | 345.00 | 6.00 |
| 3 | Arun “inance Limited | 2790.00 | 146.00 | 142.00 | 144.00 | -2.00 |
| 4 | Arun Kabeli Power Ltd. | 5031.00 | 261.00 | 251.00 | 261.00 | 6.00 |
| 5 | Arun Valley Hydropower Dev Co. Ltd. | 6658.00 | 175.00 | 164.00 | 175.00 | 6.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2165.00 | 758.00 | 710.00 | 758.00 | 27.00 |
| 7 | Bank of Kathmandu Ltd. | 23924.00 | 362.00 | 348.00 | 358.00 | 3.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 50.00 | 175.00 | 172.00 | 172.00 | -6.00 |
| 9 | Best “inance Company Ltd. | 1700.00 | 119.00 | 117.00 | 117.00 | -2.00 |
| 10 | Bishal Bazar Company Limited | 10.00 | 1803.00 | 1803.00 | 1803.00 | 35.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 280.00 | 6150.00 | 6000.00 | 6100.00 | 165.00 |
| 12 | Butwal Power Company Limited | 4489.00 | 506.00 | 486.00 | 494.00 | -3.00 |
| 13 | Central “inance Co. Ltd. | 50.00 | 128.00 | 128.00 | 128.00 | -1.00 |
| 14 | Century Commercial Bank Ltd. | 36632.00 | 175.00 | 169.00 | 175.00 | 2.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 6291.00 | 907.00 | 872.00 | 900.00 | 11.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 10.00 | 160.00 | 160.00 | 160.00 | 0.00 |
| 17 | Chilime Hydropower Company Limited | 6587.00 | 805.00 | 766.00 | 790.00 | 17.00 |
| 18 | Citizen Bank International Limited | 17112.00 | 268.00 | 258.00 | 266.00 | 3.00 |
| 19 | Citizen Investment Trust | 2726.00 | 3150.00 | 3000.00 | 3065.00 | -87.00 |
| 20 | Civil Bank Ltd | 19728.00 | 156.00 | 150.00 | 155.00 | 5.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 60.00 | 755.00 | 740.00 | 740.00 | -1.00 |
| 22 | Deprosc Development Bank Limited | 3265.00 | 808.00 | 755.00 | 780.00 | 15.00 |
| 23 | Deva Bikas Bank Limited | 14399.00 | 145.00 | 138.00 | 142.00 | 4.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 20.00 | 128.00 | 128.00 | 128.00 | -2.00 |
| 25 | Everest Bank Limited | 16541.00 | 790.00 | 750.00 | 765.00 | -5.00 |
| 26 | Everest Bank Limited Con. Pref. | 24.00 | 698.00 | 698.00 | 698.00 | -1.00 |
| 27 | Everest Insurance Co. Ltd. | 685.00 | 1299.00 | 1204.00 | 1299.00 | -3.00 |
| 28 | Excel Development Bank Ltd. | 4790.00 | 353.00 | 341.00 | 343.00 | -9.00 |
| 29 | “irst Micro “inance Dev Bank Ltd. | 4125.00 | 549.00 | 508.00 | 535.00 | 15.00 |
| 30 | “orward Commu Micro Bittiya Sanstha Ltd. | 2139.00 | 1935.00 | 1872.00 | 1900.00 | -20.00 |
| 31 | Gandaki Bikas Bank Limited | 6037.00 | 225.00 | 218.00 | 225.00 | 5.00 |
| 32 | Garima Bikas Bank Limited | 5752.00 | 187.00 | 180.00 | 185.00 | 3.00 |
| 33 | Global IME Bank Limited | 15348.00 | 313.00 | 305.00 | 312.00 | 3.00 |
| 34 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 110.00 | 1181.00 | 1135.00 | 1135.00 | -70.00 |
| 35 | Goodwill “inance Co. Ltd. | 430.00 | 141.00 | 139.00 | 139.00 | -3.00 |
| 36 | Green Development Bank Ltd. | 40.00 | 177.00 | 175.00 | 177.00 | 0.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 5422.00 | 763.00 | 718.00 | 735.00 | -7.00 |
| 38 | Gurkhas “inance Ltd. | 4391.00 | 126.00 | 122.00 | 126.00 | 2.00 |
| 39 | Himalayan Bank Limited | 12471.00 | 601.00 | 585.00 | 593.00 | 10.00 |
| 40 | Himalayan Distillery Limited | 30.00 | 926.00 | 908.00 | 926.00 | 0.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 5074.00 | 459.00 | 436.00 | 451.00 | 7.00 |
| 42 | Himalayan Power Partner Ltd. | 4640.00 | 315.00 | 298.00 | 304.00 | 1.00 |
| 43 | IC“C “inance Limited | 1941.00 | 196.00 | 188.00 | 196.00 | 6.00 |
| 44 | IME General Insurance Ltd. | 810.00 | 856.00 | 814.00 | 856.00 | -7.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 16763.00 | 159.00 | 148.00 | 156.00 | 0.00 |
| 46 | Janaki “inance Ltd. | 1291.00 | 161.00 | 160.00 | 160.00 | -2.00 |
| 47 | Janata Bank Nepal Ltd. | 29039.00 | 167.00 | 160.00 | 165.00 | 1.00 |
| 48 | Janautthan Samudayic Laghu Bikas Bank Ltd. | 250.00 | 2669.00 | 2620.00 | 2620.00 | 51.00 |
| 49 | Jebils “inance Ltd. | 540.00 | 123.00 | 119.00 | 119.00 | -6.00 |
| 50 | Jyoti Bikas Bank Limited | 4755.00 | 147.00 | 142.00 | 147.00 | 3.00 |
| 51 | Kabeli Bikas Bank Limited | 80.00 | 298.00 | 293.00 | 293.00 | -11.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 5064.00 | 230.00 | 220.00 | 230.00 | 4.00 |
| 53 | Kalika Microcredit Development Bank Ltd. | 1096.00 | 1184.00 | 1115.00 | 1184.00 | 24.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 15596.00 | 159.00 | 152.00 | 155.00 | 2.00 |
| 55 | Kanchan Development Bank Limited | 1762.00 | 193.00 | 188.00 | 190.00 | 0.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 1786.00 | 140.00 | 135.00 | 140.00 | 2.00 |
| 57 | Karnali Development Bank Limited | 270.00 | 125.00 | 125.00 | 125.00 | 2.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 164.00 | 128.00 | 126.00 | 127.00 | 0.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 667.00 | 1273.00 | 1206.00 | 1248.00 | -50.00 |
| 60 | Kumari Bank Limited | 22585.00 | 265.00 | 255.00 | 261.00 | 3.00 |
| 61 | Lalitpur “inance Ltd. | 3522.00 | 170.00 | 161.00 | 170.00 | 9.00 |
| 62 | Laxmi Bank Limited | 14528.00 | 249.00 | 240.00 | 249.00 | 4.00 |
| 63 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 4443.00 | 1115.00 | 1010.00 | 1115.00 | 15.00 |
| 64 | Life Insurance Co. Nepal | 3712.00 | 1725.00 | 1666.00 | 1724.00 | 24.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 10028.00 | 158.00 | 150.00 | 157.00 | 4.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 16505.00 | 534.00 | 492.00 | 525.00 | 5.00 |
| 67 | Machhapuchhre Bank Limited | 16150.00 | 239.00 | 228.00 | 235.00 | 1.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 9284.00 | 184.00 | 173.00 | 184.00 | 8.00 |
| 69 | Mahila Sahayatra Micro Bittiya Sanstha Ltd. | 277.00 | 705.00 | 690.00 | 691.00 | -14.00 |
| 70 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 160.00 | 2485.00 | 2350.00 | 2485.00 | 98.00 |
| 71 | Manjushree “inance Ltd. | 4701.00 | 135.00 | 129.00 | 133.00 | 2.00 |
| 72 | Mero Microfinance Bittiya Sanstha Ltd. | 847.00 | 1200.00 | 1105.00 | 1175.00 | 15.00 |
| 73 | Mirmire Microfinance Dev Bank Ltd. | 720.00 | 2647.00 | 2401.00 | 2647.00 | 111.00 |
| 74 | Mission Development Bank Ltd. | 20.00 | 220.00 | 220.00 | 220.00 | 2.00 |
| 75 | Miteri Development Bank Limited | 954.00 | 277.00 | 275.00 | 276.00 | 5.00 |
| 76 | Mithila LaghuBitta Bikas Bank Ltd. | 40.00 | 948.00 | 930.00 | 948.00 | 32.00 |
| 77 | Muktinath Bikas Bank Ltd. | 16208.00 | 415.00 | 400.00 | 413.00 | 4.00 |
| 78 | Multipurpose “inance Company Limited | 500.00 | 280.00 | 280.00 | 280.00 | -4.00 |
| 79 | Nabil Balance “und 1 | 14111.00 | 15.83 | 15.44 | 15.75 | -0.08 |
| 80 | Nabil Bank Limited | 15880.00 | 1060.00 | 1025.00 | 1050.00 | 15.00 |
| 81 | NABIL Bank Limited Promotor Share | 4622.00 | 825.00 | 810.00 | 822.00 | 2.00 |
| 82 | Nabil Equity “und | 620.00 | 9.37 | 9.37 | 9.37 | -0.12 |
| 83 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 200.00 | 2250.00 | 2040.00 | 2250.00 | 130.00 |
| 84 | NagBeli LaghuBitta Bikas Bank Ltd. Pro Share | 100.00 | 1300.00 | 1300.00 | 1300.00 | 0.00 |
| 85 | National Hydro Power Company Limited | 43180.00 | 106.00 | 100.00 | 103.00 | 3.00 |
| 86 | National Life Insurance Co. Ltd. | 4328.00 | 1275.00 | 1201.00 | 1230.00 | -20.00 |
| 87 | National Microfinance Bittiya Sanstha Ltd. | 412.00 | 1969.00 | 1885.00 | 1969.00 | 28.00 |
| 88 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 1140.00 | 2026.00 | 1862.00 | 1985.00 | -82.00 |
| 89 | Neco Insurance Co. Ltd. | 6766.00 | 550.00 | 522.00 | 526.00 | -12.00 |
| 90 | Nepal Bangladesh Bank Limited | 19407.00 | 236.00 | 227.00 | 236.00 | 4.00 |
| 91 | Nepal Bank Limited | 36824.00 | 337.00 | 328.00 | 335.00 | 2.00 |
| 92 | Nepal Community Development Bank Ltd. | 60.00 | 137.00 | 137.00 | 137.00 | -2.00 |
| 93 | Nepal Credit & Com Bank Ltd. Pro Share | 80000.00 | 195.00 | 195.00 | 195.00 | 0.00 |
| 94 | Nepal Credit And Commercial Bank Ltd | 44085.00 | 299.00 | 275.00 | 290.00 | 2.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 10525.00 | 742.00 | 712.00 | 725.00 | -3.00 |
| 96 | Nepal Grameen Bikas Bank Ltd. | 4770.00 | 563.00 | 531.00 | 546.00 | -5.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 220.00 | 199.00 | 187.00 | 190.00 | -6.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 905.00 | 1040.00 | 965.00 | 1040.00 | 36.00 |
| 99 | Nepal Investment Bank Limited | 21436.00 | 665.00 | 649.00 | 665.00 | 13.00 |
| 100 | Nepal Inv Bank Ltd. Promoter Share | 35944.00 | 580.00 | 575.00 | 575.00 | -4.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 14783.00 | 1745.00 | 1695.00 | 1737.00 | 15.00 |
| 102 | Nepal SBI Bank Limited | 8155.00 | 560.00 | 543.00 | 557.00 | 4.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 1633.00 | 700.00 | 638.00 | 686.00 | 36.00 |
| 104 | Ngadi Group Power Ltd. | 1056.00 | 210.00 | 198.00 | 201.00 | -13.00 |
| 105 | NIBL Pragati “und | 7323.00 | 9.15 | 9.00 | 9.00 | -0.15 |
| 106 | NIBL Samriddhi “und 1 | 3000.00 | 11.10 | 11.10 | 11.10 | 0.03 |
| 107 | NIC Asia Bank Ltd. | 20976.00 | 339.00 | 330.00 | 339.00 | 5.00 |
| 108 | Nirdhan Utthan Bank Limited | 1054.00 | 1118.00 | 1075.00 | 1112.00 | 20.00 |
| 109 | NLG Insurance Company Ltd. | 1259.00 | 850.00 | 815.00 | 835.00 | 5.00 |
| 110 | NMB Microfinance Bittiya Sanstha Ltd. | 485.00 | 1452.00 | 1395.00 | 1395.00 | -85.00 |
| 111 | NMB Bank Limited | 32814.00 | 438.00 | 420.00 | 432.00 | -3.00 |
| 112 | NMB Hybrid “und L-1 | 4921.00 | 9.40 | 9.30 | 9.31 | -0.25 |
| 113 | NMB Sulav Investment “und-1 | 218220.00 | 12.21 | 12.20 | 12.21 | -0.04 |
| 114 | Om Development Bank Ltd. | 3274.00 | 190.00 | 181.00 | 185.00 | -3.00 |
| 115 | Oriental Hotels Limited | 5450.00 | 637.00 | 563.00 | 563.00 | -62.00 |
| 116 | Pokhara “inance Ltd. | 1780.00 | 157.00 | 152.00 | 157.00 | 4.00 |
| 117 | Prabhu Bank Limited | 31464.00 | 221.00 | 214.00 | 220.00 | 3.00 |
| 118 | Prabhu Insurance Ltd. | 10696.00 | 673.00 | 620.00 | 642.00 | -18.00 |
| 119 | Premier Insurance Co. Ltd. | 2807.00 | 1097.00 | 981.00 | 1069.00 | 28.00 |
| 120 | Prime Commercial Bank Ltd. | 20524.00 | 299.00 | 288.00 | 298.00 | 3.00 |
| 121 | Prime Life Insurance Company Limited | 5421.00 | 644.00 | 599.00 | 628.00 | 18.00 |
| 122 | Progressive“inance Limited | 1020.00 | 178.00 | 171.00 | 178.00 | 1.00 |
| 123 | Prudential Insurance Co. Ltd. | 1284.00 | 698.00 | 635.00 | 685.00 | 15.00 |
| 124 | Purnima Bikas Bank Ltd. | 30.00 | 200.00 | 200.00 | 200.00 | -4.00 |
| 125 | Rastriya Beema Company Limited | 392.00 | 11600.00 | 10500.00 | 10920.00 | -58.00 |
| 126 | Rastriya Beema Com Ltd Promoter Share | 860.00 | 10900.00 | 10250.00 | 10700.00 | 100.00 |
| 127 | Reliance “inance Ltd. | 1064.00 | 125.00 | 121.00 | 125.00 | 4.00 |
| 128 | Ridi Hydropower Dev Company Ltd. | 2615.00 | 128.00 | 124.00 | 127.00 | 1.00 |
| 129 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 3396.00 | 769.00 | 717.00 | 769.00 | 17.00 |
| 130 | Rural Microfinance DevCentre Ltd. | 1814.00 | 614.00 | 586.00 | 602.00 | 9.00 |
| 131 | Sagarmatha Insurance Co. Ltd. | 1668.00 | 1310.00 | 1261.00 | 1300.00 | 15.00 |
| 132 | Sahayogi Bikas Bank Limited | 70.00 | 188.00 | 188.00 | 188.00 | -3.00 |
| 133 | Sana Kisan Bikas Bank Ltd | 4155.00 | 1161.00 | 1088.00 | 1138.00 | -2.00 |
| 134 | Sanima Bank Limited | 62630.00 | 356.00 | 344.00 | 355.00 | 7.00 |
| 135 | Sanima Equity “und | 15000.00 | 10.00 | 9.60 | 10.00 | 0.21 |
| 136 | Sanima Mai Hydropower Ltd. | 19209.00 | 356.00 | 336.00 | 349.00 | 6.00 |
| 137 | Saptakoshi Development Bank Ltd. | 745.00 | 124.00 | 122.00 | 124.00 | -2.00 |
| 138 | Shangrila Development Bank Ltd. | 2053.00 | 175.00 | 166.00 | 174.00 | 5.00 |
| 139 | Shikhar Insurance Co. Ltd. | 4333.00 | 1139.00 | 1010.00 | 1070.00 | 2.00 |
| 140 | Shine Resunga Development Bank Ltd. | 2642.00 | 280.00 | 263.00 | 280.00 | 10.00 |
| 141 | Shree Investment “inance Co. Ltd. | 200.00 | 225.00 | 223.00 | 225.00 | 1.00 |
| 142 | Shrijana “inance (Bittaya Sanstha) | 130.00 | 275.00 | 272.00 | 272.00 | -1.00 |

Total Amount Rs. 483,910,757 Total Quantity 1,448,805 Total No of Transactions 5,616

# 'पेट्रोलियम पदार्थ उत्खनन पहिलो प्राथमिकता'

**हिक्मत नेपाली, दैलेख**

कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री नरेश भण्डारीले दैलेखको पञ्चकोशी क्षेत्रमा रहेको पेट्रोलियम पदार्थ उत्खनन्लाई प्रदेश सरकारले पहिलो प्राथमिकतामा राखेको बताउनु भएको छ। मन्त्री भण्डारीले प्रदेश समृद्धिको लागि प्रदेशका १० जिल्लामा रहेको सम्भावनालाई खोजी गरिने बताउनुभएको छ।

कर्णाली प्रदेशलाई मुलुककै नमूना प्रदेश बनाउन प्रदेश सरकारले विभिन्न योजना अघि सारेको उल्लेख गर्दै मन्त्री भण्डारीले भन्नुभयो-'कर्णाली प्रदेशको पहिचान बदल्न सरकार लागि परेको छ।' अर्को प्रसंगमा मन्त्री भण्डारीले देशमा ग्यास र पेट्रोलियम पदार्थको हाहाकार मच्चिएको बेला मात्रै ग्यास र पेट्रोलियम पदार्थ उत्खननको लागि खोजी गर्ने प्रवृत्तिलाई प्रदेश सरकारले अन्त्य गर्ने बताउनुभयो।

नाकाबन्दीले देशमा ग्यास र पेट्रोलियम पदार्थको हाहाकार मच्चिएको बेला ग्यास र पेट्रोलियम पदार्थको खानी रहेको दैलेखको पञ्चकोशी क्षेत्रका खोला र भीरबाट निस्किएका ग्यास र पेट्रोलको तत्कालीन उद्योगमन्त्री सोमप्रसाद पाण्डेले दैलेखमा आएर एक महिनाभित्र उत्खनन् प्रक्रिया शुरु हुने बताएका थिए। खानी तथा भू-गर्भ विभागले तत्काल उत्खनन् गर्न सम्भावित क्षेत्र भएको पुष्टिसमेत गरिसकेको छ।

मन्त्री भण्डारीले ५२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी रहेको कर्णाली प्रदेशमा चुनौतीको चाङबाट सम्भावनाको खोजी भइरहेको बताउनुभयो। कर्णाली प्रदेशमा हाइड्रोपावर सञ्चालन र पर्यटन क्षेत्रको विकास गर्न सकेमात्र समृद्ध प्रदेश बनाउन सकिने उहाँको भनाइ छ। प्रदेशको समग्र विकासका लागि शान्ति सुरक्षाको प्रत्याभूत गराउनु सरकारको पहिलो दायित्व भएको बताउँदै मन्त्री भण्डारीले शान्ति सुरक्षाको ग्यारेन्टी गर्नका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले ४० बुँदे घोषणापत्र जारी गरिसकेको बताउनुभयो।

मन्त्री भण्डारीले माथिल्लो कर्णाली आयोजनामा सुरक्षाको कुनै पनि कसर बाँकी नराख्ने बताउँदै शान्ति सुरक्षाको बाहानामा निर्माणको जिम्मा पाएको जीएमआर कम्पनी भाग्न नहुने बताउनुभयो।

उहाँले डिजिटल प्रदेश निर्माणका लागि शुरुमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने जानकारी दिएका छन्। कर्णाली प्रदेशमा सडक दुर्घटनालाई न्यूनीकरण गर्नका लागि सडक सुरक्षा कार्यक्रम सञ्चालन गरिएको बताउँदै सरकारले ल्याएको कार्यक्रममा जनतासँग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिबद्धतासमेत गर्नुभयो।

जिल्ला समन्वय समिति दैलेखमा आयोजित अन्तर्क्रियामा कर्णाली प्रदेशका सांसद सुशील कुमार थापाले दैलेखमा रहेको पेट्रोलियम पदार्थको उत्खनन् र माथिल्लो कर्णाली आयोजना निर्माणलाई प्रदेशले प्राथमिकतामा राख्ने बताउनुभयो। माथिल्लो कर्णाली आयोजना निर्माण कार्यलाई द्रुत गतिमा अगाडि बढाउन निर्माण कम्पनीलाई बारम्बार घच्घचाई रहेको बताउँदै आगामी भदौ ३ गतेसम्म जुनसुकै हालतमा पनि निर्माण कार्य शुरु हुनुपर्ने सँसद थापाको भनाइ छ। निर्माणको जिम्मा पाएको भारतीय कम्पनी जीएमआर कम्पनी कुनै पनि बाहानामा आयोजना निर्माण नगरी भाग्न नपाउने बताउँदै कुनै बाहानामा निर्माण कम्पनी भाग्न खोजे कम्पनीलाई कालोसूचीमा राखेर कुनै पनि क्षतिपूर्ति नदिने दाबी गर्नुभयो।

८८ किलोमिटर लम्बाई रहेको उक्त सडकखण्ड कालोपत्रेको लागि ४ खण्डमा विभाजन गरी निर्माण सम्झौता गरिएको थियो। हालसम्म करिब ६० प्रतिशतमात्रै सडक कालोपत्रेको प्रक्रिया पूरा भएको साइड इन्चार्ज शेर्पाको भनाइ छ।

PRESS RELEASE

## ‘कोक खाम् रसिया जाम्’का पाँच विजेता चयन




काठमाडौं, (नेस)

कोकाकोला नेपालले ‘कोक खाम् रसिया जाम्’ क्याम्पेनको पहिलो पाँच जना विजेताको नाम घोषणा गरेको छ।

यस योजनाअन्तर्गत ४० जना उपभोक्ताले रसिया पुगेर सम्पूर्ण खर्चसहित रसियामा हुने विश्वकप २०१८ प्रत्यक्ष हेर्ने मौका पाउनेछन्। त्यसको लागि हरेक हप्ता चार जना विजेताको नाम लक्की ड्रमार्फत् छनोट हुनेछ भने दुई जना ग्राहकले २४ इन्चको टेलिभिजन जित्न सक्नु हुनेछ।

त्यस्तै हरेक दिन २०० जनाले फिफाको लोगो अंकित विशेष उपहार जित्न सक्नु हुनेछ। अहिलेसम्मको घोषित बिजेतामा सिनामंगलका सुशीलकुमार शाह, छाउनीका अनिश ठकुरी, बौद्धका ग्याम्सो लामा, कपनका नरेश विष्ट र स्वयम्भुकी आकृति थकाली रहनु भएको छ। त्यसैगरी २ जना २४ इन्च टेलिभिजन विजेतामा भक्तपुरका विज्ञान अधिकारी र नवलपरासीका नारायण चालिसे रहनु भएको छ।

रसिया ट्रिपका विजेतामध्येका कपन निवासी नरेश विष्ट भन्नुहुन्छ-‘जब मलाई तपाईं रसिया जाने विजेता बन्नुभयो भन्ने फोन आयो मैले शुरुमा विश्वास नै गर्न सकिन। एक हप्ता अगाडि मैले साथीभाईसँग रमाइलो गर्न एउटा जम्बो कोक अर्डर गरेको थिए। जब मैले लेबलमा हेरे त्यहाँ लेखिएको थियो लेबल पछाडि लेखिएको युनिक नम्बरलाई एसएमएस गर्नुहोस्। मैले त्यसलाई एसएमएस गरेँ। आज मेरो सपना पूरा भएको छ। म यो अविस्मरणीय अवसरको प्रतीक्षामा बसिरहेको छु। मेरो सपना पूरा भएकोमा कोकाकोलालाई धन्यवाद दिन चाहन्छु।’ अझै ३५ जना विजेताले रसिया जाने अवसर पाउनु हुनेछ। साथै अझै थुप्रै टेलिभिजन र कोक तथा फिफा लोगो अंकित विषेश उपहार जित्न सक्नु हुनेछ।

## साल्ट ट्रेडिङले लाभांश दिने




काठमाडौं, (नेस)

साल्ट ट्रेडिङ कर्पोरेसनले आव २०७३/७४ को नाफाबाट २५ प्रतिशत बोनस शेयर र १० प्रतिशत नगद लाभांश वितरण गर्ने भएको छ। कम्पनीको मंगलबार सम्पन्न ५१औं साधारणसभाले सो निर्णय गरेको हो। आव २०७३/७४ मा ७६ करोड १३ लाख नाफा आर्जन गरेको थियो। आघिल्लो आवमा ६१ करोड २४ लाख रहेको थियो।

कम्पनीको साधारणसभाले आगामी वर्षदेखि मुख्य शहरमा पेट्रोलियम पदार्थको करोबारका लागि पम्प सञ्चालन, तोरीको तेल तथा उखु उत्पादनमा लगानी गर्ने निर्णय गरेको छ।

कम्पनीले माघ मसान्तसम्ममा ६ अर्ब ६६ करोड रुपियाँको कारोबार गरेको छ।

## ग्यालेक्सी नोट ८ को खरिदमा बटल स्पिकर र बीमा




काठमाडौं, (नेस)

सामसङले हालै बन्डलिङ अफरअन्तर्गत आफ्नो ग्यालेक्सी नोट ८ स्मार्ट फोनको खरिदमा ग्राहकले सामसङको बटल स्पिकर, टुटफुट भएमा बीमाको सुविधा तथा एनसेलसँगको सहकार्यमा १६ जीबीको फोरजी डाटा सुविधा पनि उपलब्ध गराएको छ। फोरजी डाटा प्रतिमहिना २ जीबीका दरले ८ महिनासम्म ग्राहकलाई निरन्तर प्राप्त हुनेछ। साथै विभिन्न साझेदार बैंकबाट सहज किस्ताबन्दीको सुविधा पनि मिलाइएको कम्पनीले जनाएको छ।

ग्यालेक्सी नोट ८ स्मार्ट फोनमा भएको इनफिन्ट्री डिस्प्लेलगायतले प्रयोगकर्ताको लागि हो जो सधैं उच्च आकांक्षा राख्नेलाई सहज हुने कम्पनीले जनाएको छ।

# नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको तयारी पूरा

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल उद्योग वाणिज्य महासंघद्वारा आयोजना गर्न लागिएको नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको तयारी अन्तिम चरणमा पुगेको छ। मेला फागुन २४ देखि २८ गतेसम्म भृकुटीमण्डप काठमाडौंमा हुँदैछ।

वाणिज्य मन्त्रालयको सहयोग, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रवर्द्धनमा ललितपुर उद्योग वाणिज्य संघ र नेपाल हस्तकला महासंघको सहआयोजनामा हुँदैछ। ‘सोकेसिङ नेपाल एन्ड द ग्लोब’ को मुख्य थिममा प्रत्येक वर्ष आयोजना हुँदै आएको नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको यो सातौं संस्करण हो।




मेलाका लागि सबै स्टलहरू बुक भइसकेका छन्। कुल ३०० भन्दा बढी स्टलमार्फत् मेलामा स्वदेशी एवम् विदेशी वस्तु तथा सेवाको प्रदर्शनी गरिने छ। मेलामा नेपालसहित चाइना, भारत, पाकिस्तान, बंगलादेशलगायतका देशको सहभागिता रहनेछ। मेलास्थलमा स्टल निर्माण तथा सजावटको कार्य शुरु भइसकेको छ।

नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको मुख्य आकर्षणमा हस्तकलाका उत्पादन, एनटीआइएस प्रोडक्टहरू रहने छन्। मेलाका अवसरमा अन्तर्राष्ट्रिय खरिदकर्तासँग प्रत्यक्ष अन्तर्क्रिया गराउने लक्ष्यसमेत रहेको छ। मेलामा हस्तकला, पर्यटन, सूचना प्रविधि एवम् व्यावसायिक सूचना, कृषि उत्पादन, ऊर्जा, भवन तथा निर्माण सम्बन्धी, शिक्षा, औषधि, फलाम तथा स्टील, सवारी साधन आदिका छुट्टाछुट्टै स्टल रहने छन्।

मेलालाई नेपालमा लगानी आकर्षण तथा अन्तर्राष्ट्रिय व्यावसायिक सम्बन्ध विस्तारमा एक महत्वपूर्ण कडीका रूपमा हेरिएको छ। मेलाका अवसरमा विभिन्न देशबाट आउने व्यापारिक प्रतिनिधिहरूसँग भेटघाट तथा द्विपक्षीय व्यापार प्रवर्द्धन तथा लगानीबारे छलफल समेत हुनेछ।

यस वर्षको मेलामा स्वदेशी र विदेशी गरी करिब २ लाख अवलोकनकर्ताले अवलोकन गर्ने लक्ष्य राखिएको छ। मेलामा भाग लिन तथा मेलाको अवलोकनका लागि चीनको व्यावसायिक प्रतिनिधिमण्डल नेपाल आइसक्केको छ। मेलामा १० करोडभन्दा बढीको कारोबार हुने अपेक्षा महासंघले गरेको छ।

गत वर्षको अन्तर्राष्ट्रिय व्यापार मेलामा डेढ लाख पर्यटकले अवलोकन गरेका थिए भने करिब ९ करोडको कारोबारे भएको अनुमान महासंघले गरेको छ। नेपाल अन्तर्राष्ट्रिय व्यापार मेलाको नियमित आयोजनाबाट नेपालमा अन्तर्राष्ट्रिय लगानी तथा प्रविधि आकर्षण गर्न, नेपाली उत्पादनहरूको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गरी समग्रमा मुलुकको अर्थतन्त्रलाई माथि उठाउन सघाउ पुऱ्याउने आशा एवं विश्वास महासंघले लिएको छ।

## मागअनुसार ट्रान्सफर्मर छैन

काठमाडौं, (नेस)

काठमाडौं उपत्यकाभित्र विद्युत् चुहावट नियन्त्रण र सहज विद्युत् आपूर्तिका निम्ति समस्या पर्न थालेको छ। नेपाल विद्युत् प्राधिकरणले मागको तुलनामा ट्रान्सफर्मर आपूर्ति गर्न नसक्दा सो समस्या हुन थालेको हो।

प्राधिकरण स्रोतका अनुसार काठमाडौं उपत्यकामा सरदर वार्षिक ७०० वटा ट्रान्सफर्मरको माग रहे पनि आपूर्ति भने ३०० वटाको हाराहारीमा हुने गरेकोछ। हालकै संरचनामा दुई वर्षपछि विद्युत् भार व्यवस्थापनमा समस्या भएर लोडसेडिङ गर्नुपर्ने बाध्यता हुने प्राधिकरण स्रोतको भनाइ छ।

उपत्यकाका अधिकांश स्थानमा २५ केभीएका ट्रान्सफर्मर जडान भएका छन्। ती स्थानमा कम्तीमा पनि १०० केभीएका नयाँ ट्रान्सफर्मरले विस्थापन गर्नुपर्नेछ। यस्तै ५० केभीएकालाई कम्तीमा पनि १५० केभीएको ट्रान्सफर्मरले विस्थापन गर्नुपर्नेहुन्छ।

बढ्दो शहरीकरणका कारण नयाँको माग पनि उत्तिकै रहेको छ।एकातिर मागकको आधारमा आपूर्ति कम हुने समस्या छ भने अर्कोतर्फ कतिपय क्षेत्रमा ट्रान्सफर्मर जडान गर्ने ठाउँसमेत नहुँदा समस्या हुने गरेको छ। भित्री शहर, तथा बजार क्षेत्रमा समेत सार्वजनिक जग्गा उपलब्ध हुन नसक्दा ट्रान्सफर्मर जडानमा समस्या भएको हो। ट्रान्सफर्मर जल्ने तथा पड्किने त्रासले स्थानीयले राख्न नदिने भएकाले ठाउँ पाउन समस्या हुँदै आएको छ।

# कामले गति नलिँदै कालोपत्रेको म्याद गुज्रियो

**रामधन राई, खोटाङ**

मध्यपहाडी लोकमार्गअन्तर्गत खोटाङ र भोजपुर जोड्ने दिक्तेल-चखेवा सडकखण्ड कालोपत्रको कामले गति नलिँदै सम्झौताको म्याद गुज्रिएको छ। जिल्ला सदरमुकाम दिक्तेल बजारदेखि भोजपुरसँगको सिमानामा पर्ने चखेवा भञ्ज्याङ सडक कालोपत्रेको कामले गति नलिँदै सम्झौता मिति सकिएको हो।

ठेकेदार कम्पनी रमण गोल्डेन गुड जेबीले एक अर्ब ९ करोड १९ लाखको लागतमा दुई वर्षभित्र कालोपत्रेको काम सम्पन्न गर्ने गरी २०७२ सालमा सडक विभागसँग सम्झौता गरेका थिए। ठेकेदार कम्पनीको ढिलासुस्तीका कारण राष्ट्रिय गौरबको सडक कालोपत्रेको कामले तीव्रता लिन नसकेको स्थानीयको गुनासो छ।

सरकारले घरजग्गाको मुआब्जा दिने व्यवस्था नहुनका साथै दक्ष तथा सीपयुक्त जनशक्तिको अभाव, भूकम्पको प्रभावलगायतका समस्याले गर्दा कामलाई तीव्रता दिन नसकिएको निर्माण कम्पनीले जनाएको छ। टेलिफोन तथा विद्युत्को पोल नसारेको, सडक किनारका घर-टहरा नभत्काइदिएकाले काममा ढिलाइ भएको बताउने कम्पनीले कालोपत्रेको लागि आवश्यक गुणस्तरीय निर्माण सामग्री नपाइनाले पनि काममा अवरोध भएको जनाएका छन्। हाल सव बेसको काम भइरहेको सडक कालोपत्रे प्रक्रियाको लागि सबैखाले कामदारको अभाव रहेको कम्पनीका साइड इन्चार्ज साङगे शेर्पाले बताउनुभयो।

## आशा लघुवित्तले हकप्रद जारी गर्ने

काठमाडौं, (नेस)

आशा लघुवित्तले एक बर ाबर एक हकप्रद शेयर जारी गर्ने भएको छ।

नुवाकोटको मदानपुरमा केन्द्रीय कार्यालय रहेको उक्त कम्पनीले हकप्रदको लागि चैत १७ गते ककनीमा विशेष साधारणसभा आह्वान गरेको छ। कम्पनीले सञ्चालक समितिको निर्णयअनुसार अधिकृत तथा जारी पुंजी १० करोडबाट बढाएर २० करोड रुपियाँ पुऱ्याउने तथा चुक्ता पुँजी १४ करोड पुऱ्याउने प्रस्ताव विशेष साधारणसभामा पेश गर्ने भएको छ।

कम्पनीको शेयर निष्कासन तथा बिक्री प्रबन्धकमा प्रभु क्यापिटल रहेको छ। लघुवित्तको फागुन २० गते सम्पन्न सञ्चालक समितिको ४५औं बैठकले चैत १७ गते विशेष सधारणसभा बोलाउने निर्णय गरेको हो।


## आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभा बस्ने बारेको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७४/११/२२**

यस वित्तीय संस्थाको मिति २०७४/११/२० गते बसेको संचालक समितिको ४५औं बैठकको निर्णयानुसार यस संस्थाको विशेष साधारण सभा देहायमा उल्लेखित मिति, समय तथा स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। शेयरधनी महानुभावले यसै सूचनालाई आधार मानी विशेष साधारण सभामा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**सभा बस्ने मिति, समय र स्थानः**

मितिः २०७४ चैत्र १७ गते शनिवार तदनुसार २०१८ मार्च ३१

समयः दिनको ११:०० बजे

स्थानः केन्द्रीय कार्यालय, ककनी-६,नुवाकोट

**छलफलका विषयहरुः**

**क) विशेष प्रस्तावहरुः**

१) संचालक समितिको निर्णयानुसार संस्थाको हाल रहेको अधिकृत पुँजी तथा जारी पुँजी रु. १० करोडलाई वृद्धि गरी रु. २० करोड पुऱ्याउने एवं १:१ बराबर हकप्रद शेयर जारी गरी चुक्ता पुँजी रु. १४ करोड पुऱ्याउने तथा सो अनुसार प्रवन्धपत्रमा संसोधन गर्ने सम्बन्धमा।

२) “संस्थाका शेयरधनीहरुले आफ्नो भागको हकप्रद शेयरको शेयर खरीद गर्ने हक अरुलाई बिक्री वा हक हस्तान्तरण गर्न सक्ने छन्।” भन्ने प्रावधान प्रबन्धपत्र/नियमावलीमा समावेश गर्ने सम्बन्धमा।

३) वित्तिय संस्थाको प्रवन्धपत्र तथा विनियमावलीमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**ख) विविधः**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय :** मदानपुर, नुवाकोट, फोन न. ०१०-६३०००४ ०१०-६३०००५, **सम्पर्क कार्यालय :** कमलादी, काठमाडौं, फोन नं. :०१-४१६९०७१, ४१६९०७२
E-mail: ashamicrofinance@gmail.com


## नेपाल वैदेशिक रोजगार मेडिकल व्यवसायीबीच एकीकरण

काठमाडौं, (नेस)

नेपाल वैदेशिक रोजगार मेडिकल एसोसिएसन र नेपाल मेडिकल व्यवसायी संघबीच एकता भएको छ। संयुक्त पत्रकार सम्मेलन गरेर गाम्का र वायोमेट्रिकको नाममा जारी सिन्डिकेट अन्त्यको लागि दुई संस्था एक भएको बताएका छन्।

नेपाल वैदेशिक राजेगार मेडिकल एसोसिएसनका निवर्तमान अध्यक्ष खड्गबहादुर श्रेष्ठले निजी क्षेत्रलाई स्वतन्त्र भएर काम गर्ने वातावरण मिलाउनको लागि सरकारसँग माग गर्नुभयो।

उहाँले भन्नुभयो-‘वैदेशिक रोजगारमा जाने नेपालीको स्वास्थ्य परीक्षणको लागि निजी क्षेत्रलाई भूमिका दिइएको छ। तर, सरकारले पनि ओभरट्याक गरेको छ, कि सरकारले निजी क्षेत्रलाई निरुत्साहित पार्नुपऱ्यो होइन भने हामीले गर्दै आएको पेशा व्यवासायलाई धरापमा पार्ने खालका काम गर्नुभएन,’

त्यस्तै नेपाल मेडिकल व्यवसायी संघका निवर्तमान अध्यक्ष सीताराम रेग्मीले गाम्का र वायोमेट्रिकको नाममा रहेको सिन्डिकेट तत्काल अन्त्य हुने बताउनु भएको छ। एकीकृत संस्थाको कार्यकारी अध्यक्षमा दुवै संस्थाका अध्यक्ष रहने आयोजकले जनाएको छ।

एकीकृतपछि संस्थाको कार्यसमितिमा अध्यक्ष सीताराम रेग्मी, उपाध्यक्ष माधव गौतम, उपाध्यक्षमै विश्व शेरचन, महासचिव जय गुरुङ, सचिव नवराज पौडेल, कोषाध्यक्ष दिवाकर गौतम, सदस्यहरू लक्ष्मी श्रेष्ठ, खगेन्द्र कुमार सिंह, दीपकबाबु थापा, पम्फा श्रेष्ठ, हिराकुमारी श्रेष्ठ, सूर्यनारायण यादव, बेगम महरा, बाबिम राई, यमबहादुर तामाङ, राजेन्द्रकुमार चौधरी र रमण गुरुङ रहने बताएको छ।




# आर्यन र सलोनी च्याम्पियन




उजोल डंगोल

काठमाडौं, (नेस)

पाँचौं नेपाल जुनियर खुला लन टेनिस च्याम्पियनसिपअन्तर्गत १४ वर्षमुनि उमेर समूहको ब्वाइजमा आर्यन गिरी र गर्ल्समा सलोनी तामाङ च्याम्पियन बनेका छन्।

प्रतियोगिताको अन्तिम दिन मंगलबार ललितपुर सातदोबाटोस्थित कोर्टमा भएको ब्वाइज फाइनलमा आर्यनले एभ्यक जोशीलाई ६-१, ६-० को सेटमा पराजित गर्दै उपाधि जितेका हुन्। यसैगरी गर्ल्स फाइनलमा सलोनी तामाङले रायना शाहलाई ६-४, ७-५ ले हराउँदै उपाधि चुमिन्।

यसैगरी १२ वर्षमुनिको उमेर समूहअन्तर्गत ब्वाइज र गर्ल्समा आरभ सम्राट हाडा र शुभांगी लक्ष्मी शाह उपाधि जित्न सफल भए। आरभले प्रणव मानन्धरलाई ६-२, ६-३ को सेटमा हराउँदा शुभांगी आजा रेग्मीलाई ६-३, ६-१ को सेटमा पराजित गर्दै च्याम्पियन बनिन्। उपाधि विजेता खेलाडीहरूलाई नेपाल जुनियर लन टेनिसका अध्यक्ष अजय विष्टलगायत अन्य पदाधिकारीले मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए।

# कोबे ब्रायन्टलाई अस्कर अवार्ड

लस एन्जेल्स, (एजेन्सी)

विश्वविख्यात अमेरिकी पूर्वबास्केटबल खेलाडी कोबे ब्रायन्टले आफ्नो खेल उपाधि सूचीमा फेरि अर्को एउटा अवार्ड जोडेका छन्।

अब उनी अस्कर अवार्ड विजेता पनि बनेका छन्। पाँच पटकका एनबीए (नेसनल बास्केटबल एसोसिएसन) च्याम्पियन कोबे ब्रायन्टको पाँच मिनेटको फिल्म 'डियर बास्केटबल' बेस्ट सर्ट एनिमेटेड फिल्म चुनिएपछि उनी अस्कर अवार्डका समेत हकदार बनेका हुन्। उक्त फिल्म एउटा पात्रको आधारमा निर्माण गरिएको हो, जुन उनी स्वयंले सन् २०१५ मा लेखेका थिए।

९०औं एकेडमी अवार्डमा कोबे ब्रायन्टको 'डियर बास्केटबल'को बेस्ट सर्ट एनिमेटेड फिल्म चुनिएको हो। कोबे ब्रायन्टले आफ्नो उक्त सर्ट मुभीमा बास्केटबललाई लिएर आफ्नो इच्छा, संघर्ष र प्रेमलाई दर्साएका छन्। फिल्मलाई अमेरिकी एनिमेटर ग्लेन किनले निर्देशन गरेका हुन्। ३९ वर्षीय कोबेले सन् २०१६ मा बास्केटबलबाट संन्यास लिएका हुन्।

उनले आफ्नो २० वर्षको खेल करियरमा एउटै मात्र



क्लब लस एन्जेल्स लेकर्सबाट खेलेका छन्। जब उनले खेललाई अलबिदा भनेका थिए, त्यही समयदेखि क्लबले पनि आफ्नो ८ र २४ नम्बरको जर्सी अन्य खेलाडीलाई लगाउन दिएका छैनन्।

## न्यु डायमन्ड र एपीएफ सेमिफाइनलमा

पर्वत, (नेस)। पर्वतको कुस्माबजारमा मंगलबारदेखि शुरू भएको दोस्रो सावित्री कञ्चनजंघा दिदीबहिनी कप राष्ट्रिय महिला भलिबल प्रतियोगिताअन्तर्गत शिवम् न्यु डायमन्ड एकेडेमी र एपीएफ क्लब सेमिफाइनलमा प्रवेश गरेका छन्।

लिग चरणमा दुवै टोलीले दोहोरो जित निकालेर आ-आफ्ना समूहमा विजेता बन्दै अन्तिम चारमा स्थान बनाएका हुन्। बडगाउँस्थित सशस्त्र प्रहरी बलको कोर्टमा भएको उद्घाटन खेलमा न्यु डायमन्डले नेपाल आर्मीमाथि ३-० को सहज जित निकाल्यो। समूह 'ए'कै दोस्रो खेलमा पनि न्यु डायमन्डले पश्चिमाञ्चललाई ३-० कै सोझो सेटमा स्तब्ध बनायो।

प्रतियोगितामा समूह 'बी'को खेलमा एपीएफले नेपाल पुलिसलाई ३-१ को सेटमा हरायो। दोस्रो खेलमा एपीएफले आयोजक दिदीबहिनीलाई ३-० कै सोझो सेटमा पराजित गर्‍यो। प्रतियोगिताका विजेताले १ लाख, उपविजेताले ६० हजार र तेस्रो हुनेले ४० हजार नगदसहित ट्रफी, मेडल प्राप्त गर्नेछन्।

## धरहरा

# बैठकको एजेन्डा? बर्थ डे!



'बालुवाटार' भन्नेबित्तिकै जो कोहीको मानसपटलमा मुलुकका प्रधानमन्त्री र उनको सरकारी निवास स्मरण हुन्छ। सो निवास छिर्ने सौभाग्य नपाए पनि धेरैलाई सो ठाउँ मुखाग्र छ। सञ्चारमाध्यमले हरेक दिनजसो सो ठाउँको नाम दोहोर्‍याउने गरेपछि बिर्सिने कुरा पनि भएन।

पार्टीको बैठक, अनेकथरि भेटघाट र अन्य धेरै काम कारबाही त्यहीँबाट हुने भएपछि बालुवाटार मुलुकको 'हट स्पट' भएको छ। अहिले त बर्थडे पनि त्यहीँबाट मनाउने थालिएको छ। केही साताअघि प्रधानमन्त्री ओलीले त्यही केक काटेर आफ्नो बर्थ डे मनाएका थिए। हिजो मंगलबार फेरि आफ्नै पार्टीका वरिष्ठ नेता नेपालको बर्थ डे निकै तामझामका साथ मनाएको देखियो।

धरहराको दूरविन त्यता सोझ्याउँदा त ओली र नेपाल धमाधम केक पो काटिरहेका रहेछन्। पार्टी स्थायी कमिटीको बैठकअघि यी वरिष्ठद्वय त केटाकेटीले झैं एक आपसमा केक पो खुवाउन थाले त। अर्का वरिष्ठ नेता खनाल पनि के कम, उनले पनि नेपाललाई फूलको बुके दिँदै 'ह्याप्पी बर्थ डे कम्रेड' भन्न भ्याए। अन्य नेताले पनि कम्रेडलाई आलोपालो 'बर्थ डे विस' गर्दै केक खाएपछि मात्रै बैठक शुरू भयो।

बालुवाटारमा शुरू भएको खुसीयाली बाँड्ने यस्तो कल्चर जनताको घर दैलोमा चाहिँ कहिले शुरू हुने हो भन्ने धरहरालाई लाग्या छ। कि जनताले चाहिँ त्यस्तो समाचार सुनेर हेरेर नै सधैं चित्त बुझाउनुपर्ने हो? यो विषय छिट्टै स्थायी कमिटीको एजेन्डा पो बन्ने हो कि?

# युनाइटेडको संघर्षपूर्ण जित

लन्डन, (एजेन्सी)

दुई गोलले पछि परेको नतिजालाई उल्टयाउँदै म्यानचेस्टर युनाइटेडले इंग्लिस प्रिमियर लिगमा संघर्षपूर्ण जित हासिल गरेको छ।

सोमबार भएको म्याचमा क्रिस्टल प्यालेससँग खेलको ४८ मिनेटभित्र २-० ले पछि परेको स्थितिलाई उल्टयाउँदै युनाइटेडले जित आत्मसात गरेको हो।

क्रिस्टल प्यालेसका एन्ड्रोस टाउनसेन्डले खेलको ११औं मिनेटमा गोल गर्दै प्यालेसलाई पहिलो हाफसम्म एक गोलले अघि पारेका थिए।

यस्तै खेलको ४८औं मिनेटमा पेट्रिक भान आनहोल्टले गोल गरेपछि प्यालेसको अग्रता दोब्बर बनेको थियो। यता खेलको ५५औं मिनेटमा डिफेन्डर क्रिस स्मलिङले एन्टोनियो भ्यालेन्सियाको क्रसमा हेडमार्फत गोल गर्दै युनाइटेडका लागि पहिलो गोल फर्काएका थिए। यसैगरी खेलको ७६औं मिनेटमा रोमेलु लुकाकुले गोल गर्दै युनाइटेडलाई २-२ को स्थितिमा ल्याएका थिए। युनाइटेड त्यतिमा रोकिएन। इन्जुरी समयको पहिलो मिनेटमा म्याटिचले गोल गर्दै युनाइटेडको जित सुनिश्चित पारे।

जितपछि युनाइटेड पुनः अंक तालिकाको दोस्रो स्थानमा उक्लेको छ। २९ खेलबाट ७८ अंकसहित म्यानचेस्टर सिटी शीर्षस्थानमा अडिग रहेको छ। यस्तै समान खेलबाट युनाइटेडको ६२ र तेस्रो स्थानको लिभरपुलको ६० अंक छ। २७ अंक मात्र रहेको प्यालेस रेलिगेसन क्षेत्रमा छ।




म्याटिच विजयी गोल गरेपछि खुसी मनाउँदै।

# टाइब्रेकरमा जित्दै मनाङ सेमिफाइनलमा

भद्रपुर, (नेस)

मनाङ मर्स्याङ्दी क्लब तेस्रो रमपम झापा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ।

मनाङले टाइब्रेकरमा सहारा क्लब पोखरालाई ४-३ गोलअन्तरले पराजित गर्दै अन्तिम चारमा पुगेको हो। राष्ट्रिय खेलाडीले भरिएको मनाङले जितका लागि टाइब्रेकरको सहयोग लिनुपरेको थियो। टाइब्रेकरमा सहारा पोखराका भीषण गुरुङको प्रहार बाहिरिएको थियो भने टिम कप्तानसमेत रहेका मानबहादुर तामाङको प्रहार मनाङका गोलरक्षक दिनेश थापामगरले बचाएका थिए। मनाङका तर्फबाट सुजल श्रेष्ठ, विमल बस्नेत, अन्जन विष्ट, डोना थापाको प्रहारले जाली चुमेको थियो। पोखराका विजय श्रेष्ठ, रन्दिप पौडेल र विशव अधिकारीले मात्र गोल गर्न सकेका थिए।

खेल अवधिभर मनाङले बललाई आफ्नो पकडमा राख्न सफल भए पनि गोल गर्ने अवसर भने खेर फ्यालेको थियो। खेलको २२ औं मिनेटमा मनाङका लागि विदेशी खेलाडी भिक्टोरले डि एरियाभित्र पाएको बललाई पोस्टको दिशा दिन सकेनन्। ३४औं मिनेटमा मनाङका लागि झापाली खेलाडी विशाल राइले गरेको फ्रि किक पोस्ट बार नजिकैबाट बाहिरिएको थियो। ४९औं मिनेटमा मनाङका अञ्जन विष्टको कडा प्रहार सहारा क्लब पोखराका गोलकिपर बाबु मगरले पञ्च गरेर फर्काइदिएका थिए।

खेलको ५६औं मिनेटमा सहारा पोखराका डिफेन्डर बिट भइसकेको अवस्थामा मनाङका विदेशी खेलाडी भिक्टोरले गरेको प्रहार पोस्टमाथिबाट बाहिरिएको थियो। ८५औं मिनेटमा अञ्जन विष्टको हेड बाहिरिएपछि जितका लागि मनाङले टाइब्रेकरमा पर्खिनुपरेको थियो।

बुधबारको पहिलो क्वार्टरफाइनल खेल आयोजक रमपम झापा ११ र सिक्किम युनाइटेडबीच हुने आयोजक समितिले जनाएको छ।

# दिलिप स्मृति तेक्वान्दो शुक्रबारदेखि

काठमाडौं, (नेस)

दिलिप स्मृति प्रतिष्ठान र ब्वाइज युनियन तेक्वान्दो डोजाङको संयुक्त आयोजनामा दोस्रो दिलिप स्मृति उपत्यकाव्यापी तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ।

प्रतियोगितामा विभिन्न १५ डोजाङका २ सय ७० खेलाडीको सहभागिता रहने आयोजकमध्येको एक प्रतिष्ठानका अध्यक्ष राजेन्द्र खत्रीले जनाएका छन्। सिनियर र जुनियरमा गरी जम्मा १८ स्पर्धामा प्रतिस्पर्धा हुनेछ। सिनियरको पुरुषमा ३ र महिला १ तथा जुनियरको पुरुषमा १० र महिलामा ४ स्पर्धामा भिडन्त हुनेछ।

दुईदिने प्रतियोगिता सञ्चालन गर्न करिब २ लाख रुपियाँ खर्च हुने आयोजकले जनाएको छ। खेलहरू त्रिपुरेश्वरस्थित ब्वाइज युनियनको हाताामा हुनेछ। तेक्वान्दो खेलाडी स्व. दिलिप खत्रीको स्मृतिमा गत वर्षदेखि प्रतियोगिता आयोजना गरिएको हो।



दिलिपको ३ वर्षअघि १२ वर्षको उमेरमा निधन भएको थियो।





साधनाको नयाँ अकंका आकर्षणहरु

**जौको सेवन दीर्घ जीवन**

जौमा पाइने बिटा ग्लुक्यान घुलनशील फाइबरले रगतमा ग्लुकोज शोषण कम गर्दछ, जसले गर्दा रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मद्दत पुग्छ। साथै सेलेनियम तत्वले चाँडो बुढ्यौली हुनबाट बचाउँछ। त्यसैले जौ पूजाका लागि मात्र नभएर खानका लागि पनि उत्तिकै फाइदाजनक छ। पोषण विज्ञको महत्वपूर्ण लेख।

**विवाहअघि नै गर्भ बोक्दै फाल्दै**

एकपटक होइन, स्कुल/कलेज पढ्ने १४ वर्षदेखि १८ वर्षसम्म उमेरका छात्राहरूले पटक-पटक गर्भपतन गराउने औषधि किनेर सेवन गरी आफूखुशी गर्भपतन गराउने गरेको पाइन्छ। विकराल बन्दै गएको यो समस्या न्यूनीकरण गर्न अभिभावकले आफ्ना छोराछोरीको निगरानी बढाउनै पर्छ। उपयोगी रिपोर्टिङ।

**पिसाब चुहाउँदै कतिन्जेल गन्हाएर बस्ने ?**

नेपालका कतिपय महिला पिसाब चुहिरहने समस्याले ग्रस्त छन्। लुगा भिजेर गन्हाउने हुँदा उनीहरु समाजमा घृणित हुन पुग्छन्। चेतनाको कमीले कतिपयको त जीवन नै पिसाबमा डुबेर व्यतीत हुने गरेको छ। तर अब यस्तो नारकीय जीवन बिताउनुपर्दैन, उपचार गरेर स्वस्थ हुन सकिन्छ। जानकारीमूलक रिपोर्ट।

**कन्डम नै किन रोज्ने ?**

कन्डमको प्रयोगले एकातिर गर्भ नरहने र अर्कोतिर यौनरोग सर्नबाट बचाउने हुन्छ। अझ महत्वपूर्ण कुरा त बाँझोपन होला कि भन्ने त्रास हुँदैन र यो भरपर्दो पनि छ। सरकारले समेत निःशुल्करूपमा उच्च गुणस्तरका कन्डम उपलब्ध गराउँदै आएकाले कन्डम नै किन नरोज्ने त ? किशोरकिशोरी र नवजोडीले पढ्नै पर्ने रिपोर्टिङ।

**आन्द्राको अल्छीपना : पेट दुखाइ मात्र हैन, ज्यानकै खतरा**

विनापरीक्षण र चिकित्सकको सल्लाहविना नै आफुखुशी औषधि किनेर खाने गर्नुभएको छ भने होस गर्नुस्। आन्द्राको अल्छीपना भई पेट दुख्ने मात्र होइन, वायु नै रोकिई पेट फुल्न सक्छ। समयमा उपचार नभए ज्यनकै खतरा हुन्छ। जानकारीमूलक रिपोर्टिङ।

**शिक्षित र शहरियाहरु नै धामीझाँक्रीको शरणमा**

सरकारी अस्पतालमा उपचार पाउनै गाह्रो, निजी अस्पतालको खर्च बेहोर्नै नसकिने। त्यसैले विपन्न परिवारको लागि उपचारको विकल्प धामीझाँक्री हुन पुगेको छ। तर शहरिया र शिक्षित परिवार नै धामीझाँक्रीको विश्वास गरी झारफुक गर्न दौडन्छन् भने अब धामीझाँक्रीलाई विश्वास गर्ने कि नगर्ने ? उपयोगी रिपोर्टिङ।

**जीवन्त ब्लड बैंक : शरीरमै रगत भण्डारण**

अन्य ब्लड बैंकमा जस्तो जीवन्त ब्लड बैंकमा मानिसबाट रगत निकालेर लामो समय प्याकेटमा राखिरहने होइन, चाहिएको समयमा व्यक्ति नै आएर रगत दिने हुन्छ। त्यसैले यस किसिमको ब्लड बैंकबाट बढी फाइदा लिन सकन्छ। पूर्व प्रयोगशाला प्राविधिक अधिकृतको उपयोगी लेख।

- रोग र दु:ख मुक्तिका लागि बुद्ध मेडिसिन
- हनिमुनको रमाइलोमा मूत्रथैलीको संक्रमण
- महात्माले दिएको भष्मले प्यारालाइसिस चट्टै
- मानसिक स्वास्थ्यमा योग
- महिना नै नपुगी सुत्केरी व्यथा
- स्किन मुलायम र ताजा राख्ने उपाय

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरु।


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ